www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १६ | पूर्णाङ्क ५१ | असोज २०७५

विषेश अङ्क

नीतिगत व्यवस्था : उठान र अवतरण

स्रोतमा महिला सङ्घर्ष र उपलब्धि

आत्मनिर्भरताको मार्ग : दीगो पनाको आधार

मोहियानी हक : सङ्घर्षको मीठो फल

अन्तर्राष्ट्रिय सम्बन्ध : फैलने अवसर

अभियान : आवश्यकताले उब्जाएको अवसर



## भूमि अधिकारका लागि नागरिक अभियान

## भूमि आन्दोलनको जिउँदो साक्षी

# भूमि अधिकार


वर्ष १६ | पूर्णाङ्क ५१ | असोज २०७५

भूमि आन्दोलनको जिउँदो साक्षी...५
नीतिगत व्यवस्था : उठान र अवतरण...७
नेपालमा गरिबी, जीवनस्तर र भूमि सुधार...८
भूमि सुधार : नगरी नहुने केही काम...१३
मधेसमा भूमि सुधार र आर्थिक रूपान्तरण...१५
खाद्य सङ्कट र सुधारवादी हस्तक्षेपमा प्रश्न...१७
स्रोतमा महिला : सङ्घर्ष र उपलब्धि...१९
भूमिमा महिला अधिकार : केही मुद्दा...२१
महिला हिंसाविरूद्धको १६ दिने अभियान र संयुक्त पुर्जा...२३
भूमिहीन किसान महिला आन्दोलनको सन्देश...२४
भूमि सिकाइ केन्द्र र हिंसापीडित गाउँले महिला...२५
आत्मनिर्भरताको मार्ग : दिगोपनाको आधार...२७
अभियानका लागि अगुवा र कोष...२८
आन्दोलन कोष र उपयोगिता...२९
सहकारी अभियान...३१
मोहियानी हक : सङ्घर्षको मीठो फल...३२
जोताहा मोही किसानसँगको एक घण्टा...३४
बेदर्ता मोहीको पक्षमा...३६
न्यायको पर्खाइमा बेदर्तावाल मोहीहरू...३८
मोही हक पाएपछि बन्यो संयुक्त पुर्जा...३९
अन्तर्राष्ट्रिय सम्बन्ध : फैलने अवसर...४०
महाशक्ति बन्ने नाममा दबाइएको आवाज...४२
नयाँ संविधानमा भूमि सुधार र केही अन्तर्राष्ट्रिय अभ्यास...४८
बोधगया किसान आन्दोलन...५१
अभियान : आवश्यकताले उब्जाएको अवसर...५३
भूमि अधिकार आन्दोलन, ज्ञानसहितको परिचालन...५४
संवैधानिक बहसमा भूमि सुधार...५५
भूमि अधिकारका लागि नागरिक अभियान...५७
भूमि अधिकार बुलेटिनको अङ्क १ देखि ५० सम्म
छापिएका मुख्य मुख्य विचारप्रधान सामग्री...५८










प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

CSRC
आत्मनिर्भर केन्द्र

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर :** बर्दियामा भएको सामुदायिक छलफल ।

# विशेष अङ्क किन ?



सिन्धुपाल्चोकको किउलबाट सुरु भएको भूमि अधिकार प्राप्तिको आन्दोलन पीपलको रुखझैं फैलियो। समयक्रमसँगै यसमा ओतिन धेरै आए। झ्याङ्गिने र छहारी प्रदान गर्ने दुवै क्रम जारी रह्यो। पीडाको रापबाट तातेकालाई शीतलता प्रदान गर्ने कुरा बेठीक थिएन। त्यसैले सहयोगीहरूका हात फिँजारिए। जसले लाभग्राहीको सङ्ख्या पनि बढायो।

शीतलता महसुस गर्ने धेरै भए। प्रचार बढ्दो गतिमा कुद्यो। धेरैको ध्यानाकर्षण भयो। सबैका कान ठाडा हुन थालेपछि पारदर्शिता खट्क्यो। कामका विवरण पोख्ने ठाउँको अभाव महसुस हुन थाल्यो। आलोचना र खुसीका भावना व्यक्त गर्ने चौतारी भेट्न मुस्किल पऱ्यो। उस्तैखाले समस्याबीच जुधिरहेकाको सङ्गम खोजी भयो। जसले यी सबै समस्याको समाधान गर्ने एकमात्र उपायका रूपमा 'भूमि अधिकार बुलेटिन' ठम्यायो।

बुलेटिन नियमितरूपमा निस्किरह्यो। लेख्नेले लेखिरहे। छाप्नेले छापिरहे। पढ्नेले पढिरहे। १ हैन, २ हैन, ३ हैन, ४ हैन....५० अङ्कसम्म यही क्रम चलिरह्यो। यसबीचमा स्याबासी दिनेहरू धेरै निस्के। सँगै धेरैले ओठ लेब्र्याउने वातावरण पनि बन्यो- के लछाऱ्यो त यो बुलेटिन यति धेरै निस्केर ? के छाप्यौ तिमेरले ?

के साँच्चै केही मानिसले प्रश्न गरेजस्तै हो त बुलेटिनको ताल ? प्रकाशकलाई पनि सोच्न बाध्य बनायो। अनि लागियो सबै अङ्क पल्टाउन। त्यहाँ छापिएका सामग्रीले कतै नीतिगत विषयमा वकालत गरेका रहेछन्, कुनै विषयले स्रोतमा महिला अधिकारको पैरवी गरेछन्, कुनै लेखले अन्तर्राष्ट्रिय सम्बन्धको महत्व उजागर गरेछन्, अनि कुनै रचनाले मोहियानी हकबारे बोलेछन्। अनि कुनैले आत्मनिर्भर हुनुको महत्व बोध गराएछन् भने कुनैले चाहिँ अभियान सशक्त हुनुपर्नाको कारण खोतलखातल गरेछन्।

लाग्यो- यसबाट भयो के त ? फेरि तिनै बुलेटिनका केस्रा केस्रा खोतलियो केही दिन। केही राम्रा नीतिगत कुरा सरकारीतवरबाट आएछन्। धेरै महिलाले संयुक्त पुर्जा बनाएछन्। केही विख्यात अन्तर्राष्ट्रिय संस्थासँग मितेरी गाँसिएछ। धेरै मानिसले मोहियानी हक पाएछन्। कतिपय उद्यमी भएर निस्केछन्। अनि कतिपयचाहिँ आफ्नै सङ्गठन निर्माणमा डटेर लागेछन्। गफ हैन, तथ्याङ्कहरू देख्ने र सुन्ने साक्षीका रूपमा प्रकट भएछन्। यी उपलब्धिको शतप्रतिशत हकदार हामी आफैं भएको दाबी छैन तर यसको मुख्य हिस्सेदार हौं भन्नचाहिँ कुनै हिच्किचाहट छैन।

शल्यक्रिया गर्ने क्रममा बुलेटिनका ५० वटा अङ्कमा छापिएका ३६७ वटा गहकिला विचारप्रदान लेखलाई ६ वटा सवालमा वर्गीकरण गरियो। कसैले पत्यार नगर्ला कि भन्ने डर पनि कता-कता उठ्यो। त्यसैले प्रत्येक सवालअन्तर्गत छानिएका केही लेखलाई प्रमाणका रूपमा साभार गर्ने निर्णय पनि भयो। जसले तत्कालीन समयमा बुलेटिनले लेखमार्फत उठाएका सवाल र वर्तमानमा देखिएको नतिजाबीच सेतुको काम गर्ला भन्ने अपेक्षा चुल्यायो।

समग्रमा भन्नुपर्दा भूमि अधिकार प्राप्तिको क्षेत्रमा कार्यरत एउटा संस्थाले निकै मेहनतसाथ निकालिरहेको बुलेटिनले आधा सय अङ्क पार गर्दा आफ्नो उद्देश्य प्राप्तिमा निर्वाह गर्न सक्ने भूमिका प्रष्ट्याउनु नै यो विशेष अङ्को उद्देश्य रह्यो। यही शल्यक्रियाका आधारमा आगामी दिनमा संशोधन/परिमार्जन गर्दै अघि बढ्ने प्रतिबद्धता त हिजोजस्तै आज पनि कायम छँदैछ।

**गोपाल थापा मगर**
अध्यक्ष
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र



जगत देउजा

# भूमि आन्दोलनको जिउँदो साक्षी

पत्रिका सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सुरुमै अर्थात सिन्धुपाल्चोकको किउल र हेलम्बुमा काम गर्दाताका नै निकाल्थ्यो । तर हस्तलिखित । न्वारान पनि गरिएको थियो- अन्तर्क्रिया । फोटोकपी पेपरको चारैतिर मार्जिन छाडेर कालो पाइलट पेनले लेखिन्थ्यो । अनि फोटोकपी गरेपछि त्यसैलाई पत्रिकाका रूपमा विकसित गर्थ्यौं । कृष्ण थापा र म मिलेर तयार गर्ने यस्तो नमुना पत्रिका ८ पेजको हुन्थ्यो । संस्थाले गरेका गतिविधिमात्र छापिने यस्ता पत्रिका कार्यक्षेत्र तथा मूल सरोकारवालासमक्ष पुऱ्याइन्थ्यो । एउटा पत्रिकाको आयु तीन महिने हुन्थ्यो । यसरी पूरा गरिएको थियो आफ्ना खबर सरोकारवालासमक्ष पुऱ्याउने धोको ।

२०५७ सालमा माओवादीले संस्थाको कार्यालयमा आक्रमण गऱ्यो । जसले हामीलाई गुँड भत्किएको चराको अवस्थामा पुऱ्यायो । कार्यालय झोलामा सीमित भयो तर पनि संस्थाका गतिविधि भने भइ नै रहे, चाहे आकार र परिमाण थोरै नै किन नहोस् । यसैबीचमा संस्थाले सिन्धुपाल्चोकबाहेक महोत्तरी र सप्तरीमा सम्पर्क बढायो । सानातिना बैठक, भूमिसम्बन्धी समस्या अध्ययन, तालिम जस्ता गतिविधि भइरहे । यस्ता गतिविधि र भूमि सवालबारे हस्तलिखित पत्रिकाबाटै भए पनि जानकारी दिइरहेका हामीलाई त्यसकै झझल्कोले सताइरह्यो । अर्थात सकसक लागिरह्यो । अनि पुनः आट्यौं कि जे पर्ला पर्ला, पत्रिका त निकाल्नै पऱ्यो । कुरा थियो- १५ वर्षअघिको अर्थात सन् २००३, फेब्रुअरीको ।

भगवानले भन्छन् रे- तँ आँट म पुऱ्याउँछु । हाम्रो सन्दर्भमा यो भनाइ ठ्याक्कै मिल्न पुग्यो । यही बेलादेखि ३-३ महिनाको लक्ष्य राखेर निकाल्न थालेको भूमि अधिकार पत्रिका यतिबेला बाल्य र किशोर अवस्था पार गर्दै ठ्याक्कै युवावस्थाको पूर्वसन्ध्यामा आइपुगेको छ । युवावस्थामा प्रवेश र ५० औं अङ्कको यो आरोह/अवरोहले यसको गर्भाधान, प्रसव पीडा, जन्म हुँदै आजसम्मको समीक्षा सान्दर्भिक तुल्याएको हो ।

इतिहास लेखन आफैँमा अप्ठेरो विषय हो । भूमि अधिकार पत्रिकाको नामाकरण, यसको आकारप्रकार र त्यतिबेलाको परिवेश अङ्कित गर्न चाहेर पनि सकिएन । कारण- सम्झना भएन । लाग्छ- यसलाई वार्षिक योजनामा राखियो र प्रकाशन थालियो । सुरुकै अङ्कदेखि महेश्वर फुयाँलले डिजाइन गर्नुभयो । उहाँ अमेरिकामा बसोबास गर्न थालेपछि विक्रम मजुम्दारले गरिरहनुभएको छ । बानेश्वरमा रहेको काठमाडौँ सोलुसन नामक विज्ञापन एजेन्सीको अड्डामा यसको डिजाइन गर्नुहुन्थ्यो महेश्वरले । यस क्रममा दिउँसो काम नभ्याए त्यहाँको सिपियु नै बोकेर आत्मनिर्भर केन्द्रको अफिसमा ल्याइ रातभर काम गरेका थुप्रै अनुभव ताजै छन् । आत्मनिर्भर केन्द्रको कार्यालय सामाखुसीमा थियो । उक्त घरको मूल गेटको साँचो घरबेटीसँग हुन्थ्यो । त्यसैले जतिखेर भन्यो त्यतिखेर ढोका खोल्नु हाम्रो पहुँचमा थिएन । केही अबेर भए पनि घण्टी लगाएर गेट खुल्दा के के न जितेको अनुभव धेरै छन् । त्यसैले त्यतिबेला राति कार्यालयमा बसेर काम गर्नु पनि दुःखी जीवनकै एउटै भाग थियो ।

पत्रिकाको सम्पादन सुरुदेखि नै पत्रकार रघुनाथ लामिछानेले गर्नुभएको हो । २०५७ साल कात्तिक १७ गते सिन्धुपाल्चोकको चौतारामा आयोजित मोही ऱ्याली तथा सभामा भेटिनुभएका उहाँ त्यसयता लगातार भूमि आन्दोलनको एउटा मूल पात्रका रूपमा क्रियाशील हुनुहन्छ । पत्रिकामात्र हैन, आत्मनिर्भर केन्द्रको प्रायः सबै नेपाली प्रकाशनको सम्पादन गरेर संस्था र भूमि अधिकार आन्दोलनलाई ठूलो गुन लगाउनुभएको छ । भूमि आन्दोलनसँग जोडिएका सवाल सार्वजनिकीकरणका लागि उहाँले अविरल पुऱ्याउनुभएको योगदान स्तुत्य छ ।

पत्रिकामा हामीले संरक्षक, सल्लाहकार, सम्पादक, सम्पादकमण्डल जस्ता विशुद्ध प्राविधिक पक्ष समेटेका छैनौं । पहिलो कुरा त यसलाई भूमि अधिकार आन्दोलनको मुखपत्रका रूपमा साझा प्रयास ठानेका छौं । दोस्रो, हामीलाई काममा विश्वास छ न कि कर्मकाण्डी पारा अपनाउँदैमा गन्तव्य पुगिन्छ भन्ने ।

यो सामग्री तयार पार्ने क्रममा सुरुका केही अङ्क पढेँ । त्यो पनि मिहिन ढङ्गले । निकै भावुक भएँ । कारण- मोही, भूमिहीनता, अव्यवस्थित बसोबास र गुठीको विषयमा हामीले जे कुरा पहिलो अङ्कमा उठाएका थियौं, विडम्बना भन्नुपर्छ, हामी आज पनि त्यही विषयमा आन्दोलन गर्न बाध्य छौं । माग तिनै छन् । अझ कतिपय विषय त उल्टै जटिल पो बनेका छन् । हामी कहाँ अलमलियौं ? भन्ने लाग्यो ।

हरेक सिक्काका दुईपाटा हुन्छन् । केही नभएकै हो त यसबीचमा ? निकैबेर घोत्लेपछि अर्को पाटो आयो सामुन्नेमा । आवास र भूमि अधिकारको विषयमा जुन हिसावले भुइँ तहका नागरिकमा सचेतना आएको छ, अगुवा तयार भएका छन्, आवाज घन्काउने आन्दोलन छ, नयाँ नीति निर्माण र त्यसको परिवेश छ, हामीले चाहे जति नै नभए पनि तथ्याङ्कहरूले प्रगतिको ग्राफ केही माथि उठाएका छन्- यसले भने दिक्क मुहारमा खुसीको चमक पनि प्रदान गऱ्यो थोरै । थोरै यस अर्थमा कि गन्तव्य अझै टाढा छ, भूमि अधिकारबाट वञ्चितका मुहारसम्म यस्तो चमक पुऱ्याउने मार्गमा धेरै खाल्डाखुल्डी छन्, जसलाई पुरपार गर्न सहज छैन । भूमि अधिकार पत्रिका यी सबै अवस्थाको देखिजान्ने साक्षीका रूपमा जगजाहेर छ ।

सोच्ने गरिन्छ- पत्रिका पढ्न र लेख्न जान्नेका लागिमात्र हो । तर यो सोचाइलाई भूमि अधिकार पत्रिकाले क्रमभङ्ग गरिदिएको छ । पढ्न र लेख्न नसक्नेहरूका आवाज यस पत्रिकामा सबैभन्दा बढी छापिएका छन्- कुराकानीका आधारमा । अनि नकारात्मकतालाई प्राथमिकता दिने मूलधारे पत्रिकाभन्दा पृथक यसले असाध्यै कष्ट जीवन जिएर पनि मुक्तिका लागि भूमि अधिकार आन्दोलनमा लागेकाहरूको समाज र रूपान्तरणप्रतिको विचारलाई पर्याप्त स्थान दिएको छ । उनीहरूका खुसी छताछुल्ल पार्न सघाएको छ । अरूमा उत्प्रेरणा भर्न उत्तोलकको भूमिकामा प्रस्तुत भएको छ । यसरी समग्रमा यो पत्रिका सीमान्त नागरिकको आवाज उजागर गर्ने माध्यम बनेको छ । यो हाम्रो हैन, यसमा प्रकाशित सामग्रीहरूले गरेका दाबी हुन् ।

भूमि अधिकार पत्रिका भूमिको सवालबाहेक यससँग अभिन्न साइनो राख्ने सङ्गठन, सामाजिक आन्दोलन, गरिबी निवारण र न्यायको पनि सशक्त आवाज हो । यो पत्रिका सुरुमा ५ सय छापिन्थ्यो । अहिले २ हजार छापिन्छ । र, भूमि अधिकार मञ्चका सबै निकायमा पुग्छ । यो पत्रिका केही गरी पुग्न ढिलाइ भयो भने फोन आउन थाल्छन्- किन आएन ? भूमि अधिकार आन्दोलनका लागि सदस्यमा सचेतना, गतिविधि र सिकाइ आदान-प्रदान अनि आन्दोलनका विषयमा सरोकारवालालाई धारणा बनाउन पनि यो पत्रिकाले मद्दत गरेको बताउन पाउँदा ठीकै काम गरिएछ भन्न मन लाग्छ । त्यसैले लाग्छ- पत्रिकाका यी ५० अङ्कका अक्षर अक्षर केलाउने हो भने भूमि अधिकार आन्दोलनका लागि गतिलो पाठ तयार हुनेछ ।

विगतका अङ्क नियाल्दा भूमि अधिकारका लागि स-साना ठानिएका विषयलाई पनि पत्रिकाले गहिरोसँग उठाएको देखिन्छ । पछिल्लो अवस्थामा भने भुइँ तहका विषयले कम ठाउँ पाएको महसुस हुन्छ । पहिलो अङ्कमै सित्तैमा जोत्नुपर्ने 'जिरायत' प्रथाले ठाउँ पाएको छ । भूमाफियाबाट आफू बसिरहेको जमिन बेचिन लागेपछि उठिवासमा पर्न लागेका बर्दिवासका भूमिहीन र मुसहर गुहारका लागि राजधानी आइपुगेको विषय समेटिएको छ । यस्ता विषयले यो पत्रिकाले सुरुदेखि नै पछ्याएको मार्ग सही छ भन्ने प्रमाणित गर्छ । साथै यतिबेला विभिन्न कारणले यस आन्दोलनमा क्रियाशील नरहेका पात्रहरूबारे पनि पत्रिकाले सम्झाउँछ ।

**भूमि अधिकार आन्दोलनका लागि सदस्यमा सचेतना, गतिविधि र सिकाइ आदान-प्रदान अनि आन्दोलनका विषयमा सरोकारवालालाई धारणा बनाउन पनि यो पत्रिकाले मद्दत गरेको बताउन पाउँदा ठीकै काम गरिएछ भन्न मन लाग्छ ।**

दुःखसाथ भन्नुपर्छ, दोस्रो अङ्कमा हामीले जगन्नाथ आचार्यका विषयमा श्रद्धासुमन लेख्नुपरेको थियो । संयोगले उहाँलाई हामीले भूमि ब्याङ्कको विरोधमा गरिएको कार्यक्रममा बोल्न बोलाएका थियौँ केही पहिले र पछि उहाँकै विषयमा हामीले किताब पनि निकाल्यौँ एउटा । त्यसैले यो पत्रिका विभिन्न वाद र विचारभन्दा पनि भूमि अधिकारको विषयलाई केन्द्रमा राखेर अघि बढिरह्यो भन्ने देखिन्छ जसले भूमि अधिकार र सामाजिक आन्दोलनका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास र सिकाइमात्र हैन, एक जिल्लाबाट अर्को जिल्ला अनि एक समुदायबाट अर्को समुदाय तथा एउटा भूमि अधिकारबाट वञ्चित र अर्कोलाई जोड्ने साँघुको पनि काम गरेको छ । दुःख र सुख व्यक्त गर्ने चौतारी पनि बनेको छ ।

आगामी अङ्कदेखि यसलाई उही आकार तर नयाँ ढाँचा र सामग्रीसहित प्रकाशन गर्ने सोच बनाएका छौँ । जति समय संस्था रहन्छ यो पत्रिकाले निरन्तरता र जीवन्तता पाइरहनुपर्छ भन्ने शुभकामना छ । यसका लागि सहयोगीहरूको माया सधैँझैँ अपेक्षित छ नै । ✿

## ५० अङ्कसम्म

### छानिएका ६ मुख्य सवाल र यस अन्तर्गत छापिएका लेख/विचारको सङ्ख्या

| सवाल | सङ्ख्या |
|---|---|
| नीतिगत व्यवस्था | १०० |
| स्रोतमा महिला | १७ |
| आत्मनिर्भरताको माग | ६ |
| मोहियानी हक | ११ |
| अन्तर्राष्ट्रिय सम्बन्ध | २६ |
| अभियान | २०७ |

### सबैभन्दा बढी लेख्ने ५ लेखक

| लेखकको नाम | लेखको संख्या |
|---|---|
| जगत देउजा | २७ |
| जगत बस्नेत | १४ |
| रघुनाथ लामिछाने | १३ |
| कल्पना काकी | ८ |
| नरिराम लोहार | ७ |

| शीर्षक | संख्या |
|---|---|
| ५० अङ्कमा छापिएका महत्वपूर्ण लेख/विचारको सङ्ख्या | ३६७ |
| सबैभन्दा बढी लेख प्रकाशित भएका अङ्क | १४, ३२ र ३५ |
| सबैभन्दा कम लेख प्रकाशित अङ्क | ८ र १० |

### लेख/विचारबाहेक बुलेटिनमा समेटिएका अन्य विषयवस्तु

सम्पादकीय, गतिविधि, पत्रिकाबाट साभार, जनआवाज, पुस्तक समीक्षा, पाठकपत्र, अधिकारकर्मीको डायरी, सूचना/जानकारी, सफलताको कथा, घटना अध्ययन, किसान नेताका परिचय, मन्तव्य, सम्झौता, घोषणापत्र, चुनावका उमेदवारलाई सोध्ने प्रश्न, पोस्टर, तस्बिर, अन्तर्वार्ता ।

# नीतिगत व्यवस्था : उठान र अवतरण




## परिचय

नीति त्यस्तो नियम हो जसलाई सुव्यवस्थित लोक व्यवहार सञ्चालनका लागि अपनाइने गरिन्छ। खासगरी विभिन्न जाति, वर्ण, धर्म आदि सम्प्रदायका प्रवर्तकले यस्तो नियम निर्धारण गर्छन्। यस अर्थमा कुनै सरकारले आफ्नो कार्य सञ्चालन गर्ने क्रममा निर्धारण गरेको आधारभूत सिद्धान्त पनि हो नीति। जसअन्तर्गत उसले आफ्ना सम्पूर्ण क्रियाकलाप सम्पादन गर्छ।

त्यसैले नेपालमा विद्यमान भूमि समस्या समाधानका लागि पनि नीतिगत व्यवस्थाको महत्वपूर्ण भूमिका छ। यही महत्वलाई आत्मसात गर्दै भूमि अधिकार बुलेटिनले यो समस्या सम्बोधनका लागि सरकारले अपनाउनुपर्ने नीति कस्तो हुनुपर्छ भन्नेबारे वकालत गर्दै आएको छ। यसरी वकालत गर्ने क्रममा विज्ञहरूबाट लेखाइएको छ भने विभिन्न सञ्चार माध्यममा आएका सामग्रीलाई पनि ध्यानाकर्षणका लागि साभार गरिएको छ। त्यसबाहेक मन्त्री, नेता, विषय विज्ञ आदिले विभिन्न कार्यक्रममा राखेका मन्तव्यलाई समेत लेखका रूपमा उतारेर प्रस्तुत गरिएको छ।

कतिपय सम्मेलन, बैठक आदिले पारित गरेका नीतिलाई पनि यस बुलेटिनमार्फत वा ज्ञापनपत्रका रूपमा प्रदान गरेर सम्बन्धित निकायको ध्यानाकर्षण गराउने काम भएको छ। आन्दोलनको मागका रूपमा समेत प्रस्तुत गरिएका यस्ता प्रस्तावित नीतिले सरकारको ध्यान खिच्न सकेको विभिन्न ऐन/कानुनमा समावेश हुन सक्नुले पुष्टि हुन्छ।यस बुलेटिनका ५० वटा अङ्कमा ३६७ वटा लेख/विचार प्रकाशन भएकामध्ये नीतिगत तहमा वकालत गर्ने वा सघाउने पुऱ्याउने उद्देश्यले प्रकाशित भएका लेख १०० वटा छन्। तीमध्ये सबै महत्वपूर्ण छन्।

## सवाल उठान

भूमि अधिकार बुलेटिनले आफ्ना हरेक अङ्कमा नीतिगत सवाललाई प्राथमिकतासाथ उठाउँदै आएको छ। यसरी सवाल उठाउने क्रममा अङ्क २ मा नै 'द्वन्द्व व्यवस्थापनमा भूमिको सवाल'शीर्षकको लेख राखिएको छ। यहाँबाट सुरु भएको नीतिगत व्यवस्थाको सवाल अङ्क ५० सम्म पनि जारी छ।

खासगरी मुलुकमा त्यतिबेला विद्यमान माओवादी विद्रोहलगायत सबैखाले द्वन्द्व सिर्जनामा भूमिको स्थान कति छ र द्वन्द्व निरूपण गर्नका लागि भूमिको सवाललाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयलाई यो र यस्ता लेखले सुझाव दिएको थियो। अनि भूमि अभावमा मानिसले गर्ने तीतो अनुभव तथा त्यसबाट उब्जने विद्रोहले कसरी द्वन्द्वलाई मलजल गर्छ भन्ने विषय बुलेटिनले लगातार उठाउँदै आएको छ। समस्या उठानमात्र हैन, त्यसको सुरक्षित अवतरण कसरी हुन सक्छ भन्ने पाटो पनि यस्तो विचारप्रधान लेखले उठाइदिएका छन्।

मुलुकमा जमिनको अवस्था कस्तो छ, खेतीपातीको अवस्था कस्तो छ, जग्गा प्लटिङले खेतीपातीमा कसरी असर पार्दै लगेको छ र खासगरी ठूलो परिमाणमा हुने भूमि कब्जाले कसरी किसानहरू पाखा पारिँदैछन् भन्ने जानकारी विभिन्न लेखले सार्वजनिक गरेका छन्। त्यतिमात्र हैन, यिनलाई नियन्त्रण गर्न र किसानमुखी नीति ल्याउन सरकारले अपनाउनुपर्ने मार्गसमेत उपलब्ध गराउनु यी लेखका उद्देश्य रहे। खासगरी कार्यक्षेत्र आधारित यस्ता सुझाव निकै व्यावहारिक हिसाबले प्रस्तुत भएका थिए। जसले नीति निर्माण तहमा बस्नेहरूलाई सहयोग पुगेको थियो।

संविधान सभामार्फत बन्ने संविधानमा भूमिसम्बन्धी समस्या छिमोल्न के के व्यवस्था गरिनुपर्छ भन्ने विषयलाई भूमि अधिकार बुलेटिनहरूले लगातार उठाइरहे। यसबारे उमेदवारहरूलाई भेटेर सचेत गराउने तथा आफ्ना धारणा राख्ने कार्य पनि जारी रहे। नेपालमा वर्गीय मुद्दा के के हुन्, यिनलाई सम्बोधन गर्न के गर्नुपर्छ र यसमा पनि भूमिको स्थान कति महत्वपूर्ण छ भन्ने विषयलाई यस बुलेटिनमा प्रकाशित लेखहरूले निरन्तर घच्घच्याउने काम गरिरहे।

त्यतिमात्र हैन, ऐन र नियम तथा कानुनहरूको चिरफार गर्दै तिनमा भएका प्रतिगामी बुँदा संशोधन गर्न तथा अब गरिनुपर्ने व्यवस्थाबारे लगातार वकालत गर्ने काम पनि बुलेटिनमा प्रकाशित लेखहरूले गरी नै रहे। खासगरी नेपालको सन्दर्भमा मानिसलाई सीमान्तकृत बनाउन भूमिले खेलेको भूमिका प्रष्ट्याउने तथा त्यसलाई टाक्चेबाक्से गर्न अपनाउनुपर्ने उपायसमेत बुलेटिनहरूको प्राथमिकतामा परिरह्यो। अनि नेपालमा भूमि सुधार गर्नुपर्नाको कारण बारम्बार ध्यानाकर्षण गराउने काम पनि भए।

### नतिजा

१. नेपालको संविधान २०७२
   - पछाडि परेका किसानहरूको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ।
   - प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ।



   - प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ।
   - प्रत्येक नागरिकलाई सामाजिक न्यायको हक हुनेछ।
   - भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराइनेछ। आवासबिहीन दलितलाई बसोबासको व्यवस्था गरिनेछ।
   - भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने नीति राज्यले लिनेछ।

२. भू-उपयोग नीति २०७२ तयार भएको छ।

३. संयुक्त पूर्जा कार्यविधि २०७४ जारी भई कार्यान्वयन भईरहेको छ।

४. मोही जग्गा बाँडफाँड कार्य भइरहेको छ।



श्याम श्रेष्ठ

# नेपालमा गरिबी, जीवनस्तर र भूमि सुधार



### सन्दर्भ र आवश्यकता

गरिबी र न्यून जीवनस्तर नेपाली जनताको दिगो पहिचान जस्तो भएको छ। सरकारी आकडामुताबिक नेपालमा ३१ प्रतिशत मानिस गरिबीको रेखामुनि छन्। यसको मतलब हरेक तीनजनामा एकजना नेपाली गरिबीको रेखामुनि बाँचिरहेछ। तर गैरसरकारी आकडाले नेपालमा त्योभन्दा धेरै ज्यादा मानिस गरिब भएको देखाएको छ। यु.एन.डि.पी.ले अक्सफोर्ड विश्वविद्यालयसित मिलेर सन् २०१० मा प्रकाशित गरेको एक बहुआयामिक गरिबी सर्भेक्षणका अनुसार नेपालमा ६५ प्रतिशत मानिस गरिबीको रेखामुनि छन्। यु.एन.डि.पी.ले स्कुलमा पहुँच, विद्यार्थी भर्ना, बाल मृत्युदर, पौष्टिक आहार, विद्युत्, सरसफाइ सुविधा, पिउने पानी, आवास, इन्धन र सम्पत्तिमा पहुँच जस्ता दशवटा जीवनस्तरजन्य सूचकका आधारमा गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको पहिचान गरेको थियो। आधारभूत जीवनस्तरका ती सूचकका आधारमा हरेक तीनमा दुई नेपाली गरिबीको रेखामुनि बाँच्न बाध्य छ।

नेपालमा गरिबी र जीवनस्तरसित भूमि सुधार प्रत्यक्ष गाँसिएको छ। यसको कारण के हो भने नेपालका अधिकांश जनताको आम्दानीको मुख्य स्रोत नै कृषि हो। नेपालको जनसङ्ख्यामध्ये ८०

प्रतिशत भूमिबाट हुने आयमा आश्रित छन् । यहाँका सबैभन्दा गरिबमा कृषि मजदूरीलाई आफ्नो मुख्य पेशा बनाउने मानिस घरमूली भएका धुरी पर्छन् । कृषि मजदूरीलाई पेशा बनाउनेमध्ये ५४ प्रतिशत गरिब छन् । स्वरोजगारीका आधारमा कृषि पेशामा लाग्नेहरू नेपालमा सबैभन्दा गरिबमध्ये दोस्रोमा आउँछन् । नेपालका गरिबमध्ये ६७ प्रतिशत स्वरोजगारीका हिसाबले कृषिमा लाग्नेहरू छन् । नेपालमा उद्योग, व्यापार र सेवा क्षेत्रजस्ता अरू पेशामा लाग्नेहरूको भन्दा कृषि पेशामा लाग्नेहरूको जीवनस्तर ज्यादाजसो निम्नस्तरको छ ।

वि.सं. २०५८ को जनगणनाअनुसार नेपालको ८५ प्रतिशत जनसङ्ख्या गाउँमा बस्छ । नेपालमा गरिबी मुख्यरूपमा ग्रामीण परिघटना हो । गाउँमा कृषियोग्य भूमिको स्वामित्वको किसिम कस्तो छ, भूजोतको आकार कत्रो छ र खेती गरिने जमिन कुन गुणस्तरको परेको छ भन्ने कुराले नेपालमा आमरूपमा गरिबी र जीवनस्तर निर्धारण गर्ने गरिरहेको छ । जमिन आफ्नै स्वामित्वमा छ, आधुनिक खेतीका लागि योग्य हुने गरी ठूलो आकारको छ, पानी लाग्ने किसिमको र सडक बजार, आधुनिक प्रविधि र बिजुलीको पहुँचभित्र पनि छ भने कृषक घरधुरीको जीवनस्तर उच्च हुने सम्भावना व्यापक हुन्छ । जोतिएको जमिन मनग्ये कुत वा अधियाँ तिर्नुपर्ने गरी अर्काको स्वामित्वमा छ, खेतीको लागि पर्ता नपर्ने गरी सानो आकारमा वा भीर पाखोमा छ र जमिनसित सिँचाइ, सडक र आधुनिक प्रविधिसितको पहुँच पनि टाढा छ भने त्यस्तो जमिनले कृषक घरधुरीको मुस्किलले जीवन निर्वाहसम्म होला तर जीवनस्तर माथि हुने सम्भावना ज्यादै न्यून हुन्छ ।

प्रगतिशील भूमि सुधारले कृषियोग्य भूमिमा भूमिहीन, गरिब किसान र निम्नमध्यम किसानको पहुँच सम्भव बनाइदिन्छ । भूमिलाई यसले त्यसको हातमा पारिदिन्छ जो स्वयम् जमिन जोत्छ । कृषि मजदूरी गरिखाने र मोहीलाई यसले भूमिको मालिक बनाइदिन्छ । भूमि सुधारले चक्लाबन्दी र सहकारीमार्फत् जमिनको खण्डीकरण र सानो पर्ता नपर्ने जोतको समस्या पनि हल गरिदिन्छ । बाटो, कृषिको आधुनिक प्रविधि



र पुँजीसम्म खेतीयोग्य जमिनको पहुँच बनाइदिने काम पनि भूमि सुधारले गर्छ । यी सबै कुराले ग्रामीण कृषकको जीवनस्तरमा व्यापक परिवर्तन र सुधार ल्याउन सक्छ ।

गाउँमा भूमिहीन, मोही र स-सानो जोतका मालिक ऋणका लागि अनौपचारिक क्षेत्रको शरणमा जानुपर्ने हुन्छ । ऋणका यही कारण उनीहरू श्रम सम्बन्धमा बाँधिनुपर्ने जोखिम हुन्छ । जमिन नहुनेहरू शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा र विकासमा पछि पर्छन् । जमिनले सामाजिक मर्यादा स्तर र राजनीतिक सहभागितालाई निर्धारण गर्छ । यी सबै कारणले भूमि, भूमि सुधार र जीवनस्तर अभिन्नरूपले गाँसिएका छन् । प्रगतिशील भूमि सुधारमार्फत् जमिनको न्यायपूर्ण वितरण गरी यस्ताको जीवनस्तरमा सुधार ल्याउन सक्छ । चीन, जापान, कोरिया, ताइवान र भियतनाममा भएका भूमि सुधार यसका ज्वलन्त उदाहरण हुन् ।

नेपालमा भूस्वामित्वको विषमता : नेपालको भूमिमध्ये १८ प्रतिशतमात्र खेतीयोग्य छ । यसको पनि ५२ प्रतिशतमा मात्र सिँचाइ सुविधा छ । ४८ प्रतिशत भूजोत आधा हेक्टरभन्दा सानो आकारका छन् र ७३ प्रतिशत भूजोत १ हेक्टरभन्दा सानो आकारका छन् । यहाँका साँढे ३३ लाख किसानसँग साँढे २६ लाख हेक्टर जमिन छ र भूजोतको औसत आकार ०.८ हेक्टरमात्र छ । यस हिसाबले नेपाललाई साना किसानको देश भन्न सकिन्छ । भूमि सुधारले सबैभन्दा ज्यादा सम्बोधन गर्नुपर्ने अवस्थामा यिनै साना किसान छन् ।

**भूस्वामित्वको समस्या :** जमिनको वितरण र स्वामित्वमा अन्यायपूर्णता, असन्तुलन र पछौटे कृषि प्रणाली नेपालको प्रमुख भूमि समस्या हो जसले गर्दा नेपालमा कृषि उत्पादन र उत्पादकत्व जनसङ्ख्या वृद्धिको सापेक्षतामा बढ्न सकेको छैन । सन् १९७५ देखि २००२ सम्ममा जनसङ्ख्या वृद्धि दर २.३ प्रतिशतको अनुपातमा भयो भने यही अवधिमा कृषि उत्पादन वृद्धि दरचाहिँ १ प्रतिशतको अनुपातमा मात्र रह्यो ।

नेपालमा ग्रामीण क्षेत्रमा गरिबी उन्मूलन गर्ने र जीवनस्तर माथि उठाउने हो भने प्रगतिशील भूमि सुधारमार्फत भूस्वामित्वमा रहेको अन्यायपूर्ण स्थिति, रहे/बचेको सामन्ती भूस्वामित्व र पछौटे कृषि प्रणाली समाप्त पार्नु आवश्यक छ । जमिन ओगटेर बस्ने तर त्यसमा पाइला नै नटेक्ने गयल जमिनदार वर्गबाट जमिन खोसेर तिनीहरूको हातमा पर्नेगरी भूमिको पुनर्वितरण जरुरी छ ।

कृषि गणनाअनुसार नेपालको पछिल्लो भूस्वामित्वको स्थिति के छ भने आधा हेक्टर र त्योभन्दा कम जमिन हुने गरिब वा सीमान्त किसान परिवार ४७ प्रतिशत छन् तर उनीहरूको हातमा १५ प्रतिशतमात्र खेतीयोग्य



जमिन छ। तर ३ हेक्टर र त्योभन्दा ज्यादा जमिन हुने धनी तथा ठूला किसान जम्मा ३ प्रतिशत छन् तर उनीहरूको हातमा १७ प्रतिशत जमिन छ।

अझ जमीन नै नभएका भूमिहीनदेखि नाममात्रको ०.१ हेक्टरभन्दा कम जमिन भएका अति सीमान्त कृषक नेपालमा ८.५ प्रतिशत छन्। सङ्ख्यामा यस्ता किसान परिवार २ लाख ८७ हजार छन् तर उनीहरूको हातमा ०.५ प्रतिशतमात्र जमिन छ। परन्तु पाँच हेक्टरभन्दा ज्यादा जमिन भएका ठूला भूमिपति १ प्रतिशतभन्दा पनि कम अर्थात् २५ हजार छन्। तर उनीहरूको हातमा खेतीयोग्य भूमिको ७ प्रतिशत थुप्रिएको छ। त्यसैले नेपालको प्रगतिशील भूमि सुधारले यही अति गरिब सीमान्त किसान वर्गलाई लक्षित गर्नुपर्छ।

**मोहीको स्थिति** : नेपालको जीवनस्तर सर्वेक्षण २००३/०४ का अनुसार नेपालमा आफ्नै स्वामित्वमा जमिन भएको परिवारको अनुपात ९३ प्रतिशत छ। केवल ७ प्रतिशतले अरूको मात्र जमिन जोत्छन्। यहाँका किसान परिवारमा अत्यधिक किसानको जमिनमा आफ्नै जोत, आफ्नै पोत रहेकाले जसको जोत उसको पोतको नाराले मात्र अधिकांश किसानको समस्या हल हुन सक्दैन। आफ्नो पनि जोत्ने, अरूको पनि जमिन मोहियानीमा जोत्ने किसान परिवार ३१ प्रतिशत छ। नेपालमा प्रगतिशील भूमि सुधारले यिनै मोहीको जोताहा हक दिलाउनुपर्छ।

उच्चस्तरीय भूमि सुधार आयोगको प्रतिवेदन २०५१ अनुसार नेपालमा ३ लाख ७० हजार मोही छन्। नेपालको प्रगतिशील भूमि सुधारले बेदर्ताका मोही र कमैया/हलिया/हरूवालाई खेतखलिहानमा गएर सर्जमिनका आधारमा वास्तविक जोताहा मोहीका रूपमा दर्ता गरिदिने व्यवस्था गर्नुपर्छ।

**कृषि मजदूरको स्थिति** : पुँजीवादको विकाससँगै नेपालमा कृषि मजदूरको समस्या बढ्दो छ। १० लाखभन्दा ज्यादा कृषि मजदूर छन्। तिनलाई असङ्गठित क्षेत्रका मजदूरका रूपमा राज्यले मान्यता दिँदै आधिकारिक परिचयपत्र, सङ्गठनको हक, सामूहिक सौदावाजीको हक, मानवोचित ज्याला दिलाउनु पनि प्रगतिशील भूमि सुधारको महत्वपूर्ण कार्य हुनुपर्छ।

**भूमिहीनताको स्थिति** : नेपालमा भूमिहीनता खतरनाक गतिमा बढिरहेछ। २०५८ को जनगणनाअनुसार यहाँ २४.४ प्रतिशतको आफ्नो खेती गर्ने जमिन छैन।

नेपालमा मोहीको स्थिति

| क्षेत्र | आफ्नै जमिन भएको घरधुरीको प्रतिशत | जमिन अरूलाई जोत्न दिने धुरीको प्रतिशत | मोहियानीमा जमिन जोत्ने धुरीको प्रतिशत | अरूको मात्र जमिन जोत्ने मोही धुरीको प्रतिशत |
|---|---|---|---|---|
| नेपाल | ९२.७ | ७.४ | ३१.४ | ७.३ |
| उच्च पहाड | ९८.१ | ७.१ | २५.४ | १.९ |
| पहाड | ९६.६ | ६.९ | २३.३ | ३.४ |
| तराई | ८७.६ | ७.९ | ४१.३ | १२.४ |
| सहर/गाउँ | | | | |
| सहर | ९१.२ | १०.७ | २८.० | ८.८ |
| गाउँ | ९२.८ | ७.१ | ३१.७ | ७.२ |

**स्रोत** : *CBS 2004. Nepal Living Standards Survey 2003/04 Statistical Report Vol 2. p.12*



ग्रामीण परिवारमध्ये २९ प्रतिशतसित अलिकता पनि जमिन छैन। भूमि सुधारले हल गर्नुपर्ने एउटा प्रमुख समस्या खेती गर्ने र त्यसैमा जीवन फाल्ने किसान परिवारमा विद्यमान चरम गरिबी र भूमिहीनता हो।

**अनुपस्थित जमिनदारीको समस्या :** एकिन आकडा छैन तर नेपालमा जमिनमा कहिल्यै पाइला नटेक्ने तर जमिनको ठूलो हिस्सा ओगटेर बस्ने भूमिपति प्रशस्त छन्। अन्यायपूर्ण भूमि सम्बन्ध र घट्दो कृषि उत्पादनको एउटा मुख्य कारण अनुपस्थित जमिनदारी हो। त्यसैले भूमि सुधारले यस्तो अवस्थालाई बिनाक्षतिपूर्ति उन्मूलन गर्नुपर्छ। भूस्वामित्वमा रहेको अन्याय र विषमता हल गर्न सकियो भने किसान परिवारमध्ये ७३ प्रतिशत भूमिहीन, गरिब किसान परिवारको जीवनस्तर डेढ दुई दशकभित्रै माथि उठाउन सम्भव छ।

**बाँझो जमिनको समस्या :** २०२१ सालको भूमि सुधार लागू भएयता वास्तविक जोताहालाई मोहियानी हक दिन नपरोस् भनेर जमिन बाँझो राख्ने चलन काफी मात्रामा बढेको छ। अचेल घरघडेरीका लागि पनि जमिन बाँझो राख्ने चलन बढेको छ। जमिन बाँझो राख्नु भनेको भूमिको उत्पादन शून्यमा झार्नु हो। बडाल आयोगका अनुसार नेपालमा २० प्रतिशत खेतीयोग्य जमिन बाँझो छ। त्यसैले जमिन बाँझो राख्ने कार्यमाथि प्रतिबन्ध लगाउनुपर्छ।

**नेपालमा १० लाखभन्दा ज्यादा कृषि मजदूर छन्। तिनलाई असङ्गठित क्षेत्रका मजदूरका रूपमा राज्यले मान्यता दिँदै आधिकारिक परिचयपत्र, सङ्गठनको हक, सामूहिक सौदावाजीको हक, मानवोचित ज्याला दिलाउनु पनि प्रगतिशील भूमि सुधारको महत्वपूर्ण कार्य हुनुपर्छ।**

## नेपालका भूमि र भूस्वामित्वको क्षेत्रीय भिन्नता

नेपालका खेतीयोग्य भूमिको क्षेत्रीय वितरण असमानरूपमा भएको हुनाले भूमिको न्यायोचित वितरणको कुरा गर्दा भूस्वामित्वको क्षेत्रीय स्थितिमा ध्यान पुऱ्याउनु जरुरी छ। यहाँका किसान घरधुरी सबैभन्दा ज्यादा पहाडमा छन्। किसान घरधुरी पहाडमा ४७ प्रतिशत, तराईमा ४४ प्रतिशत र ९ प्रतिशत उच्च पहाडमा छन्। खेतीका लागि सञ्चालनमा आएको भूक्षेत्रमध्ये ५२ प्रतिशत तराईमा छ। त्यसपछि ३८ प्रतिशत पहाडमा र १० प्रतिशत उच्च पहाडमा छ। यसले के देखाउँछ भने किसानको सङ्ख्या पहाडमा ज्यादा छ तर खेतीयोग्य जग्गा भने तराईमा ज्यादा छ। यो बेमेलको स्थितिलाई भूमि सुधारले ध्यान पुऱ्याउनुपर्छ।

सिँचित जमिनको स्थिति पनि तराई, पहाड र उच्च पहाडमा भिन्नाभिन्नै छ। तराईमा ५७ प्रतिशत जमिन सिँचित छ भने पहाडमा २९ प्रतिशत र उच्च पहाडमा २८ प्रतिशत। तराईको तुलनामा पहाडमा खेती गरिखानेहरूको जीवन स्तर उच्च हुन नसक्नुको एउटा मुख्य कारण हो। त्यसैले भूमिको वितरण र स्वामित्वमा सामाजिक न्याय प्रदान गर्दै कृषि उत्पादन र उत्पादकत्वमा व्यापक वृद्धिमार्फत् कृषिमा आश्रित जनसमुदायको जीवनस्तरमा व्यापक परिवर्तन गरिनुपर्छ।

भूजोतको आकारमा पनि तराई, पहाड र उच्च पहाडमा काफी भिन्नता देखिन्छ। तराईमा औसत भूजोतको आकार ०.९४ हेक्टरको छ भने पहाडमा यो ०.६६ हेक्टरको र उच्च पहाडमा ०.७३ हेक्टरको। सबैभन्दा सानो आकारको भूजोत पहाडमा देखिन्छ भने सबैभन्दा ठूलो साइजको तराईमा। भूजोत जति ठूलो साइजको भयो कृषिमा आधुनिक प्रविधि अपनाउन उति ज्यादा सजिलो हुन्छ। यस्तो अवस्थामा आर्थिक हिसाबले पर्ता पर्ने भूजोत सिर्जना महत्वपूर्ण सवाल हो।

## अपनाइनुपर्ने अन्य कदम

भूमि सुधारको मुख्य उद्देश्य नै वास्तविक जोताहाको हातमा जमिन पुऱ्याउँदै जमिनमा सिँचाइ, सडक र आधुनिक कृषि प्रविधि

पुऱ्याउँदै कृषि उत्पादन बढाउनु र कृषि क्षेत्रमा आश्रित जनताको जीवनस्तर माथि उठाउनु हो । यसो गर्नका लागि नेपालमा गरिने भूमि सुधारले केही युगान्तकारी कदम उठाउन सक्नुपर्छ । जसले एकसाथ सामन्तवादका अवशेषलाई उन्मूलन गर्न सक्नुपर्छ र अहिले लागु भइरहेको खुला बजार पुँजीवादका विषमता पनि नियन्त्रित गर्नुपर्ने हुन्छ ।

यसो गर्न सक्ने हुनका लागि पहिलो कदमका रूपमा सरकारले र सामाजिक न्यायका पक्षधर सबै राजनीतिक दलले अहिले बनिरहेको नयाँ संविधानमा प्रगतिशील भूमि सुधारका लागि बाटो खोल्न केही निश्चित प्रावधान राख्नु आवश्यक छ ।

## नयाँ संविधानमा गरिनुपर्ने संवैधानिक व्यवस्था

- सामुदायिक हितका लागि राज्यले कानुन नै बनाएर जमिनमाथि हदबन्दी लगाउन सक्नेछ, बढी खोस्न सक्नेछ । जमिन बाँझो राख्ने कार्य र अनुपस्थित जमिनदारीमाथि प्रतिबन्ध लगाउन सक्नेछ । अनुपस्थितको जमिन राष्ट्रियकरण गर्न सक्नेछ ।
- राज्यले सर्जमिनका आधारमा जोताहा मोहीको नयाँ आधिकारिक लगत खडा गर्न सक्नेछ । जमिन पुनर्वितरण गर्न सक्नेछ । हरूवा, हलिया र कमैयाका रूपमा पुस्तौँदेखि जोतिआएका किसानलाई मोहियानी हक दिलाउनुपर्छ ।
- जमिनको खण्डीकरण रोक्न र उत्पादकत्व बढाउन राज्यले कानुन बनाएर सहकारी खेती र चक्लाबन्दी प्रणालीलाई प्रोत्साहित गर्न सक्नेछ । जमिनको सामुदायीकरण गर्न सक्नेछ । पैतृक सम्पत्तिका रूपमा जमिन सन्तानमध्ये एकजनामा मात्र स्थानान्तरण हुने व्यवस्था गर्न सक्नेछ । भू-उपयोगको नयाँ वैज्ञानिक नीति ल्याउन सक्नेछ ।
- जल, जमिन र जङ्गलको स्वामित्व र पुनर्व्यवस्थापनको प्राथमिक हक अबउप्रान्त समुदाय अर्थात प्रदेश सरकार र स्थानीय निकायलाई हुनेछ ।

**हदबन्दीको नयाँ व्यवस्था :** जोताहा किसानको जीवनस्तर उठ्ने गरी प्रगतिशील भूमि सुधार गर्ने हो भने अब जमिनमा प्रगतिशील हदबन्दी लगाउनुको विकल्प छैन । आवश्यकताभन्दा बढ्ता भएकासित जमिन लिने, नभएकालाई दिने काम हुनु नै सामाजिक न्यायमा आधारित वैज्ञानिक उपाय हो । यस्तो जमिन लिँदा मुआब्जा दिनु हुँदैन । आफैँ जमिन जोतिरहेका धनी किसान र मध्यम किसानलाई भने न्यूनतम क्षतिपूर्ति दिने नीति चाहिन्छ ।

**भूमि सुधारको मुख्य उद्देश्य नै वास्तविक जोताहाको हातमा जमिन पुऱ्याउँदै जमिनमा सिँचाइ, सडक र आधुनिक कृषि प्रविधि पुऱ्याउँदै कृषि उत्पादन बढाउनु र कृषि क्षेत्रमा आश्रित जनताको जीवनस्तर उकास्नु हो ।**

**सहकारी तथा सामूहिक खेती र सामुदायिक स्वामित्व :** नेपालमा जमिनको खण्डीकरण बढ्दो छ । सालाखाला एउटा भूजोत तीन टुक्रामा र चौथाइ हेक्टरभन्दा पनि सानो साइजमा विभाजित छ र त्यो पनि एउटा पुस्ताबाट अर्को पुस्तामा स्वामित्व स्थानान्तरण हुने दौरानमा टुक्रेर आर्थिक हिसाबले पर्ता नै नपर्ने जमिनमा बदलिँदो छ । यसलाई रोक्नुपर्छ । जसका लागि सहकारी र सामूहिक खेती तथा चक्लाबन्दीलाई राज्यले उच्च सहुलियतपूर्ण प्रोत्साहन दिन सक्छ ।

**वैज्ञानिक भू-उपयोग :** नेपालमा वैज्ञानिक भू-उपयोगको नीति नहुनाले अत्यधिक मात्रामा खेतीयोग्य जमिन मासिँदो छ, त्यसमा बस्ती बढ्दैछ । हिमाल, पहाड र तराईका विभिन्न भू-क्षेत्रमध्ये कुन क्षेत्रमा के कुराको ज्यादा राम्रो उत्पादन हुन्छ भन्ने कुराको वैज्ञानिक लेखाजोखा र राज्यको तर्फबाट संरक्षण र प्रोत्साहन हुन सकेको छैन । यसैले कृषि उत्पादन भूमिको प्रकृतिअनुसारको हुन सकेको छैन । भएको ठाउँमा पनि प्रोत्साहन र संरक्षण मिल्न सकेको छैन । वैज्ञानिक भू-उपयोगको नीतिले यो अवस्थामा सुधार ल्याउन सक्छ ।

**जमिनको वैज्ञानिक र एकीकृत रेकर्डको व्यवस्था :** नेपालको भूमिको व्यवस्थित र वैज्ञानिक रेकर्ड राज्यसित अहिलेसम्म पनि छैन । यसले जमिनमा प्रगतिशील कर लगाउन, हदबन्दी लगाउन र सुविधा/सहुलियत दिन पनि चर्को समस्या पारिरहेको छ । प्रगतिशील भूमि सुधारले देशभरिको हरेक परिवारले राखेको जमिनको कम्प्युटर प्रणालीमा आधारित एकीकृत रेकर्डको व्यवस्था गरेर यो स्थितिको अन्त गर्ने नीति र कार्यक्रम ल्याउनुपर्छ ।

**प्रगतिशील भूमि तथा सम्पत्ति कर :** बढी जमिन र ज्यादा मूल्य पर्ने जमिनमा ज्यादा कर लाग्ने गरी भूमिमा अबउप्रान्त प्रगतिशील कर र घर घडेरीमा प्रगतिशील सम्पत्ति करको व्यवस्था गर्नुपर्छ ।

अन्तमा, १८ प्रतिशत जमिनमात्र खेतीयोग्य भएको हाम्रो देशमा अहिले ३३ लाख किसान परिवार छन् तर २७ लाख हेक्टरमात्र खेतीयोग्य जमिन छ । सबै परिवारलाई बराबरी जमिन बाँडे पनि एउटा परिवारको भागमा सालाखाला पौने हेक्टरमात्र जमिन पर्छ । त्यसैले जमिनको वितरणले मात्र नेपालको ग्रामीण क्षेत्रका आमजनताको जीवनस्तर माथि उठाउन अब सम्भव छैन । नेपालमा अब प्रगतिशील भूमि सुधार सँगसँगै भूमिमा आश्रित परिवारलाई ग्रामीण औद्योगिक क्रान्तिमार्फत् उद्योग/व्यवसायतिर लगाउने र खेती एउटा परिवारमा केवल एकजनाले मात्र सम्हाल्ने नीति अख्तियार गर्नुपर्ने स्थिति आएको छ ।

यो समस्या हल गर्न नेपालमा भूमि सुधार, वैज्ञानिक भू-उपयोगको नीति, कृषि क्रान्ति, कृषिको व्यवसायीकरण र ग्रामीण औद्योगिकीकरण एकसाथ सँगसँगै जानुपर्छ । कृषिको व्यवसायीकरणका लागि जमिनमा सडक, सिँचाइ, स्रोत साधन तथा अत्याधुनिक विज्ञान/प्रविधि पुऱ्याएर सीमित खेतीयोग्य जमिनबाट असीमित उत्पादन गर्ने नीति प्रगतिशील भूमि सुधारले अपनाउनुपर्छ । ✿



जगत देउजा

# भूमि सुधार : नगरी नहुने केही काम



'किसानलाई जग्गा' भूमि सुधारको आधारभूत र पहिलो सर्त हो । जसले आफैं खेती/किसानी गर्ने हो उसले आवश्यक जग्गा पाउनुपर्छ र खेती नगर्ने हो भने जग्गा पनि छोड्नुपर्छ । खेती नगर्नेलाई कुनै पनि सर्तमा जग्गा दिनु हुँदैन । जमिन आफ्नो अधिनत्वमा राख्ने, त्यसको उत्पादनको हिस्सा खाने तर खेती नगर्ने समुदायलाई जग्गाबाट बिदाइ गर्नुपर्छ । जो खेती गर्न चाहन्छन्, उनीहरूलाई स्वागत गर्नुपर्छ । जमिनको स्वामित्व नै श्रममा आधारित हुनुपर्छ ।

महिला किसान जसले कृषि क्षेत्रमा ६० प्रतिशत योगदान गरिरहेका छन्, उनीहरूलाई जमिनको अधिनत्व प्रदान गरिनुपर्छ । महिलालाई निर्णायक तहसम्म पहुँच बढाउन भूमि अधिकारको महत्व छ । जसले उनीहरूलाई स्वतन्त्र, स्वाभिमानी र सवल बनाउँछ । महिला किसानलाई जमिनको मालिक बनाएपछि मात्र नयाँ समाज निर्माण सम्भव छ । कोही पनि किसान महिला भूमिहीन बन्नु नपर्ने स्थिति निर्माण हुनुपर्छ ।

भूमिसम्बन्धी सबै समस्या हल गर्न र यसको न्यायोचित वितरण र सही व्यवस्थापनका लागि एकीकृत भूमि ऐन निर्माण गरी लागु गरिनुपर्छ । अब थोत्रिएका, एकापसमा बाझिएका र अति पुरानो सन्दर्भमा बनाइएका टुक्रे ऐनबाट नेपालको भूमि व्यवस्थापन सम्भव छैन ।

हदबन्दी भन्दा बढीको जग्गाको कुनै पनि हिसावले क्षतिपूर्ति वा मुआब्जा दिनु हुँदैन । हदबन्दीभित्रको जग्गा भूमि सुधार र अन्य सार्वजनिक हितका लागि अधिग्रहण गर्दा उचित क्षतिपूर्ति वा मुआब्जा दिनुपर्छ ।

सबैलाई सुरक्षित आवास भूमि सुधारको लक्ष्य हुनुपर्छ । हामीले जथाभावी र कुनै व्यवस्थित योजनाबिना जग्गा बाँड्न छोड्नुपर्छ । आवास भनेको केवल घडेरी बाँड्नु हैन । हामीले सुरक्षित ठाउँमा घडेरीका साथै आवासका लागि आधारभूत पिउने पानी, बाटो, बिजुली, सुरक्षा आदिको पनि प्रत्याभूति हुनेगरी व्यवस्थापन गर्न आवश्यक छ ।

खेती नगर्नेले खेतीयोग्य भनेर छुट्ट्याइएको जग्गा किन्न नपाउने र खेती गरिरहेकाले खेतीयोग्य जग्गा बेच्न नपाउने हुनुपर्छ । गैरहाजिरी जमिन छ भने खेती गर्न चाहनेलाई हदबन्दीभित्रको त्यस्तो जग्गा दिनुपर्छ । खेती गर्न नचाहनेलाई न्यूनतम हदबन्दी १० कठ्ठाभन्दा कम जमिन राख्न पाउने गरी अरू जमिनको हक हस्तान्तरण गर्नुपर्छ ।

खेतीयोग्य क्षेत्र, उद्योग क्षेत्र, आवास क्षेत्र, सामुदायिक वा सार्वजनिक क्षेत्र, वन

**महिला किसान जसले कृषि क्षेत्रमा ६० प्रतिशत योगदान गरिरहेका छन्, उनीहरूलाई जमिनको अधिनत्व प्रदान गरिनुपर्छ । महिलालाई निर्णायक तहसम्म पहुँच बढाउन भूमि अधिकारको महत्व छ ।**

क्षेत्र जस्ता विभिन्न क्षेत्रमा जग्गा वर्गीकरण गरिनुपर्छ । यसरी छुट्ट्याइएको खेतीयोग्य जग्गामा पनि के खेती गर्ने हो त्यसअनुसार छुट्टैतवरले विभाजन आवश्यक छ । हामीलाई कुन उत्पादन कति चाहिने हो ? धान कति चाहिने हो ? गहुँ कति चाहिने हो ? फलफूल कति चाहिने हो ? तरकारी कति चाहिने ? सबै हिसाव गरेर उत्पादन क्षेत्र किटानी गरेर जान ढिला भइसक्यो । किसान र कृषि काम गर्ने श्रमिकको अधिनत्व र पहुँचमा जमिन पुऱ्याउने र उपयोगको आधारमा जोनिङसहित भू-उपयोग र कृषि सुधारको काम गर्न आवश्यक छ । यसका लागि दीर्घकालीन भू-उपयोग नीति निर्माण गरी लागु गरिनुपर्छ ।

किसान, जमिनदारको के/कति जग्गा छ, एकिन तथ्याङ्क लिनुपर्छ । यसरी तथ्याङ्क लिँदा कोही कसैले दिएको विवरणभन्दा फरक जग्गा पाइएमा राज्यले मुआब्जाबिना लिनसक्ने कानुन बनाउनुपर्छ । जग्गासम्बन्धी सम्पूर्ण रेकर्ड कम्प्युटराइज्ड गर्नुका साथै यी सूचनलाई सञ्जालीकरण गर्नुपर्छ । जग्गा नापजाँचलाई वैज्ञानिक बनाउन जग्गा नापजाँच ऐनमा व्यवस्था भएको म्याट्रिक्स प्रणाली लागु गर्नुपर्छ ।

हदबन्दी तोक्ने आधार जग्गाको उपलब्धता, गुणस्तर र मूल्यलाई बनाइनुपर्छ । यसरी हदबन्दी तोक्दा बढीमा २ हेक्टर वा ३ बिघा (एक परिवारका लागि, परिवार भन्नाले एक सगोलमा बस्ने सबैलाई मान्नुपर्छ) भन्दा बढी तोकिनु हुन्न । न्यूनतम हदबन्दी १० कठ्ठा तोकिनुपर्छ । किसानले त्यसभन्दा तलको जग्गा बेच्न नपाउने हुनुपर्छ । एक व्यक्ति एक लालपुर्जाका साथै नागरिकतामा लालपुर्जा लिइएको छाप लगाउने र पिन नम्बर व्यवस्था गर्नुपर्छ ।

सबै भूमिहीन किसान र कृषि श्रमिकलाई उपलब्ध जग्गाबाट साना किसान बनाउन सकिन्छ । किसानी गर्ने कोही पनि भूमिहीन बन्नु नपर्ने र कोही पनि आवासको अधिकारबाट वञ्चित नहुने स्थिति ल्याउन सम्भव छ । भूमिहीन, सुकुमबासी र किसानको स्पष्ट परिभाषा गरेर अगाडि बढ्न जरुरी छ । भूमिहीनलाई जग्गा दिँदा गुणस्तरयुक्त र १२ महिना खाना, शिक्षा, स्वास्थ्य आदिलाई पुग्ने गरी गर्न




आवश्यक छ ।

स्थानीय पदाधिकारीको सिफारिस, जग्गाधनीको मञ्जुरी र स्थलगत प्रतिवेदनसमेत आधार लिई ३ वर्षदेखि लगातार जमिन जोतिआएका किसानको लगत लिई मोहियानी हकको प्रमाणपत्र दिनुपर्छ । यसरी एक पटक जोतभोगको आधारमा स्थलगत टोली खटी मोहियानी हक दिएपछि उप्रान्त मोहियानी नलाग्ने व्यवस्था हुन आवश्यक छ । कसैले अरूलाई खेती गराउने हो भने स्थानीय निकायमा रेकर्ड अनिवार्य रहने गरी तोकिएको न्यूनतम ज्याला दिएर खेती गराउनुपर्छ ।

बाँझो जग्गा राख्न बन्देज हुनुपर्छ । उद्योग धन्दाको नाममा राखिएका जग्गा सोही काममा प्रयोग भएको नपाइएमा त्यस्तो जग्गा खोसेर उत्पादनका लागि प्रयोग गर्नुपर्छ । २ वर्षभन्दा बढी खेतीयोग्य जग्गा बाँझो राखेको पाइएमा त्यस्तो जग्गा स्थानीय निकायले लिई उत्पादन वृद्धिका काममा लगाउनुपर्छ । जमिनदारितामा आधारित सबैखाले शोषणकारी प्रथा अन्त्य गरी किसानी काम गर्ने सबै परिवारलाई खान पुग्ने जमिन राज्यले उपलब्ध गराउनुपर्छ ।


गुठी प्रथा र गुठी संस्थान खारेज गर्नुपर्छ । मठ/मन्दिरको व्यवस्थापन संस्कृति मन्त्रालयको जिम्मामा दिई स्थानीय सरकार र समुदायमार्फत् व्यवस्थित गर्नुपर्छ । खेती नभइरहेको जग्गा स्थानीय सांस्कृतिक समूहको अधिनत्व हुने र सामूहिक व्यवस्थापन गर्ने गरी दिनुपर्छ । खेती भइरहेको जग्गा जोताहा किसानको नाममा रैतानी गरिनुपर्छ ।

चुरे क्षेत्रमा वर्षौंदेखि बसिआएका सुकुमबासीलाई त्यहीँको जग्गा उपलब्ध गराई चुरे क्षेत्रको संरक्षणका लागि नयाँ नीति ल्याउनुपर्छ । थोरै जग्गा भएका किसान वा भूमिहीनका लागि उपयुक्त विकल्पसहित स्थानान्तरणको व्यवस्था गरिनुपर्छ ।

भूमि अड्डाहरू एकिकृत गरी एउटै बनाउनुपर्छ । भूमिसम्बन्धी आधारभूत काम सबभन्दा तल्लो निकायले गर्न सक्ने अधिकार दिइनुपर्छ । भूमि व्यवस्थापनका लागि भूमि तथा कृषिसम्बन्धी प्राविधिक ज्ञान भएका जनशक्ति परिचालन गर्न आवश्यक छ ।

आदिवासी जनजातिले परम्परागतरूपमा चर्चिँदै आएका एवम् संरक्षण गर्दै आएका सामुदायिक भू-क्षेत्रलाई (चरन, खोरिया इत्यादि) सम्बन्धित जनजातिको सामूहिक अधिकार स्थापित हुने कानुनी व्यवस्था गरिनुपर्छ । आदिवासी क्षेत्रका वन र कृषि क्षेत्र सीमाङ्कन गरिनुपर्छ ।

किसानमा साक्षरता र अन्य शैक्षिक कार्यक्रमलाई पनि जोडेर लैजान आवश्यक छ । भूमि सुधारसँग कृषिको काम जोडेर लाने साथै कृषि र भूमिबीचको कामको संयन्त्र कसरी मिलाउने भन्ने कुरा गर्न आवश्यक छ ।



जगत बस्नेत

# मधेसमा भूमि सुधार र आर्थिक रूपान्तरण



'एक मोही ५६ मुद्दा' कान्तिपुरमा ठाकुरसिंह थारूको समाचार २९ मङ्सिर २०७० मा पढेपछि मधेसको भूमि सुधार विषयमा लेख्न मन लाग्यो। समाचारअनुसार बाँके जिल्ला इन्द्रपुर-६ का आशाराम अहिरले सोही गाविसका जमिनदार बृजभूषण मिश्रको १४ कठ्ठा जमिनका लागि ५६ मुद्दाको तारेख ४ वर्षदेखि धाइरहेका छन्। उनको प्रत्येक वर्ष १४ वटा मुद्दा बढ्छन्। तराईको आर्थिक शक्ति संरचनाका विषयमा अर्जुन गुणरत्नेले नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकतासम्बन्धी पुस्तकको भूमिकामा नर्वेजियन अर्थशास्त्री म्यानस ह्याटलबाकलाई उदृत गरी लेखेका छन्- 'तराईका गरिब किसानलाई विकासको मूलधारबाट बाहिऱ्याउने राजनीतिलाइ मूलतः मधेसी जमिनदार वर्गको राजनीतिका रूपमा लिन सकिन्छ।' मधेसका जमिनदारहरूले त्यहाँका गरिब र दलितलाई परिचालन गरेर आफ्नो राजनीति सुरक्षा गरेका छन्। ह्याटलबाकका अनुसार तराईका जमिनदारले शासन गरेको स्थानमा दलित र अन्य भूमिहीन गरिब मोहीको अवस्था सुध्रन्छ भन्ने छैन। गुणरत्ने लेख्छन्- 'तराईको आन्दोलन मधेसको आर्थिक असमानता हटाउनेभन्दा पनि आफ्नो शक्ति र सम्पत्तिको बचावटमात्रै हो। तराईको राजनीति अहिले पनि जमिनदारको हातमा नै छ त्यसैले आन्दोलन वा अन्य छलफलमा आर्थिक असमानता देखाउने दाँतमात्रै हो।' यस भनाइले मधेसी दलित र तराईका मधिसे गरिब तराईकै जमिनदारबाट पीडित छन् र आर्थिक विकासको मूलधारभन्दा बाहिर छन् भन्ने स्पष्ट हुन्छ।

राजा र राणाहरूले तराईको जमिन आफ्ना भाइभारदार र सहयोगीलाई बाँडे। जसले जमिन पाए, जमिनको आम्दानीले उनीहरू केही समयमा नै मालामाल भए। विजय मिश्र मधेस विद्रोहको नालीबेलीमा फादर स्टिलरको भनाइ उदृत गर्दै लेख्छन्- 'थारूहरू तराईका सबभन्दा बढी शोषितभित्र पर्छन् जसले तराईको जङ्गललाई कृषियोग्य भूमि बनाए तर पछि राज्यले बिर्ता र जागिरका नाममा राज्यका नातेदार र जागिरदारलाई बक्सिस दियो। थारूहरू र तराईका दलितहरू पहाड र तराईका उच्च जातका समुदायसँग जमिनका लागि प्रतिस्पर्धा गर्न नसक्दा उनीहरू जङ्गलतिर धकेलिँदै गए।' स्टिलरको भनाइबाट न उनीहरूले तराईका उच्च जातिका मानिस र पहाडका मानिससँग प्रतिस्पर्धा गर्न सके न भएको जमिन नै आफ्नो नियन्त्रणमा राख्न सके। जङ्गल फँडानी र कृषि उत्पादन सँगै लैजान पाउने भएकाले र राज्यले पनि छूट दिएकाले थारूहरू र दलितहरू विवाद गर्नुभन्दा सजिलो बाटो रोज्न लागे। अहिले त्यही जङ्गल वन सिमाना र सामुदायिक वनभित्र पारियो र उनीहरूलाई वन अतिक्रमणका नाममा लखेटिँदैछ।

फ्रेडरिक एज. गेजका अनुसार पहाडबाट तराई बसाइँ सरेर आउने पनि धनीचाहिँ थिएनन्। सन् १९६६ देखि १९६७ मा कैलाली जिल्लामा बसाइँ सर्ने २०० परिवार तल्लो जातिका, ३०० देखि ४०० परिवार क्षत्री ब्राह्मण थिए तर क्षत्री ब्राह्मण पनि धनीचाहिँ थिएनन्। जो पहाडे तराईमा बसाइँ सराइ गरे, उनीहरू स्थानीय नेतृत्व आफ्नो हातमा लिन सफल भए। स्थानीय नेतृत्व आफ्नो हातमा लिँदै स्थानीय राजनीतिलाई आफ्नो नियन्त्रणमा लिनासाथ जमिन आफ्नो बनाउँदै गए। फ्रेडरिक गेजले गरेको अध्ययनमा झापाका ४० प्रतिशत सबभन्दा ठूला जमिनदार राष्ट्रिय पञ्चायतका सदस्य थिए। यो झापामा मात्र नभएर तराईका प्रायः सबै जिल्लामा नै जमिनदारको नेतृत्वमा राष्ट्रिय, जिल्ला र गाउँ पञ्चायतहरू रहे। जिल्लाका प्रशासक र जमिनदारबीच सत्रुता हुनुपर्नेमा मित्रता रह्यो। गरिबलाई सेवा

गनुपर्ने राष्ट्रसेवक कर्मचारी जमिनदारका कर्मचारी बने। जमिनदार र कर्मचारीबीच शक्ति सम्बन्ध कायम रह्यो। तराईका गरिब किसान, थारू र दलितलाई नागरिकताबाट वञ्चित गर्दै प्रहरी, प्रशासन, सरकारी सेवा आफ्नो नियन्त्रणमा राखे। भूमिको अधिकार माग्दा वा नागरिकता माग्दा पञ्चायत विरोधीको आरोप लगाइयो र नागरिकता र भूमिबाट वञ्चित गरियो। प्रजातन्त्र आएपछि भूमि सुधार हुन्छ भन्ने नारा दिइयो तर २०४६ को प्रजातन्त्रपछि तिनै जमिनदार कङ्ग्रेस/कम्युनिस्टमा रातारात पसे। यही कारण तराईको आर्थिक शक्ति संरचनामा कुनै परिवर्तन हुन सकेन।

भाष्कर गौतम, मधेस विद्रोहको नालीबेलीमा लेख्छन्- '२०६३ माघको मधेस विद्रोहले सामाजिक सम्बन्धमा धेरथोर परिवर्तन दिए पनि आमगरिब मधेसीहरूको आर्थिक जीवनयापनमा फेरबदल दिन सकेन। उनी लेख्छन्- सिरहा/सप्तरीका दलित महिला/पुरुष भन्छन्- जे दियो तिनै उच्च मधेसीहरूलाई दियो तर गरिबहरूलाई जस्ताको त्यस्तै राख्यो। उनका अनुसार मूलतः त्यो तराईका जमिनदारको राजनीतिक हैसियत प्राप्त गर्ने आन्दोलन मात्रै थियो। उनले सुरेश ढकालको मूल्याङ्कनको लेख उदृत गर्दै लेखेका छन्- 'त्योभन्दा बढी पश्चिममा मुक्त कमैया र नेपालमा चलिरहेको भूमि अधिकारको आन्दोलनले गरिबहरूको सामाजिक आर्थिक सम्बन्धमा परिवर्तन ल्याउन सहयोग गरिराखेको छ।' गौतमका अनुसार २०६३ को माघे विद्रोह केवल राजनीतिक हकदाबीको मात्रै आन्दोलन भयो। यसले गरिब भूमिहीनहरूको आर्थिक र सामाजिक जीवनमा खासै परिवर्तन ल्याउन सकेन। यो आन्दोलनमा मारिने सबै मधेसका गरिब थिए कोही पनि जमिनदार र धनी वर्गका थिएनन्। गौतम लेख्छन्- सिरहा/सप्तरीका गरिब, भूमिहीन तथा दलित भन्छन्, हामी त जमिनमाथिको हकलगायत् आर्थिक, सामाजिक, शैक्षिक रूपान्तरणको माग लिएर रोडमा आएका थियौँ तर केवल जमिनदारको राजनीतिक हक दाबीमा मात्रै सीमित रह्यो यो माघे आन्दोलन।

जमिनदारका परिवार अझ छतमा बसेर हामीलाई गिज्याउँथे। हामी भोकभोकै आन्दोलनमा लठ्ठी लिएर हिँड्थ्यौँ। गौतमका अनुसार यस आन्दोलनले मधेसभित्रको सामन्ती सामाजिक अन्तरसम्बन्धलाई अझ बलियो बनाउन सहयोग पुर्‍यायो वा मजबुत बनायो। हुन पनि २०६४ भदौ १३ मा मधेसी जनअधिकार फोरम र नेपाल सरकारबीच भएको सम्झौताको १५ नं. बुँदामा माओवादीद्वारा कब्जा गरिएका जमिन र घर फिर्ता गर्ने सहमतिमा हस्ताक्षर भयो। यो माग मधेसी नेताहरूका तर्फबाट राखिएको थियो। जुन भूमि सुधारबिना नै अनुपस्थित जमिनदारको जमिन फिर्ता गर्नु तराईका गरिब भूमिहीनका हितमा थिएन। गेजका अनुसार मैदानको राजनीतिलाई सक्रिय बनाउने र महत्वपूर्ण गुनासो जमिनसम्बन्धी द्वन्द्व हो। जमिनको समाधान नभएसम्म तराईको द्वन्द्व समाधान हुँदैन।

कृषि समाजमा धन कमाउने एउटैमात्र साधन जमिन हो। अझ नेपालको सन्दर्भमा शक्ति र पहिचान पनि हो। राजनीतिमा धनको ठूलो भूमिका हुन्छ तर तराईका मोही र भूमिहीनले कहिले पनि जमिनको स्वामित्व पाएनन् जुन उनीहरूको पहिचान, आर्थिक स्वतन्त्रता र सामाजिक प्रतिष्ठासँग गाँसिएको थियो। जमिनदारसँग भएको स्रोत/साधनले ठूलो प्रभाव पार्छ र उसलाई राजनीतिमा लाग्न र लगानी गर्न प्रशस्त समय पनि दिन्छ। जोसँग जमिन हुन्छ उसलाई व्यवसाय गर्न, धितो राखेर ऋण लिन, नागरिकता लिन, विदेश जानलगायत्का थुप्रै अवसर दिन्छ। गाउँमा को धनी छ भनेर नाप्ने एउटैमात्र साधन वा सूचक ऊसँग भएको जमिन नै हो। जमिनको स्वामित्व, माथिल्लो जात र राजनीतिमा सक्रिय भएमा त्यसलाई अरूले भेट्टाउन सक्दैन किनभने गाउँको पूरै शक्ति संरचना उसको नियन्त्रणमा हुन्छ।

विकासोन्मुख मुलुकमा राजनीतिक र आर्थिक शक्ति एउटै सभ्रान्त वर्गको हातमा छ। गेज लेख्छन्- 'नेपालको सम्पत्तिको ठूलो हिस्सा कृषियोग्य जमिनको ठूलो भाग, साना उद्योगको अधिकांश हिस्सा, ठूला उद्योगको उल्लेखनीय अंश र नेपाल र बाहिरी देशबीच रहेको व्यापारको अंश तराईका थोरै मानिसको नियन्त्रणमा छ जसले राष्ट्रिय राजनीतिमा पनि नियन्त्रण जमाएका छन्।' त्यसैले तराईमा सामन्ती प्रथा पनि जिउँदै छ, जसलाई भूमि सुधारले मात्रै अन्त गर्न सक्छ।

क्रान्तिकारी भूमि सुधारको नारा दिने माओवादीले तिनै तराईका जमिदारहरूसँग सत्ता समीकरण गरे। माओवादीहरूकै शब्दमा जसले २०६५ वैशाख महिनादेखि बन्द रहेको मोही हक निवेदन र आधा जमिन लिन पाउने कानुनी प्रावधानलाई पनि खुलाउन दिएनन्। २०६४ को चुनाव जित्नासाथ डा. बाबुराम भट्टराईले इन्डियाबाट प्रकाशित हुने इकोनोमिक विक्लीलाई दिएको अन्तर्वार्तामा उनको सरकारको पहिलो काम भूमि सुधार नै हो भने तर उनी आफैँ प्रधान मन्त्री हुँदासमेत मोहीको निवेदन दिने र मोहियानी हक लिने कामसमेत गर्न सकेनन्। भूमि सुधार वा भूमिको वितरण त परै जाओस्। १८ महिनामा भूमिहीनलाई एउटा परिचयपत्र बाँड्न सकेनन्, जुन कुरा ६ महिना पनि लाग्ने थिएन, सुकुमबासीले जमिन पाउने कुरा टाढाकै रह्यो। तराईका मानिसका लागि अहिले पनि पहिचान भनेकै भूमिमाथिको स्वामित्व हो, आर्थिकरूपमा स्वतन्त्र हुनु हो, आर्थिकरूपमा रहेको शोषण समाप्त हुनु हो। एकल वा बहुजातीय पहिचान होइन।

तराईका दलित चौधरी, गरिबहरू तराईकै जमिनदारबाट शोषित छन्, पीडित छन्, अपहेलित छन्। उनीहरूलाई त्यो अपहेलित वा शोषित हुने पहिचानभन्दा स्वतन्त्र हुने, सम्मानसाथ बाँच्न पाउने भूमिमाथिको स्वामित्व र आर्थिक रूपान्तरण चाहिएको छ। अहिले जितेका राजनीतिक पार्टीहरू र सरकारले मधेसको भूमि सुधारलाई अपहेलना गरे वा भूमि सुधारको मुद्दालाई ओझेलमा राखे वा भूमि सुधारको कामलाई थाँती राखे भने अर्को मधेस आन्दोलन तराईका गरिब, भूमिहीन, मोही, कृषि मजदूर, हलिया, हरूवा/चरुवा र गरिबहरूबाट हुनेछ र अहिले सत्तामा जाने दलहरू पाखा लाग्नेछन्। एकजना गरिबले ५६ मुद्दा खेप्नुपर्ने पीडा गरिब जनता सधैँ सहेर बस्ने छैनन्। अब उनीहरू सडकमा आउनेछन्। अब सत्ता र सरकारका लागि होडबाजी होइन, गरिब जनताको आर्थिक रूपान्तरण र भूमि सुधारका लागि गरिब जनता कुरेर बसेका छन्। अहिलेको चुनावले यही सन्देश दिन्छ। ✿



सोमत घिमिरे

# खाद्य सङ्कट र सुधारवादी हस्तक्षेपमा प्रश्न



बढ्दो खाद्य सङ्कटका कारण नेपालको संरचना, आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक परिवेश हो वा अरू कुनै विधि ? के हामी अहिलेको संरचनालाई र प्राकृतिक स्रोतमाथिको स्वामित्वलाई यथावत् राखी राम्रो मल, राम्रो बीउ, राम्रो प्रविधि ल्याएरमात्र खाद्य सङ्कटबाट मुक्त हुन सक्छौं ? यो जमेर बहस गर्नुपर्ने सवाल हो । यसको अर्थ राम्रो मल, राम्रो बीउ र राम्रो प्रविधिलाई नजरअन्दाज गरेको हैन । कुनै सानो कुरा हो भनिरहेको पनि छैन तर यो मुद्दा कसको हो ? उच्च र मध्यम किसानको वा साधारण सुकुमबासीको ? अधिकांश किसान, जसको ५/७ कठ्ठा जग्गा छ, जसको ५/७ रोपनी जग्गा छ, तिनीहरूका लागि खाद्य सङ्कट सामना गर्ने उत्तम विधि के हो ? सुकुमबासीलाई खाद्य सङ्कटबाट मुक्त गर्ने हो भने यसका राजनीतिक कारण के हुन् भनेर खोज्न जरुरी छ कि छैन ?

नेपालमा कुनै न कुनैरूपमा कुनै न कुनै पार्टीले कुनै न कुनै बेला भूमि सुधारको नारा बोकेकै हो । अहिले पनि कतै न कतै नागरिक तहबाट भूमि सुधारका एजेन्डा उठिरहेका छन्- त्यो लेखेर उठ्या छ, बोलेर उठेको छ, जुलुस निकालेर उठेको छ, सङ्गठनका रूपमा उठेको छ ।

नेपालमा सञ्चालित विकास परियोजनाहरूले के ठाने भने नेपालमा संरचनागत परिवर्तनको कामभन्दा पनि अलिकति सुधारवादी काम गरौं, केही बाटाका कुरा गरौं, केही बीउ वितरण गरौं, यसबाट खाद्य सङ्कट टार्न सकिन्छ । यसले नेपालको खाद्य सङ्कट घटाउन कति मद्दत गर्‍यो ? के यत्रो संरचनाका कारण थोपरिएका अन्यायपूर्ण सामाजिक सम्बन्धहरू भएको देशमा एउटा सानो विकासे हस्तक्षेपबाट, सानो विकासे क्रियाकलापबाट, गतिविधिबाट, संरचना फेरबदल हुन सक्छ ? केही दिएरमात्र हामीले जुन समाधान गर्न खोज्यौं, के त्यो बाटो हाम्रा लागि उपयुक्त थियो ? के त्यो बाटोबाट खाद्य सुरक्षाको निकास निकाल्न सक्छौं ? यो प्रश्न पनि २०३६ सालदेखि अहिलेसम्म ज्युँदै छ ।

अर्को प्रश्न खाद्यान्न भनेको के हो ? कृषि मन्त्रालयले ५ अन्न भन्छ- धान, मकै, गहुँ, कोदो र जौ । यो विचार कहाँबाट बन्यो ? हाम्रा साथीहरूले जङ्गलबाट ल्याएको च्याउले खाद्यान्न सुरक्षामा मद्दत गरेको छ कि छैन ? खोलाबाट ल्याएका माछाले खाद्यान्न सुरक्षामा मद्दत गरेको छ कि छैन ? किन खाद्यान्नलाई यति धेरै केन्द्रितरूपमा व्याख्या गरियो ? सँगसँगै यी स्रोतहरू कसको नियन्त्रणमा छन् भन्ने प्रश्न पनि महत्वपूर्ण छ । हाम्रो जस्तो देशमा खाद्य सुरक्षाको जति कुरा गरे पनि कृषि श्रमिकले गरेका पौरखकै कारण हामीले खान पाएका छौं । इन्जिनियरले खोला देख्यो भने उसले विजुली कति निकाल्न सकिन्छ भनेर कल्पना गर्छ, मछुवाले खोला देख्यो भने कति माछा निकाल्न सकिन्छ भनेर कल्पना गर्छ । पानी भन्नेबित्तिकै बिजुली बुझ्ने तरिका उपयुक्त छैन । पानीसँग मानिसको जनजीवन, संस्कृति जोडिएको छ कि छैन ? पानी भन्नेबित्तिकै खोइ सिँचाइ सोचेको, खोइ संस्कृति सोचेको ? पौडी खेल्ने, रमाइलो गर्ने भन्ने खोइ सोचेको ?

नेपालको खाद्य सङ्कटको समस्या उत्पादनमुखी संरचनामा छ, यो समस्या स्वामित्वमा छ । यो अवस्थामा जे/जे गरे पनि कमजोर मानिसमा जाँदैन । अर्को कुरा प्रबल भएर बजार आइदियो । चामल बजारमा लगिदेऊ, तरकारी बजारमा लगिदेऊ, सब कुरा बजारमा लगिदेऊ, अब बजारलाई बीचमा राख । बजारलाई बीचमा राखेनौ

भने यो हुँदैन भनेर नेपालमा २०४६ को परिवर्तनपछि सङ्गठितरूपमा कङ्ग्रेसमा छलफल पनि भयो । तर बजारमा चामल छ अनि गरिब भोकै सुतिरहेका छन् भन्ने बिर्स्यौँ । सिरहामा चामल छ तर त्यही जिल्लाका मान्छे भोकै सुतिरहेका छन् । सर्लाहीमा चामल छ तर सर्लाहीकै मान्छे भोकै छन् । भनेपछि के बजार उपाय हो ? होइन । बजार निषेध गरेको समाजको कल्पना पनि गर्न सकिँदैन तर बजार न्यायमा आधारित हुनुपर्‍यो नि ।

भूमि सुधारलाई हामीले धेरै व्याख्या गर्न सकेनौँ । भूमि सुधारको आर्थिक सान्दर्भिकता के हो ? भूमि सुधारबाट हामीले सामाजिक न्यायमा आधारित राज्य व्यवस्थाको परिकल्पना गर्न खोजेका छौँ । अहिले आएर समावेशी राज्यको कुरा गरेका छौँ । एउटा भूमिहीन मानिस कहिले समावेश हुन सक्छ यो संसारमा ? खानेपानी उपभोक्ता समितिमा सुकुमबासी आउन मिल्दो रहेनछ । किन मिल्दैन भन्दा पहिले पैसा आउँदैन रे, पहिला पैसा नल्याएपछि उधारो ल्याउनुपर्छ रे । साहूले पनि दिँदैन रहेछ । भनेपछि त्यो नाममा अलिक जग्गा जमिन भएको साहूले पत्याउने मानिस आउनुपर्ने रहेछ । भनेपछि एउटा उपभोक्ता समितिमा त एउटा गरिब आउन नहुने रहेछ भने ऊ अन्य कहाँ पुग्न सक्ला ?

भूमिको यत्रो सम्बन्ध छ भने हामी कहाँको समावेशी राज्य व्यवस्था बनाउछौँ अहिलेको संरचना राखेर ? समावेशी राज्य संरचना भनेको संविधान सभामा सबै जात हराभरा हुनुमात्रै हो ? संविधान सभामा महिला छन्, दलित छन्, जनजाति छन्, के समावेशी हुनु भनेको त्यहीमात्र हो ? समावेशीपनको बहस नेपालमा एकलकाटेरूपमा मात्रै अघि बढेको छ । संरचनामा कहीँ दलित छुटे कि, जनजाति छुटे कि ? महिला पो छुटे कि ? छुटाउनुहुँदैन है भन्नेमा सीमित छ ।

जमिनमा समावेशी भनेको के हो ? पानीमा समावेशी भनेको के हो ? जङ्गलमा समावेशी भनेको के हो ? समावेशीको बहस हावादारी बहस होइन । जसको जमिन छ, उसको समाजमा मर्यादा छ, मान्यता छ, नमस्तेको ओइरो छ । तिनै मान्यता र नमस्तेको ओइरोभित्र बसेर उसले सार्वजनिक



सम्पत्तिहरूमा आफ्नो नियन्त्रण राखेको छ । आज जनजाति सामुदायिक वनसँग मिसाइएका छन् । चेपाङ खोरिया सामुदायिक वनभित्र नापिएका छन् । त्यसैले जनजाति संस्कृतिअनुसारको वन व्यवस्थापन के हो भनेर खोज्नुपर्ने अवस्था छ ।

तराईका अधिकांश पोखरी जमिन्दारको नियन्त्रणमा छ । बाहिरको ठेकदार छन् र ती ठेकेदार सररर बाइकमा आएर पोखरीका माछा मारेर बेच्न लैजान्छन् । गाउँको सम्पत्ति कसरी अरूको हुन सक्छ ? एकपटक नवलपरासीमा बोटेहरूले सार्वजनिक जग्गामा बस्न खोजे तर ठालुहरूले यो हाम्रा केटाकेटीले फुटबल खेल्ने चउर हो भने । कसैलाई यो देशमा फुटबल खेल्न चउर चाहिएको छ । कसैलाई भने बस्न ठाउँ छैन । त्यसैले अब हामीले खाद्य सुरक्षाको बाटो अलिकति फेर्ने हो भने अर्को बाटोको विषयमा छलफल गर्नुपर्‍यो । अर्को बाटो भनेको संरचना र परिवर्तनको बाटो, सामाजिक न्यायको बाटो र निजी सार्वजनिक सम्पत्तिमा सामुदायिकीकरणको बाटो । किसान बन्नु इज्जतको कुरा हो कि लाजमर्दो ? आज एउटा किसान गौरवसाथ म किसान हुँ भन्न सक्दैन । हेपीहेपी निहुरिएको शिरबाट उत्पादन हुन्छ ? उसको जिन्दगीको सबभन्दा ठूलो अपराध उसले कृषि छोड्न नसक्नु भन्ने गराइएको छ । कसरी त्यो वर्गलाई यो काम ठीक हो भनेर हौसला प्रदान गर्न सक्छौँ ? विदेश जाने युवालाई कृषिमा कसरी आकर्षित गर्ने ? सोच बनाउनु जरुरी छ ।

किसानमैत्री सरकार नबनाएर, यस्तो अर्थनीति कायमै राखेर, यस्तै बजार राखेर किसान वृद्धि हुनसक्छ ? खाद्य सुरक्षामा मद्दत पुग्न सक्छ ? सक्दैन । नेपालको २७ प्रतिशत जङ्गल लगभग सेनाले राखेको छ । खाद्य सुरक्षाको प्याकेज भनेको नै जल, जङ्गल र जमिन हो । खोला देख्नेबित्तिकै बिजुली देख्ने ज्ञानले खोला देख्नेबित्तिकै जीविका देख्न सक्नुपर्‍यो । कुनै पनि नामको वन राज्यलाई चाहिन्छ भने मानव बस्तीभन्दा टाढाको वन, मान्छेले व्यवस्थापन गर्न सक्दिन भनेको वन र अत्यन्तै संवेदनशील वन राज्यले राखोस् । तर जनताले म गर्छु, गर्न सक्छु भनेको वन सरकारले छोड्नुपर्दैन ?

अर्को हामीले छलफल गर्नुपर्ने विषय सामुदायिक वन हुन्छ भने सामुदायिक पोखरी हुन्छ कि हुँदैन ? सामुदायिक खेतीपाती हुन्छ कि हुँदैन ? समुदायको मिलेमतोमा, विचारमा जे गर्दा उत्तम हुन्छ, त्यही सामुदायिकीकरण गर्दै लैजानुपर्छ । यसले कुनै न कुनैरूपमा खाद्य सुरक्षामा मद्दत गर्छ । तर उत्पादनलाई मात्र केन्द्रमा राखेर सामाजिक न्याय भएन भने त्यसले चाहिँ काम पटक्कै दिँदैन ।

# स्रोतमा महिला : सङ्घर्ष र उपलब्धि




## परिचय

नेपालमा महिला ५१.५ प्रतिशत अर्थात पुरुषभन्दा २.५ प्रतिशत बढी छन् । त्यसमा पनि अधिकांश पुरुष कि वैदेशिक रोजगारीका क्रममा बाहिर छन् भने यहीँ भएका पनि अन्य कामको सिलसिलामा घरबाहिर रहन्छन् । त्यसैले कृषिप्रधान देश नेपालको खेतीपाती धान्ने यतिबेला महिला नै भएका छन् । तर विडम्बना, घर जग्गामा स्वामित्व भने तिनै महिलाको निकै दयनीय छ, अर्थात मात्र १९.७१ प्रतिशत । अझ २०५८ मा त यो प्रतिशत मात्र ९.११ थियो ।

रोजगारी र अन्य विकल्पको अभाव रहेको नेपालमा भूमि नै सम्पत्तिको मुख्य आधार रहिआएको छ । तर यही मुख्य आधारमै महिलाको स्वामित्व नहुँदा उनीहरू हरेक क्षेत्रबाट वञ्चित तुल्याइएका छन् । र, अझ घरेलु हिंसाबाट समेत पीडित छन् । त्यसैले महिलालाई पुरुषसरह बनाउन तथा उनीहरूलाई हरप्रकारका वञ्चितीकरणबाट मुक्त तुल्याउन सम्पत्तिमा समान अधिकारको वकालत भूमि अधिकार बुलेटिनको सुरुदेखिकै महत्वको विषय बन्यो ।

बुलेटिनका ५० वटा अङ्कमा छापिएका ३६७ वटा विचारप्रधान लेखमध्ये स्रोतमा महिलाको अधिकार स्थापित गर्नेखालका १७ वटा छापिए । जसले भूमिमा महिला स्वामित्वको विषयलाई जोडतोडले उठाइरह्यो । यसरी भूमिमा महिला अधिकार स्थापित गर्नका लागि उठाइएको आवाज निकै हदसम्म सम्बन्धित निकायबाट सुनिएको पनि छ ।

## सवाल उठान

आफैँ दिन/रात खटिने ‘सम्पत्ति’ मा आफ्नै अधिकार नभएपछि जो पनि पछि पर्ने नै भयो । त्यसैले भूमि अधिकार प्राप्तिको आन्दोलनमा सक्रिय सहभागी हुन उत्प्रेरित गर्नेखालका सामग्रीलाई यो बुलेटिनले सुरुदेखि नै महत्व दिँदै आएको छ । उनीहरूले कसरी यो आन्दोलनमा सहभागिता जनाउन सक्छन्, आफ्नो भूमिका कसरी प्रभावकारी तुल्याउन सक्छन् र अन्य कामसँग कसरी समन्वय गरेर अघि बढ्न सक्छन् भन्ने पक्षमा यस्ता वकालतीय सामग्रीले निकै सघाउ पुऱ्याएका छन् ।

**महिलालाई पुरूषसरह बनाउन तथा उनीहरूलाई हरप्रकारका वञ्चितीकरणबाट मुक्त तुल्याउन सम्पत्तिमा समान अधिकारको वकालत भूमि अधिकार बुलेटिनको सुरूदेखिकै महत्वको विषय बन्यो ।**

विभिन्न कानुनले सम्पत्तिमा महिलाको अधिकारप्रति गरेको विभेद तथा त्यसलाई निमिट्यान्न पार्न चाल्नुपर्ने कदमबारे पनि बुलेटिनले नियमितरूपमा आवाज उठायो । फलस्वरूप महिलाले मुलुकका विभिन्न भागबाट ऱ्याली निकाल्ने र निकै लामा पदयात्रा गर्नेसमेतको वातावरण बन्यो । यस्ता




कार्यक्रममा बढ्दो महिला सहभागिताले अन्यलाई पनि आकर्षित गऱ्यो भने भूमि प्राप्तिको आन्दोलनमा पनि महिला अधिकारको पाटो निकै सशक्तरूपमा उजागर हुन सक्यो। भूमि अधिकार बुलेटिनमा छापिएकै सामग्रीका आधारमा धेरै महिला यो अभियानमा सामेल हुने आधारभूमि पनि प्राप्त हुन सक्यो।

भूमिमा महिलाका सवाल के के हुन सक्छन् ? महिलालाई कसरी भूमिलगायतका सम्पत्तिमा अधिकार दिलाउन सकिन्छ ? अहिले उनीहरूलाई समान हक दिनका लागि गर्नुपर्ने व्यवस्था के के हुन् ? जस्ता विषयमा केन्द्रित रही निरन्तर गरिएको वकालतले विधायकहरूलाई समेत मद्दत पुगेको थियो। अझ यसभित्र पनि सीमान्तकृत महिलाका पक्षमा दिनुपर्ने विशेष जोडलाई पनि यस्ता सामग्रीले निकै दमदार ढङ्गले उठाए।

खासगरी यस्तै कदमहरूका कारण जमिनमा महिला र पुरुषको संयुक्त पुर्जा निर्माण अभियान निकै सशक्त देखिएको पनि छ। महिला हिंसाविरुद्धको १६ दिने अभियान, नारी दिवस आदिका अवसरमा निकै तामझामसाथ गरिने प्रचारशैलीका कारण भूमिमा महिलाको अधिकार एउटा नवीन विषयका रूपमा स्थापित हुन सकेको छ। यस्ता अवसरमा गाइने गीत होउन् वा खेलिने भैलो, देउसी, संयुक्त पुर्जादेखि समान अधिकारसम्मको विषयले महिलालाई निकै जागरुक बनाएका प्रमाणहरूले पुष्टि गर्छन्।

भूमि सिकाइ केन्द्रहरूमा हुने छलफलले भूमिमा महिला अधिकारको विषयलाई निकै माथि उठाउन तागत प्रदान गरेका छन्। जसलाई निरन्तर यो बुलेटिनले सघाउँदै आएको छ। यिनै महत्वपूर्ण पक्ष हुन् जसले नीति निर्माताहरूलाई महिलालाई भूमिलगायत सम्पत्तिमा समान हक उपलब्ध गराउन सकारात्मक तुल्याएका छन्। अनि राज्यका उच्च पदहरूमा आसीनलाई पनि यसको महसुसीकरण गराउन सकेका छन्।




## नतिजा

- संविधानले सम्पत्तिमा महिला र पुरुषको समान हक हुने व्यवस्था गरेको छ।
- सरकारले आर्थिक वर्ष २०६८/२०६९ देखि संयुक्त जग्गा धनी पुर्जा नीति लागु गरेको छ भने २०७४ देखि संयुक्त पूर्जा कार्यबिधी लागु भई कार्यान्वयन भइरहेको छ। सलाई अभियानकै रूपमा फैलाइएका कारण २०७५ मङ्सिरसम्ममा ७ हजार ६ सय १७ दम्पतीले संयुक्त पुर्जा बनाइसकेका छन्। उनीहरूले संयुक्त पुर्जा बनाएका जग्गाको क्षेत्रफल २२६६.१५ हेक्टर छ।
- यस अभियानको प्रभावले गर्दा राज्यले प्रदान गर्ने घर, घडेरी र खेतीपातीका लागि जमिन उपलब्ध गराउँदा संयुक्त पुर्जा हुनैपर्ने नीति बनाइ कार्यान्वयनसमेत गरेको छ। जस्तो- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा बिस्थापित तथा जोखिमयुक्त क्षेत्रका परिवारलाई पुनर्वास गराउनका लागि जग्गा खरिद प्रक्रियामा सहयोग गर्दा अनिवार्यरूपमा श्रीमान्-श्रीमतीको नाममा गराउनुपर्ने कार्यविधि ल्याई कार्यान्वयनसमेत भइरहेको छ।
- जुनसुकै प्रकारबाट महिलाको नाममा स्वामित्व प्राप्त हुनेगरी पारित हुने लिखतमा ऐनबमोजिम लगाइएको रजिस्ट्रेसन दस्तुरमा २५ प्रतिशत छुट, ग्रामीण भेग र सदरमुकामबाहेक ३० प्रतिशत छुटको व्यवस्था गरिएको छ। त्यसैगरी हिमाली क्षेत्रका (जिल्ला सदरमुकामबाहेकका गाउँको) हकमा ५० प्रतिशत रजिस्ट्रेसन दस्तुर छुटको व्यवस्था छ। एकल महिलाको हकमा पारित हुने लिखतमा ऐनबमोजिम लगाइएको रजिस्ट्रेसन दस्तुरमा ३५ प्रतिशत छुट दिइने प्रावधान छ।



कल्पना कार्की

# भूमिमा महिला अधिकार : केही मुद्दा




भूमि उत्पादनको प्रमुख साधन हो तर भूमिलाई खाद्यान्नसँग मात्र जोडेर हेर्ने गरिन्छ । भूमिले मान्छेलाई बसोबास दिन्छ, पहिचान दिन्छ र उसको सामाजिक हैसियत कायम गर्छ । जोसँग भूमि छ, उसको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक पहिचान दिलाउँछ । त्यसैले भूमिमा महिलाको अधिकारको कुरा गर्दा पनि यसलाई फराकिलो अर्थमा बुझ्न जरुरी छ ।

भूमिमा महिलाले अधिकार खोज्नु केवल महिला स्वयम्का लागिमात्र हैन । परिवार, समाज र राष्ट्रको चौतर्फी विकासका लागि पनि हो । महिला स्वयम्को आत्मविश्वास बढाउन, परिवार र समाजमा मान/प्रतिष्ठा पाउन, उनको नेतृत्व क्षमता वृद्धि गर्नका लागि महिलालाई भूमिको अधिकार दिलाउन आवश्यक छ ।

नेपालमा ९० प्रतिशत महिला खेतिपातीको काम गर्छन् । ६० प्रतिशत कृषि उत्पादनमा योगदान गर्छन् । महिलालाई थप ऊर्जाशील बनाउनका लागि पनि भूमिमा महिलाको हक स्थापित गराउनुपर्छ । भूमिमा महिला अधिकार स्थापित हुनु भनेको महिलालाई आत्मनिर्भर, स्वाभिमानी र सचेत बनाउनु हो । महिलाको सम्मान, पहिचान, इज्जत, तागत, हिम्मत र आत्मविश्वास बढाउनु हो । महिलामाथि हुने विभेद, हिंसा, शोषण, अन्याय, उत्पीडन र भेदभाव अन्त्य गर्नु हो ।

भूमिमा महिलाको हकको कुरा गर्दा सतही कुरालाई बढी हेरिन्छ । जस्तो महिलालाई जमिन दिएमा पोइल जाँदा परिवारको विचल्ली हुन्छ भन्ने कुरा सबैभन्दा पहिले आउँछ । महिला परिवारको पालनपोषणका लागि सरदर दिनको अठार घण्टा काममा खट्छन् उनैलाई किन यस्तो शङ्का गरिन्छ ? यसको गहिरो विश्लेषण जरुरी छ । परापूर्वकालदेखि महिलालाई केवल सृष्टि चलाउने, बच्चा जन्माउने र घरको सम्पूर्ण श्रम गर्ने दोस्रो दर्जाको नागरिकका रूपमा हेरिँदै आएको छ । त्यसैले रातोदिन माटोमा पसिना बगाउने सम्पूर्ण कृषि श्रमिक महिला भूमिहीन छन् । हाम्रो समाजमा व्याप्त पितृसत्तात्मक सोच र चिन्तनका कारण पनि महिलाले पूर्ण अधिकार पाउन सकेका छैनन् ।

**नेपालमा ९० प्रतिशत महिला खेतिपातीको काम गर्छन् । ६० प्रतिशत कृषि उत्पादनमा योगदान गर्छन् । महिलालाई थप ऊर्जाशील बनाउनका लागि पनि भूमिमा महिलाको हक स्थापित गराउनुपर्छ ।**

संसारमा महिला नहुने हो भने हामी सबै भोको हुन्छौँ । संसारका प्राणीको खाद्य पदार्थ उत्पादनको प्रमुख साधन भूमिलाई मातासँग तुलना गरिएको छ । बच्चा जन्माउने, सृष्टि चलाउने, परिवारको पालनपोषण गर्ने, बीउवीजन भण्डारण गर्ने कुशल सिपकी खानी हुन् महिला । माटोको रातोदिन स्याहार गर्ने, परिवार पाल्ने तिनै आमाको नाममा भूमि छैन किन ? जवाफ आवश्यक भएको छ अहिले ।

छोरीलाई पनि छोरासरह समान गर्न आफ्नै घरभित्रबाट सुरु गर्नुपर्छ। छोरीलाई सम्पत्ति र शिक्षा दुवैका मालिक बनाउनुपर्छ। छोरीले पनि जन्मनासाथ शिक्षा र पैतृक सम्पत्तिको मालिक बन्ने बराबरी हक छ। किन हाम्रो परिवारमा छोराले मात्र अंश पाउँछन् ? छोरीको अधिकारको कुरा आउँदा सम्पत्ति होइन शिक्षा भन्ने कुरा आउँछ। किन हामी खुलेर भन्न सक्दैनौँ कि छोरीलाई शिक्षा र सम्पत्ति दुवैको मालिक बनाइनुपर्छ भनेर? सबैले बुझ्नुपर्ने कुरा के हो भने कोही पनि व्यक्तिको सम्पत्तिमा अधिकार नभई उसको आधारभूत अधिकार सुरक्षित रहन सक्दैन।

**भूमिहीनताको कारण ग्रामीण भेगका पुरुष बाहिर जाँदा कामको बोझ त छंदैछ। त्यसमा एचआइभी/एड्स सङ्क्रमित भएर फर्केका पुरुषबाट महिला र उनका बच्चामा सरेका घटना अति नै दर्दनाक छन्।**

ग्रामीण भेगका महिलाका लागि त भूमि नै सम्पत्तिको प्रमुख स्रोत हो। भूमिमा नै महिलाले रातोदिन पसिना चुहाउँछन् र जीवन नै परिवारको पालनपोषणमा बिताउँछन्। जसले सबभन्दा बढी माटोमा पसिना बगाउँछन् उनीहरूकै भूमिमा हक छैन। राज्यले गरेको यो भेदभावले गर्दा परिवारका आमा हेलामा बाँच्न बाध्य छन्। आफूसँग केही नभएका कारण पनि परवारका सदस्यले हेलाको दृष्टिले हेरेका हुन्।

भूमिहीनताको कारण ग्रामीण भेगका पुरुष बाहिर जाँदा कामको बोझ त छँदैछ। त्यसमा एचआइभी/एड्स सङ्क्रमित भएर फर्केका पुरुषबाट महिला र उनका बच्चामा



सरेका घटना अति नै दर्दनाक छन्। यसरी बालबच्चासहित परिवारको बिच्चली भएको छ।

पुरुषले एउटा श्रीमती हुँदाहुँदै दोस्रो बिहे गरेका घटना प्रशस्तै भेटिन्छन्। यसरी विवाह गर्दा अधिकांश पुरुषले आफूले कमाएको घर जग्गा कान्छी श्रीमतीको नाममा गरिदिने र जेठी श्रीमतीलाई केही पनि नदिने क्रम पनि बढिरहेको छ। जेठी श्रीमतीले जीवनभर अड्डा अदालत धाउँदै हैरान हुने स्थिति छ। महिलामाथि दिन/प्रतिदिन हिंसा भइरहेको छ।

भूमिमा महिला अधिकारसम्बन्धी यी जटिल मुद्दा हल गर्नका लागि राज्यले महिलाको नाममा जग्गा पास गर्दा लाग्ने रजिस्ट्रेसन शुल्कमा छुट दिँदैमा समस्याको समाधान हुँदैन। यो राज्यको लाचारीपन हो। किनकि समग्र खेतीमा काम गर्ने महिलाको नाममा जमिन आउन शुल्कमा छुट दिँदैमा सम्भव छैन। महिलाको भूमि अधिकार ग्यारेन्टीका लागि उल्लिखित कुरामा नीति बनाई लागु गरिनुपर्छ।

संविधानमा नै भूमिमा महिला किसानको पूर्ण हक हुने व्यवस्था गरिनुपर्छ। समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नहुने संवैधानिक व्यवस्था हुनुपर्छ। पुर्ख्यौली सम्पतिमा बिनालैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुने किटानी हुनुपर्छ। प्रत्येक महिलालाई लैङ्गिक विभेदबिना समान वंशीय हक हुनुपर्छ।

जग्गामा स्वामित्व भएका परिवारको महिला र पुरुष दुवैको नाममा संयुक्त पुर्जा जारी गरिनुपर्छ। यसअघि जारी गरिएका सम्पूर्ण जग्गाधनी पुर्जामा श्रीमान्‌को नाममा रहेको जग्गामा श्रीमती र श्रीमतीको नाममा रहेको जग्गामा श्रीमान्‌को अधिनत्व कायम गर्दा कुनै शुल्क नलाग्ने व्यवस्था हुनुपर्छ। यसका लागि सरकारले नै राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्छ।

महिलाको नाममा जग्गा खरिद गर्दा लाग्ने राजस्वमा अहिलेको २५ बाट बढाइ ५० प्रतिशत छुट दिइने व्यवस्था गरिनुपर्छ। र, एकल, अपाङ्गता भएका अनि दलितको हकमा भने शतप्रतिशत छुट दिनुपर्छ। एकल महिला र स्वतन्त्र भूमि हक लिन चाहने महिलाका लागि बिनाझन्झट, बिनाशुल्क स्वतः भूमिको हक हस्तान्तरण हुनुपर्छ।

मुलुकी ऐन एघारौँ संशोधनले छोरीलाई पनि छोरासरह जन्मैदेखि पैतृक सम्पत्तिमा समान अधिकार दिएको छ। यसलाई व्यवहारमा लागु गराउन विशेष राष्ट्रिय योजना ल्याउनुपर्छ। समान कामका लागि समान र उचित ज्याला पाउने व्यवस्था हुनुपर्छ। कृषि मजदूरको ज्याला स्थानीय तहमा महिला सङ्गठनको सहभागितामा कायम गरी लागु गरिनुपर्छ।



गीता पण्डित

# महिला हिंसाविरूद्धको १६ दिने अभियान र संयुक्त पुर्जा




विश्वभर विभिन्न स्वरूपमा आयोजना हुँदै आएको महिला हिंसाविरुद्धको १६ दिने अभियान थालिएको २१ वर्ष पुग्यो। नेपालमा सुरुका वर्षमा यस अभियानअन्तर्गत सहरकेन्द्रित कार्यक्रम हुने गर्थ्यो। तीन/चार वर्षयता भने स्थिति थोरै बदलिएको छ। विभिन्न सङ्गठन र महिला अधिकारकर्मीको पहलमा यस अभियान गाउँसम्म पुग्न थालेको छ। अति दुर्गम जिल्लाका दुर्गम गाउँमा पनि महिला हिंसाविरुद्ध सचेतना जगाउने कार्यक्रम भइरहेको खबर सञ्चार माध्यममा आइरहेका छन्।

यस्ता अभियानबाट महिला हिंसा के/कति कम भइरहेको छ भन्ने अनुमान गर्न कठिन छ। तर यस्ता अभियानले महिला हिंसाविरुद्ध सचेतना जगाउन अनि हिंसा सहेर बस्नुहुन्न भन्ने आँट बढाउन भने काफी मद्दत गरेका छन्। यद्यपि सञ्चार माध्यममा कतिपय सुन्नै नसकिने महिला हिंसाका घटना बाक्लै आइरहेका छन्।

विशेष सन्दर्भ पारेर निश्चित अवधिसम्म मनाइने अभियानले महिलाले भोग्नुपरेका हिंसा पूरै अन्त्य गर्न सम्भव हुने अपेक्षा राख्नु पनि हुँदैन। महिलालाई कमजोर बनाइराख्ने आधार नभत्काई अनि हिंसाको कारण नखोजी दीर्घकालीन समाधानतिर जान सकिँदैन।

यो वर्षको राष्ट्रिय नारा 'घर शान्ति नै विश्व शान्तिको आधार' भन्ने छ। प्रत्येक घरमा शान्ति हुने अवस्था ल्याउन असम्भव छैन। तर यसका लागि के गर्ने ? गर्नुपर्ने प्रयत्न अनेकन छन्। स्वयम् महिला, परिवार, समाज र राज्यले निर्वाह गर्नुपर्ने भूमिकाको सूची निकै लामो हुन सक्छ। उत्पादनको स्रोतमा महिलाको अधिकार स्थापित गर्नु धेरैमध्येको एक मुख्य काम हो।

नेपालका महिला अधिकांशतः खेतीपातीको काम गर्छन्। जमिनमा नै रातोदिन पसिना चुहाउँछन्। पछिल्ला वर्षमा त खेतीपातीको पूरै जिम्मा महिलाको काँधमा परेको छ भन्दा पनि हुन्छ। मासिक झण्डै ३० हजारको सङ्ख्यामा युवा बाहिरिने तथ्याङ्कले पनि यसलाई पुष्टि गर्छ। यतिखेर महिलाले घर, खेती र सामाजिक कर्म सबै धानिरहेका छन् तर जमिनमा महिलाको हक नगन्य छ। जमिनमा महिलाको अधिकार कायम हुन सके परिवार र समाजमा उसको हैसियतमा फरक आउने र यसले हिंसा कम गर्न ठूलो मद्दत हुने देखिन्छ। यसले महिलाको सम्मान, पहिचान, इज्जत, तागत, हिम्मत र आत्मविश्वास बढ्नेछ।

भूमिमा महिलाको अधिनत्व बढाउन सरकारले आर्थिक वर्ष २०६८/६९ को बजेटमा पतिको नाममा कायम रहेको घर/जग्गाको स्वामित्व परिवर्तन गरी पत्नीसमेतको नाममा संयुक्त स्वामित्वका रूपमा लिखत गर्न चाहेमा एक सय रुपियाँमात्र रजिस्ट्रेसन दस्तुर लाग्ने व्यवस्था गरेको छ। यस व्यवस्थाले महिला पुरुषको संयुक्त पुर्जा बनाउन सहज भएको छ। यसअघि जग्गाको मूल्यका आधारमा राजश्व बुझाउनुपर्थ्यो। यही व्यवस्थापछि विभिन्न जिल्ला, जस्तै- सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, बझाङ र दार्चुलाका सदरमुकामबाहेकका गाउँ विकास समिति र सङ्खुवासभा, दोलखा, धादिङ, सिन्धुपाल्चोक र गोरखाका केही दुर्गम गाविसमा महिलाको नाममा घर जग्गाको रजिस्ट्रेसन पारित गर्दा लिखतमा लाग्ने दस्तुरमा ४० प्रतिशत छुट दिइएको छ। यसअघिका वर्षबाटै सबै जिल्ला र क्षेत्रका महिलालाई जग्गा रजिस्ट्रेसन गर्दा लाग्ने दस्तुरमा ३० प्रतिशत छुट दिइँदै आएको छ। यसले भूमिमा महिलाको स्वामित्वमा उत्साहजनक वृद्धि भइरहेको केही मालपोत कार्यालयको तथ्याङ्कले देखाएको छ।



ममता शर्मा नेपाल

# भूमिहीन किसान महिला आन्दोलनको सन्देश



'जमिन कसको ? जोत्नेको ।' कुनै समय नेपाली राजनीतिमा निकै प्रयोग हुने यो नारा अहिले राजनीतिक पार्टीहरूका निम्ति असान्दर्भिक हुने अवस्थातिर पुगेको छ । विगतमा प्रायः सबै पार्टीले कुनै न कुनै रूपमा यो नारालाई समर्थन गरेका थिए । पुँजीवादी भनेर विशेषण भिराइने पार्टी नेपाली कङ्ग्रेससमेत आफ्नो इतिहासमा 'जमिन जोत्नेको' भन्ने मागको समर्थक रहेको पाइन्छ । अहिले सरकारको नेतृत्व गर्ने सौभाग्य पाएको एमालेले त यसैलाई मन्त्र बनाउँदै आफ्नो शक्ति विस्तार गरेको हो । माओवादीले त भन् सबैलाई उछिनेर यो मागलाई जनयुद्धको विकासमा सदुपयोग गरेको थियो ।

राजधानीमा भूमि अधिकार मञ्चका कार्यकर्ताहरूले यो नारालाई पुनर्जीवन दिने कार्य गर्दै सरकारको ध्यान खिचे । करिब ५० जिल्लाबाट आएका मञ्चका कार्यकर्ताको हुलमा भूमिहीन किसान महिलाहरू नै अग्रपङ्क्तिमा देखिन्थे । उनीहरूले भूमि सुधारको मागमात्र उठाएनन्, भूमिमा महिलाको स्वामित्व कायम हुनुपर्ने आवाज पनि घन्काए । अन्ततः सरकारले उनीहरूको आवाज सम्बोधन गर्न मन्त्रिस्तरीय आयोग बनायो । अब यो आयोगले कसरी काम गर्ला ? प्रतीक्षाका आगामी दिनहरूले बताउनेछन् । मुख्य कुरा, अधिकार प्राप्तिको आन्दोलनमा सहरका टाठाबाठा र पढे/लेखेका महिलामात्र छन् भन्ने पुरानो भ्रम अब तोडिएको छ । जुलुस र धर्नामा निरक्षर गरिब महिलाको उत्साहपूर्ण सहभागिता र जोश देख्दा नेपाली महिलाको मुक्तिको समय अब धेरै टाढा छैन भन्ने दर्शाउँछ । गाउँले ढाँचाका कमसल कपडा लगाएका, श्रमको बोझले असमयमै चाउरिएका, हिउँ र घामले डढेर तामाजस्तो राता अनुहार भएका महिलाहरू हातमा प्लेकार्ड बोकेर नाराबाजी गर्दै राजधानीका सडकमा हिँडेको दृश्यले नेपाली समाजको रूपान्तरणको एउटा बेग्लै झाँकी देखियो । यो सर्वथा नवीन तस्बिर हो ।

मञ्चका चारवटा मुख्य माग छन् । तीमध्ये पनि पहिलो माग सामाजिक न्यायको कसौटीमा निकै महत्वपूर्ण छ । जमिनमा आफैँ श्रम गर्ने जोताहा महिला एवं पुरुष किसानको पक्षमा भूमि सुधार गर्ने स्पष्ट संवैधानिक

---

*...पृष्ठ २३ बाट*

यो १६ दिने अभियानमा संयुक्त पुर्जा निर्माणबारे घर-घरमा सन्देश पुऱ्याउने र अभियानकै रूपमा संयुक्त पुर्जा बनाउन



पहल गर्न सकिए हिंसा कम गर्ने अभियानमा एउटा सार्थक योगदान हुने देखिन्छ । यस्तै मुलुकी ऐनले छोरीको पैतृक सम्पत्तिमाथिको व्यवस्थाबारे पनि राष्ट्रिय जागरण ल्याउन पुगेको छैन । हिंसा अन्त्यको नारामात्र नलगाएर ठोसरूपमा गर्नुपर्ने यी कामबारे बढी ध्यान जानु जरुरी छ ।

यस कार्यमा महिला अधिकारका क्षेत्रमा कार्यरत् सङ्घ-संस्था, सङ्गठन, राष्ट्रिय महिला अधिकार आयोग, राजनीतिक दल, महिला विकास कार्यालय, सञ्चारकर्मी सबैले आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्छ । नयाँ नयाँ नीतिगत व्यवस्थामात्र नखोजेर भएका राम्रा व्यवस्था लागु गर्न पनि सघाउनु हामी सबैको कर्तव्य हो ।

महिला हिंसा कम गर्न महिलाकै मजबुत सङ्गठन चाहिन्छ । यस कार्यमा महिला समूहले थुप्रै कार्य गरेका छन् तर यस्ता महिला समूहलाई सरकारले प्रोत्साहन गर्न सकेको छैन । सिंहदरवारको कन्ट्रोल रुम र विभिन्न संस्थाले सञ्चालन गरेका हटलाइनभन्दा गाउँगाउँसम्म छरिएर रहेका महिला समूहलाई सशक्त बनाउन सके हिंसा कम गर्ने मजवुत स्थिति बन्छ ।

प्रावधानको व्यवस्था हुनुपर्छ भन्ने यो मागले बिलकुलै नयाँ सन्देश दिएको छ।

भूमिहीन महिलाको आन्दोलन र त्यस आन्दोलनले अघि सारेका मागहरूको विवेचना गर्ने यो पंक्तिकारको उद्देश्य छैन। यहाँ मुख्यरूपले लैङ्गिक विभेदको पक्षमा केन्द्रित हुन खोजिएको छ। जसलाई हाम्रो समाजले लामो समयसम्म दबाएर राखिरह्यो र प्रकाशित हुन दिएन। विशेषगरी सम्पत्ति वितरणको संरचनामा महिलालाई कहिल्यै महत्व दिइएन। २००७ सालअगाडि त कुरै गर्न पर्दैन, त्यसबेला एउटा परिवारबाहेक कसैको हक अधिकारको मूल्य थिएन। त्यस्तो अवस्थामा महिला वर्गको के राम्रो हैसियत रहोस् र ?

तर २००७ पछि मुलुकले स्वतन्त्रताको सास फेर्न थाले पनि त्यसको प्रतिफल महिलाको भागमा परेन। यता आएर भूमि सम्बन्धमा बनेका कुनै पनि ऐन/कानुनले जोताहा महिलालाई स्वामित्व प्रदान गर्ने अवसर दिएनन्। २०२१ सालमा जति मात्रामा नाममात्रको भए पनि भूमि सुधार भयो, त्यसको सबै प्रतिफल पुरुषका हिस्सामा गयो। त्यस्तै अवस्था २०४६ सालपछि पनि दोहोरियो। यो कमजोरीबाट अब जोगिनुपर्छ भनेर भूमि अधिकार मञ्चले आफ्ना मुख्य मागहरूको शीर्ष बुँदामा 'जोताहा महिला एवं पुरुष' राखेको हो। यसलाई मञ्चको निकै राम्रो कार्य मान्नुपर्छ।

भूमि अधिकार मञ्चको झण्डा बोकेर आएका किसान महिलाले देखाएको अर्को अनुकरणीय कुरा हो- आफ्नो आन्दोलनप्रति अगाध प्रेम र विश्वास। उनीहरू सबैले एकमतमा अठोट गरे- अधिकार नलिई घर नफर्किने। यसनिम्ति उनीहरूले चैतको आँधी र पानी, खुलामञ्चको कष्टकर बसाइ, धर्ना गरिरहेको समयमा सुकिलामुकिला भलाद्मी वर्गले दर्शाएको उपेक्षा जस्ता कुनै पनि प्रतिकूल अवस्थाको पर्वाह गरेनन्। आन्दोलनको अर्को सकारात्मक पक्ष भनेको उनीहरूले आ-आफ्नो जिल्लाका भूमिहीन समुदायले मुठ्ठीदानद्वारा प्रदान गरेको चामल र रुपियाँबाट दैनिक गुजारा गरेर ठूला तारे होटेलमा हुने अधिकार र सशक्तीकरणका बोक्रे आन्दोलनका विसङ्गतिमाथि अप्रत्यक्षरूपमा औँला उठाए। विदेशीदाताले सहयोग दिएमात्र गर्नु आन्दोलनको मुख्य विशेषता हो। यसबाट अन्य क्षेत्रका महिला अभियानकर्ताले शिक्षा लिनुपर्छ। ✿



सुमित्रा सुवेदी

# भूमि सिकाइ केन्द्र र हिंसापीडित गाउँले महिला



आममहिलाको उत्पादनका साधनमाथि स्वामित्व नहुनु र पुरुषले पाएसरह समान आर्थिक अधिकार नहुनुका कारण महिला थुप्रै प्रकारका समस्या भोगिरहेका छन्। त्यसमध्ये एउटा प्रमुख समस्या महिलामाथि हुने हिंसा हो। न्यून आर्थिक सामाजिक हैसियतले पनि महिलाविरुद्धको हिंसालाई जन्म तथा निरन्तरता दिने काम गरिरहेको छ। मूलतः महिलामाथि राज्य, समाज र परिवारबाट हिंसा हुने गर्छ। यद्यपि हिंसाको मूल स्रोत भने राज्यसत्ता हो। महिलालाई अर्थोपार्जनका कार्यमा कनै पनि स्थान नदिने तथा मुनाफावादी संस्कृतिका कारण दाइजो प्रथाबाट महिलामाथि हुने घरेलु हिंसाका घटना पशुजस्ता भएका छन्। समाजमा अग्रसर भएर बोल्ने, आफ्ना विचार प्रकट गर्ने अवसर त महिलाका निम्ति ज्यादै निम्न छ। यसै सन्दर्भमा सबैखाले महिला हिंसा अन्त्यको अभियान हरेक गाउँ टोल र समुदायमा पुऱ्याउन र हरेक गाउँ, टोल र समुदायमा पुऱ्याइ हिंसामुक्त गाउँ टोल बनाउँदै अगाडि बढाउन भूमि अधिकार आन्दोलनले निकै सघाउ पुगेको छ।

महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्न परिवार, समुदाय र समाजको सबै तह परिचालन गर्नु, लैङ्गिक समतामूलक कानुन र नियम निर्माण गरी कार्यान्वयनका लागि राज्यलाई दबाब सिर्जना गर्नका लागि भूमि




अधिकार आन्दोलन सशक्तरूपमा अगाडि बढ्नुपर्छ। हिंसामुक्त जीवन सबैको अधिकार हो भन्ने सन्देश हरेक समुदायमा पुर्‍याउनुपर्छ। त्यसैगरी चुलोचौको र घरधन्दामा सीमित गराउने, भाँडा मभ्काएर राख्ने, भोगविलासको साधन ठानेर महिलालाई शोषण गर्ने सबै प्रकारका विसङ्गति, असमानता र उत्पीडनविरुद्ध सशक्त र सङ्गठित भएर सङ्घर्ष गर्नु नै अधिकार प्राप्तिको बाटो हो। यही सन्देश हरेक घरमा पुर्‍याएर अभियानमा सबैलाई समाहित गराउनुपर्छ भूमि अधिकार आन्दोलनले। यदि आफैँ सचेत नभई यस्ता गम्भीर अपराधलाई निरन्तरता प्रदान गरिरहेको भेटिएमा सामाजिकरूपले सामाजिकस्तरका यस्ता घटनाप्रति सार्वजनिक बहस गरेर समाधानका लागि पहल गर्न सहजकर्ताको भूमिका निर्वाहसमेत यस्ता भूमि सिकाइ केन्द्रले गर्दै आएका छन्। यदि समस्या टुङ्गो नलागेको अवस्थामा नेपालका ऐन, कानुनअनुरूप प्रशासन र न्यायिक क्षेत्रबाट समस्या समाधानका लागि पीडित पक्षको तर्फबाट वकालत गर्दै सहयोग पुर्‍याउँदै पनि आएका छन् यी केन्द्रले।

यतिखेरको ग्रामीण महिलाको टड्कारो खाँचोलाई हेरिदिएको छ भूमि सिकाइ केन्द्रले। महोत्तरीकै उदाहरण हेर्ने हो भने पनि भूमि अधिकार आन्दोलनले जिल्लाका गाउँले महिलामाभ्क सञ्चालन गरेको भूमि सिकाइ केन्द्रमार्फत् भए/गरेका काम काफी छन्। महिला अधिकारका सवालमा प्रशिक्षण दिएदेखि यहाँका महिलामा छुट्टै किसिमको जाँगर र जोश आउन थालेको छ। आफूलाई पुरूषको दासीका रूपमा स्वीकार्दै आएका उनीहरू आफ्नो हक अधिकार पुरुषको जत्तिकै समान छ र यो जन्मसिद्ध अधिकार हो भन्न आँट गर्न थालेका छन्। भूमि अधिकार आन्दोलनका कार्यक्रम गाउँस्तरसम्म पुग्नाले महिला एकतामा बाँधिनुपर्ने, एकजुट नहुँदा आवाज कसैले नसुन्ने, महिलाका समस्यालाई साभ्का समस्याका रूपमा अघि बढाउनुपर्ने जस्ता आवाज उनीहरू उठाउन थालेका छन्। हरेक दिदी/बहिनीले महिला सरोकारका सवालबारे जान्नैपर्ने हुन्छ जुन कुराको थालनी भूमि सिकाइ केन्द्रले गरेको छ।

जबसम्म महिला आफ्ना निजी स्वार्थ त्यागी सामूहिक स्वार्थका लागि लागिपर्दैनन् तबसम्म महिलाको स्थितिमा सुधार नआउने कुरा यथार्थ हो त्यसैले यहाँका दिदी/बहिनी कसैलाई समस्या पर्दा एक आवाज गरी समाधानको बाटो खोज्न थालेका छन्। यतिमात्र नभई ग्रामीण क्षेत्रमा गएर पीडित महिलालाई भेटी सत्य तथ्य जानकारी लिएर पीडित महिलालाई सम्बन्धित ठाउँमा पठाएर उचित न्याय दिलाउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा महिलाको विश्वास जित्न सफल भएको छ यो भूमि सिकाइ केन्द्र।

महोत्तरी त उदाहरणमात्र हो। मुलुकभर छरिएका यस्ता केन्द्रले पीडित महिलाको हृदयमा बास पाएको छ। महिला हक/अधिकारबारे सजग बनाउनुका साथै दुःखको समयमा पनि साथ दिएका कारणले भूमि सिकाइ केन्द्रप्रति खासगरी विपन्न महिलाको भ्कुकाव र विश्वास बढेको हो। जातजाति, आस्था, विचार जस्ता पक्षमा पूर्वाग्रही नहुने यसको स्वभावले पनि भूमि सिकाइ केन्द्र सबै पीडित महिलाको साभ्का चौतारी बन्न सकेको हो शायद। ✿

## ५० अङ्कसम्म

**लेख/विचारबाहेक बुलेटिनमा समेटिएका अन्य विषयवस्तु**

- सम्पादकीय
- गतिविधि
- पत्रिकाबाट साभार
- जनआवाज
- पुस्तक समीक्षा
- पाठकपत्र
- अधिकारकर्मीको डायरी
- सूचना/जानकारी
- सफलताको कथा
- घटना अध्ययन
- किसान नेताका परिचय
- मन्तव्य
- सम्भ्कौता
- घोषणापत्र
- चुनावका उमेदवारलाई सोध्ने प्रश्न
- पोस्टर
- तस्बिर
- अन्तर्वार्ता

# आत्मनिर्भरताको मार्ग : दिगोपनाको आधार

### परिचय

भूमि अधिकार बुलेटिन निकाल्ने संस्थाको नामै सामुदायिक आत्मनिर्भर सेवा केन्द्र। अर्थात यसको उद्देश्य नै भूमि अधिकारबाट वञ्चितहरूलाई हक दिलाउँदै उनीहरूलाई आत्मनिर्भर बनाउनु पनि हो। कुनै पनि आन्दोलन त्यतिबेला सफल हुन्छ जतिबेला पीडित आफ्नै खुट्टामा उभिने वातावरण तयार हुन्छ। अर्थात अभावसहितको अधिकारले उसको जीवन बदलिन्न। त्यसैले यो संस्थाले आफ्ना हरेक गतिविधिमा आत्मनिर्भर हुने र बनाउने अभियान पनि जोड्दै आएको छ।

उसै त पीडित, त्यसमाथि खाली आन्दोलनमा आऊ, अभियानमा लाग भन्दा उसको दैनिक रोजीरोटी प्रभावित भइरहेको हुन्छ। यस्तो अवस्थामा जसका लागि अभियान/आन्दोलन थालिएको हो, उसैको उपस्थिति पातलो बन्छ। पीडितकै उपस्थिति नभएपछि त्यो आन्दोलनले गति लिन सक्दैन। कुरा काट्नेलाई मसला मिल्छ। त्यसैले आन्दोलनसँगै उनीहरूलाई आत्मनिर्भर बनाउन आवश्यक हुन्छ। जुन कुरा भूमि अधिकार आन्दोलनले आफ्ना नीति तथा योजनाहरूमा समेत समेट्दै आएको छ।

यसरी आत्मनिर्भरताको पक्षलाई प्राथमिकता दिने क्रममा भूमि अधिकार बुलेटिनले ५० अङ्कसम्म आइपुग्दा ३६७ वटा विचारप्रधान लेखमध्ये ६ वटा छाप्यो। वास्तवमा यो अरू विषयसँग अन्तरसम्बन्धित भएर पनि छापिएको र त्यसलाई अरू सवालमा गाँसिएकाले यससम्बन्धी लेखको सङ्ख्या थोरै देखिएको हो। समग्रमा आत्मनिर्भरताको पाटोलाई बुलेटिनहरूले निकै प्राथमिकता साथ समेटेका छन्।

### सवाल उठान

भएको थोरैतिनो जग्गा होस् वा करेसाबारी केही पनि बाँझो नराख्ने। एक्लै गर्न सकिँदैन भने मिलेर गर्ने। आफ्नो जग्गा नभए पनि घरनजिक बाँझो जमिन छ भने त्यसलाई प्रयोग गर्ने। ढङ्ग पुऱ्याएर खेती गर्ने। नगदे बालीदेखि रैथाने उत्पादनसम्मलाई परिवेशअनुसार महत्व दिने। यस्ता विषयमा भूमि अधिकारबाट वञ्चितहरूलाई उत्प्रेरित गराइरहने काम बुलेटिनहरूमार्फत भई नै रहे। कतिपय ठाउँमा उन्नत र फाइदामूलक खेतीका लागि आत्मनिर्भर केन्द्रबाट प्रशिक्षकसमेत खटाइ सिकाउने कामसमेत भएको थियो। यस्ता कामलाई बुलेटिनले समेत उच्च महत्वका साथ ठाउँ दिँदा त्यसको सिकाइ अन्यत्रसमेत फैलन पुग्यो।

उसै त पीडित। उनीहरूसँग भनेका बेला पैसा वा अनाज झिक्न सक्ने हैसियत नहुनु स्वाभाविकै हो। त्यसैले आफूसँग सम्बन्धित काम, आन्दोलन आदिमा जानका लागि चाहिने खाद्यान्न, पैसालगायत बन्दोबस्तीका सामग्री जुटाउनका लागि आन्दोलन कोष निर्माण गर्ने अभियान देशैभर सञ्चालनमा छ। जहाँ सदस्यहरू महिनाको तोकिएको रकम जम्मा गर्छन्। अनि त्यसलाई यस्तै काममा सदुपयोग गर्छन्। अझ कतिपय स्थानमा त यसरी जम्मा भएको पैसालाई कसरी बढाउन सकिन्छ भनेर योजना बनाइ त्यसलाई कार्यान्वयनसमेत गरिरहेका छन्। त्यतिमात्र हैन, धेरै दिनको आन्दोलनमा जानुपर्नेहरू आफैँले जम्मा गरेको अनाज र तरकारीलगायत खानेकुरा बोकेर हिँड्छन्। यस्ता खानेकुरा नभएको अवस्थामा तत्काल उठाउँछन्।


भूमि घर आत्मनिर्भरताको अर्को त्यस्तो नमुना पहल हो जसले एकपछि अर्को जिल्ला, एकपछि अर्को ठाउँलाई प्रेरित गरिरहेको छ। ठाउँ ठाउँमा निर्माण भएका यस्ता घरमा भूमिपीडितहरू आफ्नो कार्यक्रममात्र गर्दैनन्, सामुदायिक वन, क्लब, स्थानीय स्तरका अन्य संस्था आदिलाई पनि गर्न दिन्छन् र थोरथोर आम्दानी गर्छन्। आफ्नै भवनमा कार्यक्रम गर्ने र आफैँ बनाइतुल्याइ खाजा/खाना खाने गर्नाले खर्च ज्यादै न्यून हुन पुगेको छ भने उल्टै आम्दानीको स्रोतसमेत निर्माण भएको छ।

सहकारी आत्मनिर्भरताको अर्को प्रमाण हो। भूमि अधिकार आन्दोलनका क्रममा आत्मनिर्भर केन्द्रको सहजीकरण तथा आर्थिक सहयोगमा खुलेका सहकारीले यतिबेला पैसा जम्मा गर्ने बानीमात्र बसालेका छैनन्, त्यसरी जम्मा भएको पैसा परिचालन गरेर हजारौँ भूमिपीडितले आफ्नो जीविका सहज तुल्याएका पनि छन्। उनीहरू यहीँबाट पैसा लिएर जीवनमै पहिलोपटक कुखुरा पालन, तरकार खेती जस्ता व्यवसाय थालेका उदाहरण दर्जनमा हैन, सयौँमा पाइन्छ।

यी सबै पक्षलाई भूमि अधिकार बुलेटिनले आफ्ना प्रायः सबै अङ्कमा मिलेसम्म प्राथमिकतासाथ छाप्दै आएको छ। यसबाट एकातिर लाभान्वित पक्षलाई राम्रो काम गरिएछ भन्ने महसुस हुने गरेको पाइएको छ भने अर्कोतर्फ 'के गरौँ' भन्ने सोचमा मग्नहरूलाई मार्गनिर्देशन गर्ने गरेको छ। अर्थात देखासिकीलाई बढावा दिने काममा पनि यस्ता बुलेटिन मध्यस्थकर्ताको भूमिकामा जमेका देखिन्छन्।

### नतिजा

- १८,९३५ मञ्चका सदस्य कृषि उद्यममा सरिक भएका छन्।
- ३०० भन्दा बढी भूमि घर निर्माण भएका छन्।
- १५३ सहकारी गठन भएका छन्।
- आन्दोलन कोषमा १९,५७,५०९ रुपैँया आन्दोलन कोषमा जम्मा भएको छ। ✿



सोम भण्डारी



# अभियानका लागि अगुवा र कोष

असल अगुवा सङ्गठनको गहना हुन् । सङ्गठनलाई सही बाटो मा हिँडाउन अगुवाको भूमिका महत्वपूर्ण हुन्छ । जुनसुकै अभियान सफल गर्न त्यसका अगुवामा दृढ इच्छशक्ति हुनुपर्छ । असल अगुवाले मात्र भविष्यको प्रष्ट तस्वीर देखेको हुन्छ । अभियानले राखेका उद्देश्य पूरा गर्न अगुवा निरन्तर खट्नुपर्ने हुन्छ । कुशल नेतृत्वदायी भूमिका खेल्दै सङ्गठन र सदस्यलाई सदैव उत्प्रेरणा दिनुपर्छ । सदस्यको आत्मबल बढाउने र अभियानको काममा जहिल्यै पनि उनीहरूलाई उत्प्रेरित गर्दै परिचालन गर्नुपर्छ । कुशल अगुवाले चुनौतीको सामना गर्न सक्नुपर्छ । निडर भएर समाज रूपान्तरण र परिवर्तनका लागि खट्नुपर्छ । अगुवाले आफैंले नमुना काम गर्न सदस्यहरूका लागि प्रेरणाको स्रोत बन्नुपर्छ । आफूले उठाएको सवालमा सबैको मन जित्ने शक्ति अगुवा हुनुपर्छ । आफ्नो जिम्मेवारी पूरा गर्न समन्वयको भूमिका खेल्नुपर्छ । अध्ययनशील हुनुपर्छ । विचारक र विवेकशील हुनुपर्छ । भूमि अभियानको हकमा मञ्चको विधान, नीति र आचारसंहिताप्रति सचेत हुनुपर्छ र यसलाई लागु गराउन उत्तरदायी हुनुपर्छ । आफूले लिएको जिम्मेवारी समयमै पूरा गर्नुपर्छ । समुदायअनुसारको रहनसहन, भेषभुषा, संकृति, संस्कार जातजातिको भावनाको सम्मान गर्नुपर्छ । सङ्गठन निर्माण र परिचाालन लोकतान्त्रिक विधिबाट गराउनुपर्छ ।

समावेसी सहभागिताका लागि चनाखो हुनुपर्छ । मेहनती हुनुपर्छ । रिसाउनु हुँदैन । सदैव खुसी देखिनुपर्छ । आफ्ना कुरा प्रष्ट राख्न सक्नुपर्छ । आर्थिक पाटोमा पारदर्शिता देखाउन सक्नुपर्छ । धुम्रपान, मद्यपान, जस्ता कुलतबाट टाढा रहनुपर्छ । नैतिकवान मूल सिद्धान्त हुनुपर्छ । यसरी लाग्ने अगुवाको भूमिकाले मात्रै मञ्चको सपना पुराहुन सक्छ ।

### रानीतिक दल र मञ्चको सम्बन्ध

अगुवा सङ्गठनको जग भएकाले हामीले राजनीतिक दल के हुन्, हाम्रो सम्बन्ध कस्तो बनाउने भन्ने पनि बुझ्नु जरुरी हुनेछ । राजनीतिक दल हाम्रा सहयोगी हुन्, यसकारण उनीहरूसँगको सम्बन्ध घनिष्ठ हुनु जरुरी छ । स्थानीय तहदेखि केन्द्रसम्म भूमि बहसमा सम्वाद हुनुपर्छ । दलहरू सत्ता प्राप्तीको लागि राजनीति गर्छन्, मुलुकको सरकार सञ्चालन गर्छन् । मञ्चको उद्देश्य शक्ति प्राप्त गर्न र सरकार सञ्चालन गर्ने होइन । मञ्चले जनताको अधिकार स्थापित गर्नको लागि वकालतीय भूमिका निभाउने हो । सङ्गठनहरू समाज परिवर्तन गर्ने, न्यायिक ब्यवस्था कायम गर्ने कार्यमा निरन्तर लागि रहन्छन् । सङ्गठनले शान्तिपूर्ण, अहिंसात्मक आन्दोलनमा विश्वास गर्छ, हामी त्यही दिशामा छौं । आआफ्ना भूमिका निर्वाह गर्ने क्रममा कहिलेकाहिँ राजनीतिक दल र सङ्गठनका सवाल मिल्न पनि सक्छन् । दुबै पक्षको तत्कालीन उद्देश्य र कार्यक्रम मिल्न जाँदा सहकार्य हुन्छ र हुनुपर्छ, यसले हामीले राखेका उद्देश्य पुरा गर्न गराउनको लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ । भूमि अधिकार प्राप्तीको आन्दोलनमा कहिलेकाहिँ सरकारसँग सहकार्य पनि हुन सक्छ । तर यो सहकार्य स्थायी हुँदैन ।

किनकी मञ्च दलहरूको भातृ सगठन होइन र हुनपनि सक्दैन । यो विषयमा केही ठाउँमा धमिलोपन देखिन पनि थालेकाले हामी समयमै सजग रहनुपर्छ । विषय मिल्दा सहकार्य, नमिल्दा सङ्घर्ष । यो नै राजनीतिक दलहरूसँग हुने हाम्रो सम्बन्ध हो । दलको भूमिका जनपक्षीय हुँदा दल र मञ्चबीच मेल हुन्छ । सवालगत सहकार्य पनि हुन्छ । जव दलको नीति जनविरोधी हुन्छ, त्यतिखेर सरकारसँग मञ्चको सङ्घर्ष हुन्छ ।

### भुल्नै नहुने कामहरू

खेती गर्नेको हातमा जमिन नहुनुको कारण खोजी गर्ने । बलियो सङ्गठन र अभियानको योजना बनाउने । कस्तो सङ्गठन ? कति सङ्गठन ? अगुवा निर्माण र परिचालन, आन्दोलन कोष, नियमित कामको समीक्षा, उन्नत कामका लागि गहिरो चिन्तन र योजना हुनुपर्छ । अधिकार प्राप्तीका लागि सभा, सम्मेलन, जुलुस, वार्ता, सहमति, सम्झौता हुनुपर्छ । हरेक काममा सामूहिक छलफल, सामूहिक योजना, सामूहिक निर्णय, सामूहिक प्रयत्नमा विश्वास गर्ने । आफूलाई अन्याय र शोषण गर्ने राजनीति बुझ्ने । काम गर्नेले भोकै बस्नुपर्ने बाध्यकारी अवस्थाको पहिचान गर्ने । विद्यमान शोषणका कारणहरू खोजी गर्ने । शोषण र अन्यायविरुद्ध विकल्पको खोजी गर्ने । अन्यायपूर्ण अवस्थाको अन्त्यका लागि आफूजस्तै अरूसँग सहकार्य गर्ने । न्याय र समानतामा आधारीत समाज ब्यवस्थाका लागि सामूहिक आन्दोलन गर्ने । भूमि अधिकार मञ्चमा सङ्गठित सदस्यले आफूसँग भएको स्रोत साधनको उपयोग गरी आयवृद्धिका कामहरूमा जोड दिनुपर्छ । सदस्यहरूको जीविकामा सघाउ पुग्ने गरी आयवृद्धिको कामको सुरुवात गर्ने ।

हरेक सङ्गठनमा अनिवार्य कोष सङ्कलन गर्ने र अभियानप्रति सदस्यहरूको अपनत्व महशुस गराउने। सङ्गठनको दैनिक काम सञ्चालन गर्नका लागि नियमित कोषको आवश्यक्ता पर्दछ। यो खर्च नदेखिने खर्च हो। यो खर्च आवश्यक पर्ने तर संग्रह नहुने। स्टेशनरी, घरभाडा, बिजुली, पानी, सरसफाई, सामान मर्मतमा यस्तो खर्च हुन्छ। सङ्गठन निर्माण र नियमित परिचालनका लागि पूर्णकालीन कार्यकर्ताको आवश्यक्ता पर्छ। सङ्गठन र सङ्घर्षको काममा खट्ने तोकिएको कार्यकर्ताको यातायात, खाना, घर खर्चको लागि न्युनतम स्रो त हुनुपर्छ। खर्चको अभावमा सङ्गठनका अति आवश्यक र महत्वपूर्ण कार्यक्रमहरू आन्दोलनबाट निस्कन सक्छन्। सहयोग, चन्दा र नियमित लेवी तोकेर भएपनि त्यस्ता कार्यकर्ताहरू परिचालनका लागि कोषको ब्यवस्था हुनुपर्छ।

### आन्दोलन कोषका ३ चरण


पहिलो : आत्मनिर्भर हुनका लागि आधार तयार गर्ने। यसका लागि सामूहिक खेती, सामूहिक कोष सङ्कलन, सामूहिक लगानी, र सामूहिक मुनाफाका लागि अध्ययनरत, प्राथमिकता निर्धारण, योजना निर्माण र कार्यान्वयन गर्ने गराउने। थप सम्भावनाका स्रोत पहिचान गर्ने।

दोस्रो : आम्दानी खर्चको पारदर्शिता, मुख्य लक्ष्य किटान गर्ने। खर्चको नीति तयार गर्ने। खर्चको क्षेत्र र सीमा तोक्ने। आम्दानी र खर्चलाई सार्वजनिक गर्ने। खर्च उपलब्धिको विश्लेषण गर्ने कुन कुन काममा कति खर्च भयो ? के परिणाम आयो ? यो विश्लेषण गर्ने र सबै सदस्यलाई सुनाई अनुमोदन गराउने।

तेस्रो : सङ्गठनलाई चलयमान बनाउनको लागि कोषको योजना र कार्यान्वयन हुनु आवश्यक छ। चरणबद्ध योजना र काम हुनसके आन्दोलनलाई परिणाममुखी बनाउन सकिन्छ र हामीले देखेको सपना बल्ल पुरा हुन सक्छ।


### आन्दोलन कोषका स्रोतहरू

सदस्यता शुल्क, मौसमी चन्दा, सामूहिक काम (श्रम शिविर, सामूहिक खेती र बचत, सहकारी कोष, मासिक कोष सङ्कलन, गाउँ मञ्च नवीकरण शुल्क विभिन्न व्यक्ति वा सहयोगीले दिने चन्दा। ✿



पुष्कर आचार्य

# आन्दोलन कोष र उपयोगिता



नेपालका गाउँ-गाउँ, जिल्ला-जिल्ला, पहाड-तराई सबैतिर भूमि आन्दोलन जारी छ। भूमि अधिकारबाट वञ्चित मोही, किसान, हलिया, हरूवा/चरुवा, सुकुमवासी, कमैयाहरू आफ्नो जीविकाको सुरक्षा, न्याय र स्वतन्त्रताका लागि भूमि आन्दोलनमा जुटिरहेका छन्।

'जल, जङ्गल र जमिन : हुनुपर्छ जनताको अधीन' भन्ने मूल नाराका साथ आज नेपाललगायत छिमेकी देश भारत, बङ्गलादेश, थाइल्यान्ड, फिलिपिन्स, तान्जानिया, ब्राजिल आदि एसिया, अफ्रिका तथा दक्षिण अमेरिकी मुलुकहरूमा भूमि आन्दोलन भइरहेको छ। नेपालका लाखौं भूमिहीन किसानहरू भूमि अधिकारको लागि सचेत र सङ्गठित बनेका छन्। यसरी बढ्दै गएको सचेतता र बलियो हुँदै आएको जनसङ्गठनको अभियानका कारण धेरै सङ्घ/संस्था तथा राजनीतिक पार्टीहरू तथा नागरिक समाजले पनि यस मुद्दामा साथ दिन थालेका छन्।

तर पनि नेपालमा रहेको जटिल भूमि व्यवस्था र अन्यायपूर्ण भूमि वितरणको अवस्था अन्त्यका लागि गर्नु धेरै छ। यसका लागि निकै व्यवस्थित, सुझबुझपूर्ण र आफ्नै स्रोतमा आधारित बनाउँदै लानुपरेको छ।

आन्दोलन सफल बनाउन प्रभावकारी ढङ्गले आन्दोलन गर्नुपर्छ र यसमध्येको महत्वपूर्ण आधार आर्थिक स्रोतको व्यवस्थापन हो।

## आन्दोलन कोष के हो ?

भूमि आन्दोलनको सफल संचालन गर्न कोष नै खडा गर्नुपर्ने जरुरी छ। उक्त कोषमा आन्दोलन सफल पार्न धेर/थोर स्रोत आवश्यक पर्छ। चन्दा/अनुदान लिने प्रवृत्ति कतिसम्म निरन्तर गर्ने ? खाली अरूको सहयोगबाट पाएको उपलब्धिको दिगोपना कतिन्जेलसम्म हुन्छ ? तसर्थ उपलब्धिको दिगोपना कायम गर्न पीडित आफैँले आफ्नै पहलबाट स्रोत सङ्कलन गरी कोष खडा गर्नुपर्ने हुन्छ।

हरेक भूमिपीडित किसानले आ-आफ्नो क्षमताअनुसार नियमित नगद वा जिन्सी जम्मा गरेर कोष अभिवृद्धि गर्न सकिन्छ। उदाहरणका लागि हरेक किसानले आ-आफ्नो घरमा सहयोग सङ्कलन गर्ने एउटा भाँडो बनाएर नियमितरूपमा भविष्यमा गरिने आफ्नै भूमि आन्दोलनका लागि भनेर दैनिक एक रुपियाँ र एक मुठी अन्न (धान, चामल, गहुँ, मकै) सङ्कलन गर्न सकिन्छ। यसरी सङ्कलन गरिएको कोष एक निश्चित समयावधिपछि ठूलो कोषमा परिणत हुनसक्छ।

जुन कोषमा हरेक पीडित किसानको अपनत्व हुन्छ। आफ्नै पहलबाट सङ्कलन गरेको कोष भनेर गर्व गर्ने ठाउँ हुन्छ। जब भूमि आन्दोलन गर्ने बेला हुन्छ हरेक भूमिहीन किसानले आफूले जम्मा गरेको कोष सदुपयोग गरेर आन्दोलनमा उत्रन सक्छन्।

आन्दोलनका लागि कोष खडा गर्ने विभिन्न उपाय छन्। जस्तै-अधिकार-बिहीनहरूले आफ्नो सामर्थ्यअनुसारको अन्न वा दैनिक १ रुपियाँ कोषका लागि छुट्याउने। अर्को पीडितहरूको समुदाय बनाएर सामूहिकरूपमा चन्दा सङ्कलन गर्ने, सामूहिक देउसी भैलो खेल्ने, सांस्कृतिक कार्यक्रम आयोजना गर्ने, श्रम शिविर सञ्चालन गर्ने, सामूहिकरूपमा अरूको खेतीपातीमा श्रम गरेर आयआर्जनमूलक कामबाट भएको आम्दानी पर्ति, ऐलानी जग्गामा कसैलाई पसल, खेती गर्न दिएर सङ्कलन गरिने कर आदि कोष सङ्कलन गर्ने विभिन्न विकल्प हुन्।

यसरी सहयोग गर्ने शुभचिन्तक तथा कामको सूची बनाएर भूमि अधिकारका लागि लागेका अभियानकर्मीहरूले आआफ्नो क्षेत्रबाट आन्दोलन कोष खडा गर्न नितान्त जरुरी भइसकेको छ।

**आन्दोलन कोष त्यो वर्गका लागि हो जो अधिकारबाट वञ्चित र पीडित छन्। तिनै पीडितहरूले आधा पेट खाएर त्यसैको केही भागबाट बचाएर एकमुठी अन्नदान गरेर सङ्कलन गर्ने कोष हो।**

## अन्ततिरको अनुभव

छिमेकी राष्ट्र भारतको एकता परिषद्ले देशभरका भूमिहीन किसानहरूका लागि भूमि आन्दोलन गर्न 'जनादेश २००७' नाम दिएर ग्वालिएर राज्यदेखि दिल्लीसम्मको पैदल यात्रा, विरोध, धर्ना गर्दै लाखौँ भूमिहीन किसानहरू सडकमा उतारेर आआफ्नो अधिकार लिने शङ्खघोष गरिसकेका छन्। जुन जनादेश २००७ का लागि एकता परिषद्ले कोष सङ्कलन गर्न यही तरिका अपनाएर आजभन्दा दुई वर्षअघिदेखि नै सबै किसानले आआफ्नो क्षमताअनुसारको रुपियाँ र अन्न सङ्कलन गरिरहेका छन्। उनीहरूले त्यस्तो प्रयासलाई 'जनादेश गाग्रो' भन्ने गरेका छन्।

भूमि अधिकार जिल्ला तदर्थ समिति सर्लाही र स्थानीय महिला समूहको सक्रियतामा २०६२ माघ महिनामा सर्लाही जिल्लाको सासापुर गाविसमा ५० जनाको सक्रिय सहभागितामा २ दिन उखु काट्ने काम भयो। उक्त श्रम शिविरबाट १०,००० (दश हजार)रुपियाँ सङ्कलन गरिएको थियो। समितिका अनुसार उक्त रकम भूमि अधिकार आन्दोलनका लागि खर्च गरिनेछ। यसलाई आन्दोलन कोषको उदाहरणीय सुरुवात मान्न सकिन्छ।

## कोषको महत्व

धनी मानिसका लागि आन्दोलन कोष खडा गर्न न आर्थिक अभाव पर्छ न त यसको औचित्य नै हुन्छ। यो कोष त्यो वर्गका लागि हो जो अधिकारबाट वञ्चित र पीडित छन्। तिनै पीडितहरूले आधा पेट खाएर त्यसैको केही भागबाट बचाएर एकमुठी अन्नदान गरेर सङ्कलन गर्ने कोष हो। यसरी खडा गरेको कोषको औचित्य तिनै पीडित वर्गका लागि ठूलो महत्वपूर्ण हुन्छ।

यसरी खडा गरेको कोषको सदुपयोगबाट सुरु गरिएको आन्दोलनमा अधिकारबिहीनहरूको सक्रिय सहभागिता रहन्छ। उनीहरू दिन/रात मेहनत गरेर जसरी हुन्छ, आन्दोलन सफल पार्न प्रयत्नरत रहन्छन्। यसरी सुरुवात गरिएको आन्दोलनमा सरोकारवालाहरूको सक्रिय सहयोग र सहभागिताबाट आन्दोलन अझ प्रभावकारी हुने देखिन्छ।

आन्दोलन कोष खडा गर्नुको औचित्य मुख्यरूपमा अधिकारबिहीनहरूलाई हक प्राप्ति गर्नका लागि आफ्नै अगुवाइमा आन्दोलन सशक्त पार्ने पहिलो खुड्किलो हो। यस्तो अभ्यासले अन्य निकाय, सरोकारवाला, सङ्घ/संस्था तथा नागरिक समाजको सहयोग जुटाउन पनि सहज हुन्छ। आफ्नै पहलबाट सुरु गरिएको अधिकारमुखी आन्दोलनको दियोमा सबै सरोकारवाला सङ्घ/संस्थाले एक/एक थोपा तेल हालेर ऊर्जा बढाउन सक्छन्।

आउनुहोस्, हामी भूमि अधिकारबाट वञ्चितहरू भोलिको सुनौलो दिन आउनेछ भन्ने पूर्ण आशाका साथ आजैबाट हामी पनि आआफ्नो गच्छेअनुसार रकम र मुठीदान गरेर कोष सङ्कलनको सुरुवात गरौँ। अधिकारबिहीनहरूको विजय अवश्यम्भावी छ। कामना गरौँ, अधिकारग्राहीको सुनौलो बिहानी शीघ्र आउनेछ।



रामजी ढकाल

# सहकारी अभियान



कृषि क्षेत्रको विकास गर्नका लागि सहकारी अभियान पनि मुख्य हो भन्ने कुरा सबै क्षेत्रबाट उठ्ने गरेका छन् । राजनीतिक दलका नेता, सरकारी अधिकारी, गैरसरकारी निकायहरू पनि यो कुरामा पछाडि छैनन् । तर नेपालमा सबै मानिस एकै आर्थिक हैसियतका छैनन् । यहाँ धेरैजसो कृषक गरिबीको रेखामुनि छन् । गरिब किसानलाई चुनावका बेलामा मात्र ठूलो आश्वासन बाँडिने परम्परा यसपटकको चुनावमा पनि मज्जैले देखियो ।

यहाँ लाखौं गरिब, भूमिहीन र सुकुमबासी मोही किसान समस्यामा छन् । उनीहरू दैनिकरूपमा खेतीमा काम गर्छन् तर उनीहरूसँग खेतीपाती छैन । खेतीपातीको स्वामित्व किसानी गर्नेहरूसँग भन्दा पनि नगर्नेहरूसँग छ । यसकारण यसले पनि आर्थिक विकासको मेरुदण्ड कृषि क्षेत्रको विकासमा प्रभाव पर्न गएको छ ।

नेताहरू यिनै भूपति र भूमाफियाको सुरक्षाका लागि वकालत गर्छन् । आजसम्म हाम्रो देशमा देशको आर्थिक मेरूदण्डलाई बचाउन काम गर्ने कृषकहरू खाली खेतालामात्र भएका छन् । जमिन दिनदिन बाँझिँदैछ, मल र कृषिका बारेमा केही पनि नजान्नेहरूको स्वामित्वमा जमिन छ । कोदालो र हलो चलाउने सबै मानिस भूमिहीन छन् । त्यसकारण दिनानुदिन खाद्य सङ्कट बढ्दैछ । महँगी बढ्दैछ । युवाहरू हजारौंको सङ्ख्यामा विदेशिएका छन् । जोत्नेको नाममा जमिन नहुँदा देशमा धेरै हिसावले अन्योल हुने र यसले राज्यको कुल गार्हस्थ्य उत्पादनमा समेत ह्रास आउने खतरा छ । कृषिमा प्रविधिको विकासप्रति सरकारको ठोस योजना नआउनु, भएका प्राविधिक सेवा क्षेत्रप्रति उत्तरदायी नहुनु, कृषकप्रति पारदर्शी नदेखिनु जस्ता कामले पनि नेपालको आर्थिक विकासको मेरूदण्ड मानिने कृषि क्षेत्रको विकास गर्न अब समुदाय

नेताहरू यिनै भूपति र भूमाफियाको सुरक्षाका लागि वकालत गर्छन् । आजसम्म हाम्रो देशमा देशको आर्थिक मेरूदण्डलाई बचाउन काम गर्ने कृषकहरू खाली खेतालामात्र भएका छन् ।

नै जुर्मुराउनुपर्छ । यसका लागि सहकारी क्षेत्रको विकास गरिनुपर्छ । एक गाउँ एक सहकारी हुनु आवश्यक छ । गाउँ-गाउँमा हुने सहकारीले निर्वाहमुखी खेती प्रणालीलाई निरुत्साहित गरी व्यावसायिक खेती प्रणालीका लागि कृषकलाई लगानी गर्न आवश्यक छ ।

खेती प्रणालीमा खेती खर्च कम गरी उत्पादन वृद्धिका लागि चक्लाबन्दीतवरले खेती गर्ने परिपाटीका लागि सहकारीले सहयोग गर्न सक्छ । कृषिलाई व्यावसायिक बनाउन, सुलभरूपमा मलखाद, बीउ, औषधिलगायत्मा सहकारीले सहजरूपमा कृषकलाई ऋण प्रवाह

गर्न सक्छ। एक घर एक उत्पादनका लागि प्रविधिको प्रयोग गर्नका लागि सहकारीले सहयोग गर्न सक्छ। यसले स्वरोजगार सिर्जना गरी युवा कृषकहरूको विकासमा पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ। आर्थिक विकासका लागि अब कृषि सहकारी अभियान सञ्चालन गर्न आवश्यक छ।

विश्वको कतिपय विकसित देशलाई हेर्ने हो भने ती देशमा आर्थिक क्रान्ति नै सहकारी आन्दोलनबाट भएको पाइन्छ। सहकारी धेरै किसिमका हुन्छन्। बचत तथा ऋण सहकारी, सेवा सहकारी, उपभोक्ता सहकारी, विद्युत् सहकारी, स्वास्थ्य सहकारी, दुग्ध सहकारी, फलफूल सहकारी। यी सबै सहकारीलाई समेट्न कृषि सहकारीले महत्वपूर्ण भूमिका खेल्छ। यस्ता सहकारीहरू समुदायको आवश्यकतामा आधारित भई स्थापित हुन्छन्। तर यसमा सबैभन्दा महत्वपूर्ण सहकारी कृषि सहकारी मानिन्छ। हाम्रो देशमा पनि ६७ प्रतिशतभन्दा बढी मानिस कृषि पेशामा आधारित भएका कारण कृषि सहकारीको राम्रो विकास गर्ने हो भने यसले देशको आर्थिक विकास र आर्थिक क्रान्तिमा महत्वपूर्ण भूमिका खेल्नेछ।

भूमि तथा कृषि अधिकार अभियानसँगै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले पनि गाउँ-गाउँमा कृषि सहकारी अभियान सञ्चालन गरिरहेको छ। गाउँ-गाउँमा निर्माण भएका सहकारीमा महिला, भूमि अधिकारबाट वञ्चितहरू, साना किसानहरू सङ्गठित भएका छन्। उनीहरू सहकारीमार्फत् भूमि अधिकारबाट वञ्चितहरूको आयआर्जन वृद्धि गर्नका लागि सामूहिक खेतीपातीको सुरुवात गर्ने, बाँझो जग्गाको खोजी गरी खेतीपातीमा प्रयोग गर्ने कार्यमा सक्रिय हुन थालेका छन्। कृषि सहकारीले कृषि क्षेत्रको विकास र विस्तार गर्नका लागि महत्वपूर्ण भूमिका खेल्नेछ। यही अठोटका साथ ग्रामीण क्षेत्रमा महिला किसान, भूमिमा काम गर्ने साना किसान सक्रिय भएका छन्। जबसम्म भूमि हक साना किसान र भूमिमा श्रम गर्ने किसानको स्वामित्वमा हुँदैन तबसम्म उत्पादन वृद्धि हुँदैन। जबसम्म उत्पादन वृद्धि हुँदैन तबसम्म आर्थिक विकास हुँदैन। जबसम्म आर्थिक विकास हुँदैन तबसम्म आर्थिक क्रान्ति सम्भव पनि छैन। त्यसकारण हरेकतवरबाट सहकारी अभियान गर्न आवश्यक छ।

# मोहियानी हक : सङ्घर्षको मीठो फल




## परिचय

नेपालको जग्गासम्बन्धी कानुनअनुसार कसैको जग्गा कमाएर एक मुख्य बाली भित्र्याएमा त्यस्तो जग्गा कमाउनेले मोहियानी हक पाउँथ्यो। २०५३ सालयता भने यो व्यवस्था खारेज भएको छ। यस्तो मोहियानी हकबापतको जग्गा पहिले एक चौथाइ थियो भने पछिल्लो समय आधा पाउने बनाइयो। जसले रातोदिन जग्गामा पसिना चुहाउँछ ऊ भूमिहीन हुनुपर्ने अर्थात त्यही जग्गामा उसको स्वामित्व नहुने तर जग्गै नदेखेको वा आफू खेती नगर्नेचाहिँ सधैँ ठालु वा धनी पल्टिरहने नमिल्दो व्यवस्थालाई मध्यनजर गरी यस्तो नियम ल्याइएको थियो।

तर नीति निर्माण तहमा पहुँच पुऱ्याउन सफल यस्तै जग्गा हुनेहरूले क्रमशः मोहीलाई च्याप्ने र भरसक जग्गा नदिन विभिन्न प्रपञ्च अपनाउँदै आए। यस क्रममा उनीहरूले मोहीले जग्गा दाबी गर्न विभिन्न प्रमाण/कागजपत्र पेश गर्नुपर्ने नियम थपथाप गरे। यस्ता कागजपत्र तिनै जमिन कमाउन दिनेले दिनुपर्ने बनाइयो। जसले यस्तो कागजपत्र (कुत तिरेको भर्पाइ, जोतेको हो भन्ने आधार) दिएमा आफ्नै जमिन गुमाउनुपर्थ्यो, उसैले कहाँ त्यस्ता कागजात दिन्छ ? हो, यस्तै उसैले नदिने कागजपत्र अभावकै कारण हजारौँ मोहीले पुर्खौँदेखि जमिन कमाए पनि त्यसबापत कानुनतः पाउनुपर्ने मोहियानी हक भने पाएका थिएनन्।



व्यक्तिगत जमिनमात्र हैन, गुठी, बिर्ता, उखडा आदि जग्गाको स्वामित्व पाउनबाट पनि उनीहरू वञ्चित थिए। भूमि अधिकार आन्दोलनको एउटा मुख्य उद्देश्य यसरी अधिकारबाट वञ्चितलाई पनि न्याय प्रदान गर्न सघाउनु थियो। यही क्रमा मोहियानी हकको विषय पनि भूमि अधिकार बुलेटिनको प्राथमिकतामा नपर्ने कुरै भएन। यस क्रममा बुलेटिनका ५० अङ्कमा छापिएका विचारप्रधान लेखमध्ये यो विषयसँग सम्बन्धित ११ वटा सामग्री दमदार रहे। जसले यस्तो अधिकार नपाइरहेकाहरूलाई पनि बाटो देखाउने र तागत सिर्जना गर्ने काम गऱ्यो।

## सवाल उठान

कानुनले आफूले वर्षौंदेखि कमाइरहेको जमिनमा मोहियानी हक दाबी गर्नका लागि कुत तिरेको भर्पाइलगायत जमिनवालाले नै दिनुपर्ने कागजात पेश गर्नुपर्ने भनेको छ। जबकि गलत नियत भएकाले यस्ता कागजपत्र मरे दिँदैनन्। अर्कोतर्फ आफ्नो जग्गामा मोही नै नभएको नक्कली कागजात खडा गरेर वा झुटा विवरण पेश गरेर मोहीलाई हकबाट वञ्चित तुल्याउँछन्।

**गुठी नेपालको सन्दर्भमा ठूलो समस्या हो। एकातिर गुठीहरू आफैं व्यवस्थित र पारदर्शी छैनन् भने अर्कोतिर किसानले तिरेको कुत पनि 'लुटको धन फुपूको श्राद्ध' मा परिणत भइरहेको छ।**

यस्तो विषयमा बुलेटिनले बारम्बार जग्गावालालाई खबरदार गर्ने र मोहीलाई अधिकारका लागि सचेत तुल्याउँदै आएको छ। खासगरी पछिल्लो समय जग्गा दिनुपर्ला भनेर किसानलाई बेदखली गर्ने काम तीव्ररूपमा बढाइएपछि त्यसका लागि पनि खबरदारी गर्ने र किसानलाई सङ्गठित भएर प्रतिवाद गर्न आह्वान गर्ने काम यसमार्फत भएको थियो।

कानुनतः २०१६ सालमै उन्मूलन भएको हो बिर्ता। तर विभिन्न बहानामा यसलाई जिउँदै देखाएर बिर्ता जमिन कमाइरहेका किसानलाई दुःख दिने काम पनि जारी नै छ। यस्तो अवस्थामा मुलुकभरका बिर्ता जग्गा कमाउने किसानलाई सङ्गठित गर्ने, कानुनबारे जानकार गराउने र सङ्गठित तवरबाट हक अधिकार प्राप्तिमा सघाउने काममा बुलेटिनले सहयोग गरिरहेको छ। उखडा, गाउँब्लक जस्ता समस्या समाधानमा पनि यही प्रक्रिया अपनाइएको छ जसलाई बुलेटिनले लगातार महत्वका साथ स्थान प्रदान गर्दै आएको छ।

गुठी नेपालको सन्दर्भमा ठूलो समस्या हो। एकातिर गुठीहरू आफैं व्यवस्थित र पारदर्शी छैनन् भने अर्कोतिर किसानले तिरेको कुत पनि 'लुटको धन फुपूको श्राद्ध' मा परिणत भइरहेको छ। यस्तो गन्जागोल अवस्थाबाट पुजारी, महन्त, मठाधीश, मुखिया आदिका नाममा केही दर्जन व्यक्तिले फाइदा लिइरहेका छन्। अर्कोतर्फ यस्तो जग्गामा पसिना चुहाउने गरिब किसान भने आफ्ना बालबच्चाको गाँस काटेर तिनैलाई पोस्न बाध्य छन्। यदि पोसिएन भने विभिन्न धम्की र यातना बेहोर्नुपर्ने अवस्थामा छन्। यस्तो अवस्थाबाट मुक्तिका लागि भूमि अधिकार बुलेटिनले बारम्बार यथाशक्य भूमिका निर्वाह गर्दै आएको छ, चाहे त्यो आफैं विषयवस्तु खोजतलास गरेर होस् वा सम्पन्न कार्यक्रमहरूको खबर प्रकाशन गरेर।

## नतिजा

- २०७५ मङ्सिरसम्म ४७,७८९ मोहीले मोहियानी हक पाएका छन्। उनीहरूले पाएका जग्गाको क्षेत्रफल ७,१८१.७८ हेक्टर छ।
- उखडा जमिनमा बसोबास गरिरहेका तथा जोतभोग गरिरहेका ९२२ परिवारले उक्त जग्गाको धनी पुर्जा प्राप्त गरेका छन्।
- ३ सय परिवारले ५१.९०५ हेक्टर क्षेत्रफलको गुठी जग्गामा स्वामित्व कायम गरेका छन्।



कृष्ण पाठक

# जोताहा मोही किसानसँगको एक घण्टा



झट्ट हेर्दा र सुन्दा सामान्य लागे पनि यो अत्यन्त महत्व र संवेदनशील विषय छ। सुनसरी जिल्लाको पूर्वकुशाह गाविसमा धेरै मोही किसान साहूको जमिन जोत्छन्। त्यस्तै सयौं परिवार सुकुमवासी सार्वजनिक जग्गामा धेरै समयदेखि बसोबास गरिआएका छन्। निसन्देह ती व्यक्ति नेपालका नागरिक हुन् तर उनीहरूले त्यस्तो अनुभूति गर्न भने सकेका छैनन्।

सुनसरी जिल्लाको पूर्वकुशाह गाविस-६ का समरा झांगडले करिव ५० वर्षअघिदेखि साहूको ४.५ बिघा जमिन कमाइ आइरहेका छन्। उनले नियमबमोजिम कुत बुझाउन छाडेका पनि छैनन्। हाल सो जग्गा उनका २ भाइ छोरा (बालुलाल र महेशलाल उराव) भिन्न भई आधा/आधा कमाइरहेका छन्। उनीहरूसँग वैकल्पिक रोजगारीका लागि आर्थिक स्रोत, सिप र क्षमता छैन। कृषि नै उनीहरूको एकमात्र प्राण धान्ने आधार बनेको छ। यदि कुनै कारणले साहूले उक्त जग्गा खोसिदिने हो भने उनीहरूको परिवारको बाँच्ने आधार समाप्त हुन्छ र वीरगन्जका चौरासिया परिवारको जस्तो दुःखद कथा पुनरावृत्ति हुन बेर पनि लाग्दैन। कामना गरौं, त्यस्तो अवस्था कहिल्यै नआओस्।

उराव परिवारले जग्गा कमाएका छन् र त्यसको प्रमाण पनि छ। उनीहरू कुत बुझाउँदा भर्पाइ माग्छन् तर त्यसो गरेको जग्गा धनी ठीक मान्दैनन्। कमाएको जग्गामाथि आफ्नो मोहियानी हक छ भन्ने थाहा नभएको र उक्त हक माग्ने रहर नभएको पनि होइन उनीहरूलाई। साहूलाई पनि उक्त कुरा थाहा छ र हक नदिन अनेक किचलो र बखेडा निकाल्छन्। 'जग्गा धनीसँग झमेला गर्न सकिन्न। ऊ शक्तिशाली छ, हामी एक/दुईजनालाई पछार्छ र थिच्छ। सबै मोही मिलेर गएमा उसलाई दिन कर लाग्छ तर त्यसरी सबैजना मिलिसकेका छैनौं। कहिलेकाहीं जग्गाको कुरा उठाउँदा साहू २५ प्रतिशत लिने भए दिन तयार देखिन्छ तर कानुनले दिएको ५० प्रतिशत नपाई कसरी जग्गा छोड्नु ?' बाबुलाल केही डर र केही आँटका कुरा गर्छन्।

पूर्वकुशाह गाविसमा मात्रै करिव २०० परिवार मोही जोताहा किसान छन्। उनीहरूले कम्तीमा २.५ बिघा र बढीमा ५.५ बिघा कमाइरहेको पाइन्छ। त्यसरी कमाउने परिवारले १.२५ देखि २.७५ बिघा जमिन कानुनतः आफ्नो नाममा पाउनुपर्ने हो। जहाँ १ बिघा जग्गाले ५-६ जनाको परिवारले गुजारा गर्न सक्ने सम्भावना रहेको अर्का मोही महेशलाल उराव बताउँछन्। अर्का बाबुलाल उरावका अनुसार त्यस क्षेत्रमा जग्गाको प्रचलित भाउ करिव ३ लाख रुपियाँ प्रतिबिघा छ। यसरी जमिन पाएपछि ती परिवार ३ लाख ७५ हजार देखि ८ लाख २५ हजार रुपियाँसम्मको सम्पत्तिको मालिक हुन सक्छन्।

बाबुलाल र महेशलाल उराव जस्ता धेरै जोताहा मोहीले आफ्नो जग्गा नभएका कारण सहनुपरेको सामाजिक अपहेलना, शक्ति र निर्णय प्रक्रियामा गुमेको पहुँच र आर्थिक विकासको सम्भावनाको ढोका बन्द हुनुको पीडाको व्याख्या गरिसाध्य छैन। ती मोहीहरू अरूको जग्गा कामाइदिने श्रमिक भएका छन् र दिन/रात अर्काको भूमिमा काम गर्नु उनीहरूको नियति भएको छ। त्यसो नगरे जोताहा मोहीहरूले त्यही कामबाट पनि हात धुनुपर्छ र जीविकोपार्जन झन सङ्कटमा पर्छ। त्यसरी अरूको जग्गामा काम गर्ने बाध्यता रहँदा श्रममा उनीहरूको नियन्त्रण र मूल्य कामय गर्ने क्षमता छैन। त्यसैले त त्यहाँका किसानहरूले काम गरेबापत महिलाले रु. २५ नगद र १ केजी अन्न (झण्डै रु.१०) र पुरुषहरूले रु. ५० नगद र १ केजी अन्न पाउँछन् जहाँ त्यस्तै काम गर्न अन्य क्षेत्रमा झण्डै रु. १०० को हाराहारीमा ज्याला चलेको पाइन्छ।

यो पनि बाध्यतामा पारी श्रमिकलाई गरिएको एउटा शोषणको रूप हो। त्यस्तै



उनीहरू राजनीति, निर्णय प्रक्रियामा सहभागी हुने, विकासको अरू क्रियाकलापमा संलग्न हुने सम्भावनाबाट सधैँ बाहिर रहँदै आएका छन् । कारण उनीहरूलाई एक त दैनिक कामबाट समय मिल्दैन भने अर्को उनीहरूले पनि त्यस्तो कुरा गर्ने अधिकार छ र गर्न सक्छन् भनेर प्रोत्साहन गर्ने कोही छैन । साथै उनीहरूसँग कुनै सिप, ज्ञान र व्यावसायिक सम्भावना हुँदा कृषि वा गैरकृषि क्षेत्रमा लगानीको अवसर रहँदा पनि पुँजीमा पहुँच छैन । गाउँमा कृषि विकास ब्याङ्क स्थापना भएको छ कृषकलाई सेवा गर्ने भनेर तर दुर्भाग्य त्यही कृषि विकास ब्याङ्कले धितो राख्ने सम्पत्ति र लालपुर्जा नभएका कारण ती वास्तविक किसानलाई लगानी गर्दैन र असङ्ख्य किसान आर्थिक सेवाबाट वञ्चित हुनुपरेको छ जुन उनीहरूको अधिकारको ठूलो उल्लङ्घन हो ।

आफ्नै नाममा कमाएको आधा जग्गाको लालपुर्जा भएको खण्डमा आफ्नो सामाजिक प्रतिष्ठा बढ्ने कुरामा बाबुलाल उराव विश्वस्त छन् र भन्छन्- म पनि जग्गाको मालिक हुन्थेँ र अग्रहरि परिवार जस्तै मेरो पनि सामाजिक हैसियत कायम हुन्थ्यो । मेरा छोरा/छोरीले मेरोजस्तो हैसियतमा बाँच्नुपर्ने थिएन । वास्तवमा उनको सपना जायज छ, न्यायिक छ ।

धेरै विकासे संस्थाहरू र आफूलाई जान्ने ठान्ने व्यक्तिहरू समुदायका व्यक्तिहरूलाई कम जान्ने, असचेत र अशिक्षित भएको एकतर्फी तर्क गर्दै चेतनामूलक क्रियाकलाप गर्न अग्रसर भएका पाइन्छ । तर अरूको जग्गा कमाउने मोही किसान बाबुलाल र महेशलाल उरावहरू प्रशस्त मात्रामा सचेत छन्, आफ्ना दुःख, पीडा र अन्यायको पर्याप्त पहिचान र अनुभूति छ उनीहरूलाई । केवल कुरा यति छ कि सामाजिक, आर्थिक परिवेश र संरचनाले उनीहरूलाई ती कुरा बाहिर ल्याउन सघाउँदैन । यसको एक ज्वलन्त उदाहरणका रूपमा जमिनको स्वामित्वको ऐतिहासिक पृष्ठभूमिबारे उनीहरू स्वयंको विश्लेषणले प्रष्ट गर्छ ।

महेशलाल उराव भन्छन्- 'सुरुमा त्यस क्षेत्रको धेरै जग्गा उनकै परिवारले फाँडेको र भोगचलन गरेको थियो । बिस्तारै बाह्य मानिसको सो क्षेत्रमा आगमन हुन थाल्यो । किसानहरू आर्थिक स्रोतमा कमजोर थिए र गुजारा चलाउन धनीहरूसँग ऋण लिनुपर्थ्यो । त्यही ऋणको बयाजस्वरूप कतिले जग्गा नै हडपे भने कतिले सस्तो श्रमिकका रूपमा प्रयोग गरी आर्थिक शोषण गरे र सधैँका लागि आश्रित बनाउन थाले । पछि नापीको समयमा साहूहरूले पहुँच र शक्ति प्रयोग गरेर ती अधिकांश जग्गा उनीहरूकै नाममा पारे र हामी ठगियौँ, अन्यायमा पर्‍यौँ, हाम्रो पक्षमा न्याय दिने कोही भएन । फलस्वरूप वास्तविक जमिनको मालिक हामीहरू केवल सेवक श्रमिकका रूपमा बस्न बाध्य हुनुपर्‍यो ।' उराव अगाडि भन्छन्- त्यतिखेर हाम्रो पक्षमा बोलिदिने र पहल गरिदिने कोही भइदिएको भए हामीले सित्तैमा आफ्नो त्यति धेरै जमिन गुमाउनुपर्ने थिएन र अहिलेको जस्तो नाजुक हैसियत पनि हुने थिएन ।

हाम्रो मुलुकका अन्यायपूर्ण सामाजिक र आर्थिक परिवेशको प्रतिनिधिमूलक पात्रहरू हुन् बाबुलाल र महेशलाल उरावहरू । बाबुलाल अहिले ४१ वर्षका भएका छन् । न उनी आफ्नै माटोमा जन्मेका थिए न उनको नाममा अहिलेसम्म कुनै जमिन छ । तर उनको मुख्य पेशा भने कृषि हो । उनी काम गर्न सक्ने भएदेखि कृषि पेशाबाट कहिल्यै पाखा लागेका छैनन् । तर दुर्भाग्य, उनको आफ्नो र परिवारको नाममा एक चिम्टी माटोसम्म पनि छैन । उनको ७ जनाको परिवार मुस्किलले चलेको छ साहूको २ बिघा जग्गा कमाएर । उनका बाबु समरा झांगड (७० वर्षका) ले स्थानीय अग्रहरि परिवारको जग्गा कमाउन थालेका थिए जुन आजसम्म उनका छोराहरू बाबुलाल र महेशलाल उरावहरूले निरन्तरता दिएका छन् । थाहा छैन, अग्रहरि परिवार ५० वर्षअघिको तुलनामा अहिले कति स्रोत साधन, क्षमता र शक्तिमा अगाडि बढेका होलान् तर समरा झांगडको परिवारको हालत भने कत्ति पनि सुधार भएको छैन बरु थप कमजोर बन्दै गएको छ ।

लोकतान्त्रिक र सामाजिक न्यायको हिमायती हाम्रो राज्य प्रणाली, राजनीतिक क्षेत्र, नागरिकहरूको करबाट सञ्चालित कर्मचारीतन्त्र र सामाजिक परिवर्तन र गरिबी निवारणको अभियानमा क्रियाशील सबैले आफैँलाई प्रश्न गर्नुपर्छ र त्यसको समाधान खोजिनुपर्छ कि यो कस्तो संरचना हो जसले कुनै समयको जमिनका खास मालिकहरू आज एक किसिमको दास श्रमिक बन्नु परिरहेको छ । ५० वर्षअघिको भन्दा पनि वर्तमान हैसियत कमजोर भएको छ । समाजका हुनेखानेहरू जस्तै उराव परिवारका हक अधिकार किन खोसिएका छन् ?, उराव परिवारको आर्थिक सम्पन्नता र सामाजिक प्रतिष्ठा उकास्ने प्रमुख दायित्व कसको होला ? र अन्त्यमा, सबैले सोच्नुपर्ने बेला भएको छ- आजसम्मका हाम्रा सरकारी र गैरसरकारी विकासका प्रयासहरू उराव परिवारसम्म किन पुगेनन् ? ✿



विनोद गौतम

# बेदर्ता मोहीको पक्षमा



नेपालको पञ्चायतकालको सबैभन्दा पहिलो न्यायोचित कदम भूमिसम्बन्धी ऐन २०२१ को जारी र यसले राखेका मान्यताहरू थिए। शासन व्यवस्थाको दृष्टिकोणमा पञ्चायतकाल निरंकुश भए पनि यो ऐन जारी भएपछि भूमिमा भूमिहीनहरूले प्राप्त गर्ने आफ्नो हिस्सा र भूमि सुधारका लागि यसले गरेका व्यवस्थाहरू केही हदसम्म भए पनि सामाजिक न्यायको पक्षमा थिए।

तत्कालीन शासकले अरूसँग सोधखोज नगरी आफूखुसी निर्णय गर्ने परिपाटीका कारण पनि यो ऐनअनुसार भूमि सुधारका थुप्रै हुन सक्ने काम पनि भएनन्। तर २०२१ मा जारी ऐनकै जगमा टेकेर केही भूमिहीनले मोहियानी हकमार्फत भूमिमा आफ्नो स्वामित्व कायम गरे। अर्थात मोहियानी हकबाट भूमिमा आफ्नो पहुँच स्थापित गर्न सफल भए। वि.सं. २०५३ सालमा यो ऐनको चौथो संशोधन भएपछि भूमिमा द्वैध स्वामित्व रहने प्रावधान हटाइयो र मोहियानी हक प्राप्त गरेकालाई मोहीबापतको आधा जग्गा उपलब्ध गराउने व्यवस्था कायम गरियो। कानुनअनुसार मोहीबापत आफ्नो जग्गामा आफ्नो हक स्थापित गरेकाहरूले जग्गा प्राप्त गर्नका लागि लामो सङ्घर्ष गरेको इतिहास त छँदैछ। योसँगै अरूको जमिन जोतिरहेका तर आफ्नो नाम दर्ता गर्न छुटेकाहरूले जग्गामा आफ्नो हक स्थापित गर्ने अवसर गुमाए।

## दर्ता र बेदर्ता मोही

वि.सं. २०५३ सालअघि मोही हक प्राप्त गरी आफ्नो हक स्थापित गराएकाहरूलाई सरकारले निवेदन दिन आग्रह गऱ्यो। तथ्याङ्कअनुसार करिब ४०[1] हजार मोहीले मोही निवेदन दर्ता गरी कानुनअनुसार आफ्नो हक स्थापित गर्न सफल भए। अर्थात मोही निवेदन दर्ता गरी कानुनअनुसार आफ्नो हक स्थापित गर्न सफल भए। तर सरकारी तथ्याङ्कलाई नै हेर्दा करिब ४५०,०००[2] परिवार मोही भएर पनि निवेदन नदिएका कारणले जग्गा प्राप्त गर्ने आफ्नो हकबाट वञ्चित भए। साहूको खेत जोतिरहेका मोहीहरूलाई सरकारभन्दा साहू नै प्यारो लाग्यो। उनीहरूलाई साहूको जग्गा आधा लिनु भनेको अन्नदाताको विरुद्धमा लागी पाप गर्नु हो भन्ने लाग्यो। कतिलाई डर देखाइयो। कतिलाई निवेदन दिएमा जोतिरहेको जग्गाबाट पनि निकाला गरिदिने धम्की दिइयो। कतिलाई फकाएर निवेदन दिने हल्लामात्रै भएको कुरा उल्लेख गरियो।

जस-जसले मोहियानी हक प्राप्त गर्न निवेदन दिए कानुनतः उनीहरूले मोहीको मान्यता प्राप्त गरे। उनीहरूलाई दर्तावाल मोही भनियो तर जस-जसले निवेदन दिएनन्,

ओखलढुङ्गा जिल्लाको मोलुङ्ग गाउँपालिकामा १७ घर मोही छन्। उनीहरूले वि.सं. २०१० सालदेखि बुद्धिबहादुर घलेको ८७ रोपनी जग्गा कमाइरहेका छन्। उनीहरूसँग साहूले दिएको बाली भरपाइ अझै पनि सुरक्षित छ। तर साहूसँग पटकपटक छलफल गर्दा कहिले मन लागे कमाउनु नलागे त्यत्तिकै छोडिदिनू भन्ने जवाफ दिएको कुरा मोहीहरूले बताए। साहू काठमाडौँ बस्ने र आफूहरू पनि बेदर्ता मोही भएकाले स्थानीय सरोकारवालाबाट खासै ठूलो सहयोग नभएको गुनसो ती मोहीहरूको छ। आफूलाई मोही दर्ताका क्रममा जानकारी नभएकाले प्रमाण भएर पनि मोहीका रूपमा दर्ता हुन नसकेको उनीहरूले बताएका थिए।

१ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

२ उच्चस्तरीय भूमि सुधार (बडाल) आयोग २०५१ को प्रतिवेदन

ती मोही भएर पनि मोहीबापतको हकबाट वञ्चित रहे। तिनीहरूलाई बेदर्ता मोही भनियो। नेपालको कानुनसँग अनविज्ञ रहेका र प्रलोभनमा परेका मोहीहरू आफ्नो हक पाउने अवसरबाट वञ्चित भए अर्थात वञ्चित गराइयो। यसरी एकै प्रकृतिको जीवनस्तर जिइरहेका समान व्यक्तिलाई कानुनको दृष्टिमा अधिकार प्राप्त गर्न योग्य र अयोग्य बनाइयो।

## कानुन र सामाजिक न्याय

कानुन व्याख्याका केही सिद्धान्त र मान्यता छन्। कुनै सिद्धान्तले कानुनमा जे लेखियो त्यसलाई तोडमोड गरेर व्याख्या गर्न पाइन्न भन्ने मान्यता राख्छन्। कोहीले कानुनमा जे लेखिए तापनि त्यहाँ उल्लेख गरिएका शब्द न्याय दिनुपर्ने व्यक्ति वा समुदायलाई असर पार्नेखालका छन् भने त्यसलाई अदालतले न्यायको पक्षमा व्याख्या गर्नुपर्छ भन्ने मान्यता राख्छन्। रस्को पाउन्ड, इमाइल दुर्खिमलगायत विद्वान्हरू सामाजिक आवश्यकता र समाजको न्यायको पक्षमा निरन्तर वकालत गर्ने विद्वान्हरूका रूपमा चिनिन्छन्।

नेपालको संविधानले सामाजिक न्यायको हकलाई मौलिक हकका रूपमा व्याख्या गरेको छ। भूमिहीनलाई जग्गा दिने घोषणालाई सबै राजनीतिक पार्टीले राजनीतिक केन्द्रमा राखेका छन्। यो सकारात्मक कुरा हो। तर हाल मोही हक कायम गरेका परिवारको तथ्याङ्कलाई मात्रै मोहीका रूपमा व्याख्या गरियो भने ठूलो सङ्ख्याका मोहीहरू जग्गा प्राप्तिको अवसरबाट वञ्चित हुन्छन्। जसले गर्दा जग्गा प्राप्तिका लागि उनीहरूले पुनः एकपटक सङ्घर्ष गर्नुपर्ने हुन्छ। सँगै मोही हक पाएको छिमेकी जग्गा पाउँछ तर एउटा सानो प्राविधिक त्रुटि भएकै कारण कसैलाई जग्गा प्राप्तिको अवसरबाट वञ्चित गराइन्छ भने उनीहरूमा विद्रोहको विकल्प हुन्न। यसले समृद्धिको लामो यात्रा पार गर्न त सकिन्न नै, राजनीतिक स्थायित्वको नारा पनि केवल सपनामात्रै हुन्छ।

दर्तावाल मोहीहरूलाई पनि दुई तरिकाले हेर्नु जरुरी छ। केही समयअगाडि महोत्तरी जिल्लाको खयरमारा भन्ने ठाउँ जाँदा अनौठो उदाहरण फेला पर्‍यो। मुसहर समुदायका २० घर (जो भूमिहीन भएर लामो समयदेखि साहूका एक टुक्रा जग्गामा बसेका छन्) साहूले प्रलोभनमा पारेर जग्गावाला र साहूचाहिँ कागजीरूपमा मोही भएका रहेछन्। करिब ५० बिघा जमिन भएका साहूको पाँच धुर जग्गामा झुपडी बनाई बसेका भूमिहीन समुदायलाई मालिक बनाइयो। साधारण अक्षर पनि चिन्न नसक्ने उनीहरूले जताजता सहीछाप गर्नु भनियो उतै उतै ल्याप्चे लगाए। यसरी यथार्थमा उनीहरू कमजोर भए पनि कानुनीरूपमा बलिया भए। पछि जिल्ला भूमि अधिकार मञ्चका संयोजक राजकुमार बस्नेतसँग बुझ्दा थाहा भयो- महोत्तरीकै लक्ष्मीनियाँ भन्ने ठाउँमा ६३ घर भूमिहीनहरूको पनि ठ्याक्कै यही अवस्था रहेछ।

**भूमिहीनलाई जग्गा दिने घोषणालाई सबै राजनीतिक पार्टीले राजनीतिक केन्द्रमा राखेका छन्। यो सकारात्मक कुरा हो। तर हाल मोही हक कायम गरेका परिवारको तथ्याङ्कलाई मात्रै मोहीका रूपमा व्याख्या गरियो भने ठूलो सङ्ख्याका मोहीहरू जग्गा प्राप्तिको अवसरबाट वञ्चित हुन्छन्।**

मोही बाँडफाँटका लागि भूमिसम्बन्धी ऐन २०२१ अनुसार उनीहरूले आफ्नो भागको आधा जग्गा साहूको (कानुनतः मोही) उपलब्ध गराउनुपर्ने भयो। वर्तमान कानुनकै आधारमा टेकेर कानुनी उपचार खोज्ने हो भने तिनीहरू बसोबास गरिरहेको जग्गबाट समेत खेदिने निश्चित छ। सामाजिक न्यायको पक्षबाट हेर्ने हो र कानुनको अक्षरलाई नभई मर्मलाई व्याख्या गर्ने हो भने पाँच धुर हुनेले आफ्नो बसोबासको सुनिश्चितताका लागि बसिरहेको जग्गा स्वतः आफ्नो भई जीविकोपार्जनका लागि साहूको जग्गा (जुन उनीहरूले लामो समयदेखि कमाइरहेका छन् तर कानुनीरूपमा मोहीको मान्यता पाउन सकेनन्) प्राप्त गर्नुपर्ने हो।

## अब के गर्ने ?

संविधानको मौलिक हकमा उल्लेख भएका जनताका अधिकारहरूलाई पूर्ण कार्यान्वयन गराउनका लागि निर्माण गर्नुपर्ने नयाँ कानुन तीन वर्षभित्र तयार गरिसक्नुपर्छ। समयसीमा हेर्दा सरकार कानुन निर्माणको उत्तरार्द्ध अर्थात अन्तिम चरणमा छ। यो एउटा ठूलो अवसर हो। जसरी वि.सं. २०२१ को अवसरलाई पूर्णरूपमा सदुपयोग गर्न सकिएन त्यसरी कानुन निर्माणको चरणमा यो अवसरलाई पूर्ण सदुपयोग गर्न नसक्ने हो भने भूमिहीन सुकुमबासी र मोहीहरूलाई जग्गा उपलब्ध गराउने योजना केवल योजनामा मात्रै सीमित रहने निश्चित छ।

नेपालको संविधानको धारा २२६[३] ले स्थानीय सरकारलाई कानुन बनाउने पूर्ण अधिकार दिएको छ। यो समय स्थानीय सरकारले भूमि सुधारका पक्षमा काम गर्ने महत्वपूर्ण अवसर हो। कानुन निर्माणकै चरणमा बेदर्ता मोहीको समस्यालाई पनि सम्बोधन गर्न सकिएमा भूमि सुधारका प्रशस्तै काम गर्न सकिन्छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका दर्ता र बेदर्ता मोही पहिचान गरी बेदर्ता मोहीको पक्षमा कानुन निर्माण गर्न सके जग्गामा सबैको स्वामित्व बढ्ने स्पष्ट देखिन्छ।

कानुनका अक्षर आफैँ बोल्ने हैनन। यिनीहरूलाई अदालतले व्याख्या गर्ने हो। कानुनको मर्म अन्यायमा परेकालाई न्याय प्रदान गर्नु हुन्छ। यसर्थ समता र सामाजिक न्यायको सिद्धान्तलाई अङ्गीकार गर्ने हो भने बेदर्ता मोहीलाई पनि आधा जग्गाको स्वामित्व प्रदान गरिनुपर्छ। यसबाट मात्रै सरकारले परिकल्पना गरेको 'सुखी नेपाली र समृद्ध नेपाल' को सपना र दिगो विकास २०३० ले राखेका लक्ष्य पूरा हुन्छन्।

३ गाउं सभा र नगर सभाले अनुसूची ८ र अनूसुची ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्नेछ। नेपालको संविधान, धारा २२६

# न्यायको पर्खाइमा बेदर्तावाल मोहीहरू

**जयबहादुर श्रेष्ठ**




श्री ५ को सरकारद्वारा राजपत्रमा मोही जग्गा बाँडफाँटसम्बन्धी सूचना प्रकाशित भएको थाहा पाएपछि सिन्धुपाल्चोकको गाती गाविस-३ का कामी तामाङ वडा मुचुल्का र गाविसको सिफारिस लिएर जिल्ला भूमि सुधार कार्यालय, चौतारामा निवेदन दिन पुगे। निवेदन दर्ता गर्न खोज्दा 'मिल्दैन' भन्ने कुरा जब कर्मचारीबाट उनले सुने तब साहूलाई खाइनखाइ भरेको मुरीको मुरी बाली झल्झल्ती सम्झे। 'किन दर्ता मिल्दैन ?' भन्ने आटँसम्म गर्न नसक्ने तामाङ भूमि अभियानकर्मीको सहयोगमा आफूले जोतभोग गरी आएको जग्गाको अधिकार माग्न पहिलोचोटि सदरमुकाम पुगेका थिए। भूमि सुधार कार्यालयका प्रमुखबाट 'हुलाकमार्फत निवेदन हाल्नुस्' भन्ने सुनेपछि केही आशा मिसिएको झिनो स्वरमा उनले भने- हुलाक कहाँ होला हजुर ?

कामी तामाङ त एक उदाहरणमात्र हुन्, उनको पीडाले देशका लाखौँ बेदर्तावाल मोहीको प्रतिनिधित्व गर्छ। सरकारले २०६१ साल चैत मसान्तभित्र मोही जग्गा बाँडफाँटका लागि निवेदन दिन सूचना प्रकाशित गरे पनि त्यसले बेदर्तावाल मोहीलाई न्याय दिलाउने देखिँदैन। दर्तावाल मोहीको सङ्ख्या भन्दा दोब्बर सङ्ख्यामा रहेका बेदर्तावाल मोहीहरू जग्गावालाको शोषण खपेर जमिन जोतिरहन बाध्य छन्। कामी तामाङले भूमि सुधार कार्यालयमा जोतिरहेको जमिनको अधिकार पाउन मोही दर्ता भएको प्रमाण देखाउनुपर्थ्यो तर उनीसँग जोतभोगको कुनै प्रमाण पनि छैन। 'मैले अधिकार पाउनुपर्छ' भनी सँधियारको मुचुल्का र गाविसको प्रमाण लिएर जाँदा पनि आफ्नो निवेदन दर्ता नहुने भएपछि अब चौतारा गएको थाहा पाएर जग्गाधनीले जग्गा खोसिदिने पो हो कि ? भन्ने अर्को चिन्ता थपिएको छ उनलाई।

जीविकोपार्जनको महत्वपूर्ण साधन मानिएको भूमिमा वास्तविक जोताहाको अधिकार नहुँदा नेपालमा दिनानुदिन गरिबीको सङ्ख्या बढ्दै गइरहेको छ। अर्थात जनताको आँखामा छारो हाल्नका लागिमात्र यस्ता सूचना प्रकाशित गर्ने सरकारले कहिल्यै पनि जोताहालाई न्याय हुने निर्णय गरेको छैन। सूचना प्रकाशित गर्ने निर्णय भएको पनि ६ महिनापछि मात्र सार्वजनिक गर्ने सरकारले फेरि एकपटक बेदर्तावाल मोहीलाई अन्याय गरेको छ। जिल्ला भूमि सुधार कार्यालयमा हुलाकमार्फत दर्ताका लागि पुगेको निवेदन हजारौँको सङ्ख्यामा छ। 'ती निवेदन मुसाले खाने, च्यातिने र हराउने भएका कारण हामीले हुलाकबाट पनि नलिने सोचेका छौँ'- कार्यालयका अधिकारीहरू भन्छन्। निवेदन कार्यान्वयन गर्न माथिल्लो निकायमा सिफारिश गरिरहँदा पनि बेवास्ता गरिएका कारण झन गाह्रो परेको उनीहरू बताउँछन्।

देशमा लाखौँको सङ्ख्यामा बेदर्तावाल मोही छन्। अधिकारको पर्खाइमा रहेको वर्षौं हुँदासम्म पनि अन्यायको जाँतोमा पिल्सिरहनु पर्दा कतिपय त माओवादीप्रतिसमेत आकर्षित हुन थालेका छन्। अनावश्यक सूचनाचाहिँ पटक-पटक प्रसारण गर्ने, बहुसङ्ख्यक जनतासँग सम्बन्धित र थाहा नपाई नहुने यस्ता महत्वपूर्ण सूचनाचाहिँ थाहा पाउलान् कि भनेर लुकाइराख्ने सरकारी नियतले जोताहालाई भूमि दिने नियत देखाउँदैन। गरिबी न्यूनीकरणका लागि भूमिमा वास्तविक जोताहाको अधिकार हुने नीति ल्याउनुपर्छ। अनिमात्र सामाजिक न्याय र समुन्नति हुनेछ। जोतभोगका आधारमा मोहियानी हक पाउने नीति नल्याएसम्म अधिकार पीडितहरूको निवेदन रद्दीको टोकरीमा पुगि नै रहनेछ।

श्री ५ को सरकारले नेपाल राजपत्रमा २०६० साल फागुन २२ गते एक सूचना प्रकाशित गरी २०६२ सालको चैत मसान्तभित्र मोही जग्गा बाँडफाँट गरिसक्ने बताएको थियो। भूमिसम्बन्धी ऐन २०२१ को दफा २६, घ (१) ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावाल र मोहीले बाँडफाँट गरी लिन निवेदन दिने म्याद २०६१ साल चैत मसान्तसम्म तोकिएपछि देशका ४ लाखभन्दा बढी र सिन्धुपाल्चोकका १० हजारभन्दा बढी बेदर्तावाल मोहीले विभिन्न प्रमाण जुटाइ निवेदन दिने तयारी गरिरहेका छन्। तर कामी तामाङलाई उदाहरणका रूपमा लिने हो भने प्रशासनले 'मिल्दैन' भनेर उनीहरूको निवेदन दर्ता गर्न मान्ने छैन।



बनिलाल चौधरी

# मोही हक पाएपछि बन्यो संयुक्त पुर्जा





जमिनको स्वामित्व पाउन उमेरले छेक्दैन । कोही जन्मजात जमिनको मालिक बनेका हुन्छन् । कोही सास र लास थेग्ने थलो नभएर पनि जीवन गुजार्न बाध्य हुन्छन् । जमिनमा पाखुरा बजार्नेहरू, मानो छरेर मुरी उब्जाउनेहरू, खेतीको भरमा बालबच्चा पाल्नेहरू, खेतको गरा सिँच्दा ढाडमा पसिना सुकाएर राजा/रङ्कका भकारी भर्नेहरू, प्रायजसो जमिनको मालिक बन्नबाट वञ्चित गरिएका हुन्छन् । कालान्तरमा हैजा, मलेरिया र औलोसँग पौँठेजोरी खेल्दै मरुभूमिलाई ऊर्वर भूमि बनाएका बाहुबलीहरू सदा भू-दास बनिरहे । हुन त रङ्गीन गमलामा धर्तीपुत्र भनेर फूलबट्टा भर्नेहरूको खडेरी छैन । यसका धेरै अर्थ हुन सक्छन् । जसले भूमिमा रगत/पसिना बगाए उही धर्तीपुत्र । जसले खेतमा पसिना होइन महलमा जुत्ता बजारे उही धर्तीपिता । यी सबै सामाजिक असमानताले उब्जाएका घटना हुन् । धर्तीपुत्र जनिएका किसानहरू बढीमा मोहियानी हकमा सीमित हुन पुगे । अझ महिला किसानको त झन् अस्तित्व नै देखिँदैन । क्षितिजपारि देखिने यस्ता भूमि हकसम्बन्धी अवसर पनि छन् । यी अवसरको पर्खाइपछि धेरै वसन्त पार गरेर क्षितिजपारिबाट एउटा किरण झुल्किएको छ फक्कु थारूको जीवनमा ।

फक्कु मोही किसान हुन् । उनी ८२ वर्षका भए । पत्नीको नाम सुन्दरी थारू हो । वैजनाथ गाउँपालिका वडा नं. ७ पेडारी गाउँमा बसोबास गर्छन् । उनका ४ छोरा र ४ बुहारी छन् । समग्र परिवार ८ पुरुष ९ महिला गरी १७ जनाको छ । फक्कुले जोतभोग गरेको जग्गामा २०२४ सालमा मोहियानी हक कायम भएको थियो । जग्गाधनीको नाम कमलादेवी श्रेष्ठ हो । मोही हकका लागि २०७३ पुसमा भूमि सुधार कार्यालयमा बाँडफाँट निवेदन दर्ता गरेका थिए । भूमि अधिकार मञ्चको सहजीकरणमा निवेदन दर्ता भएको थियो । निवेदन दर्ता गरेदेखि निरन्तर तारेख खेपिरहेका थिए । मुद्दा खेप्ने क्रममा २० हजार रुपियाँ जति खर्च भएको अनुभव छ उनीसँग ।

निवेदन दर्ता भएदेखि जग्गाधनीले अनेकन धम्की, डर, त्रास र प्रलोभन देखाए । भूमि सुधार कार्यालयका कर्मचारीले पनि प्रलोभन नदेखाएका होइनन् । तर अलिकति पनि विचलित नभई आफ्नो सवालमा अडिग रहे । 'कानुनले दिएको अधिकार किन छाड्ने ? जग्गा मेरो बुबाले बनाएको अनि जिम्दार तिमी बन्यौ । खेती मैले गर्ने अनि तिमीले आफ्नो भकारी भर्ने ? मोही तिमीले दिएको होइन, हाम्रो सरकारले दिएको हो' भनेर अनेकन तर्क दिएर जग्गाधनीसँग जुधेको अनुभव सुनाउँछन् फक्कु । तथापि २०७४ कात्तिक २३ गते मोही हकबापत ८ कठ्ठामध्ये ४ कठ्ठा जग्गा लिएरै छाडे । अन्ततः ८२ वर्षको उमेरमा जमिनको मातापिता भए ।

मोही कायम भएदेखि ३ पिँढी कर्मचारीको पेन्सन भइसकेको तर्कना छ उनीसँग । किनभने राज्यको मुख्य आर्थिक स्रोत नै भूमि कर थियो त्यसबेला । राज्यले भूमि कर सङ्कलन गर्ने अभिप्रायले बचत अभियान नै चालेको थियो । फक्कुको स्मरणमा उनी २०१९ सालमा पेडारी गाउँमा बचत समूहका सदस्य थिए । यिनको समूहमा हिङ्गौ थारू, मेवालाल थारू र लोहारी थारू पनि सदस्य थिए । तत्कालीन समयमा पहाडमा मुखिया र तराईमा पतवारी व्यवस्थापन गरिएको थियो । जसले भूमि करको व्यवस्थापन गर्ने भूमिका पाएका थिए । तर ती व्यक्तिहरूप्रति विश्वस्त छैनन् । किनभने उनीहरूले गरेका पदीय दुरूपयोगले गर्दा आफ्ना पुर्खाले आर्जेका जमिन गुमाएको बताउँछन् । त्यसको सिकार हुन बाध्य भए हालका जग्गाधनीबाट । मोही जग्गा भोगचलन गर्ने क्रममा जमिनको ऊर्वर शक्तिअनुसार बाली लाउन पाएनन् । जग्गाधनीले भनेकै बाली लगाउनुपर्थ्यो । सिँचाइ खर्च आफैँ बेहोर्नुपर्थ्यो । बीउ, मल



पनि आफैँ व्यवस्था गर्नुपर्ने । समयमा बाली बटैया नहुने । बटैया भएको बाली जग्गाधनीको घरसम्म पुऱ्याउनुपर्ने । बेलाबखत बेगारी गर्नुपर्ने । यस्ता उत्पीडनका पीडा त कत्ति झेले कति ।

मोही हक लिने अभियानमा उनी एक्लो भने पक्कै थिएनन् । उत्साह र हौसला दिने सहयोगी हातहरू पनि थिए । यसका लागि भूमि अधिकार मञ्च बलियो शक्तिका रूपमा उभियो । यसले मुद्दालाई ओझपूर्ण बनाउन मद्दत गऱ्यो । मोही जग्गा प्राप्तिले उनलाई केही मात्रामा लाभान्वित बनाएको छ र भूमि अधिकार अभियानमा निरन्तर लागिरहन सहज पनि बनाएको छ । फक्कुले गरेको यो मोही अधिकार प्राप्तिको सङ्घर्षले अन्य अगुवा र कार्यकर्तालाई भूमि अधिकार अभियानमा सधैँ लागिरहन प्रेरणा मिलेको छ । मोही जग्गा पाएपछि फक्कुमात्रै लाभान्वित भएनन् । उनकी पत्नी सुन्दरी झन् बढी लाभान्वित भइन् । पतिसँग खेत/खल्यानमा पाखुरी बजारेकी, मानामुरी अन्न फलाउन पसिना बगाएकी महिला किसानको पनि त्यो जमिनमा अस्तित्व जोडियो । अर्थात मोही जग्गा पाएपछि २०७४ मङ्सिर २६ गते संयुक्त लालपुर्जा बनाए । जीवनले नेटो काट्दै गरेको उमेरमा जमिनको स्वामित्वसँग नाता जोडिनु कम खुसीको कुरा होइन । उनीहरूको मुखारविन्दबाट प्रष्फुटन भएको छ यतिबेला कि भूमि अधिकार मञ्चको जय होस् । यो यस्तो घटना हो जुन महिला अधिकारका क्षेत्रमा काम गर्ने अभियन्ताहरूका लागिसमेत रचनात्मक पाठ बनेको छ । ✿

# अन्तर्राष्ट्रिय सम्बन्ध : फैलने अवसर




## परिचय

विश्व जति पछि भयो उति उति साँघुरिँदै गएको छ । समग्रमा भन्दा विश्व नै एउटा गाउँ हुन पुगेको छ । कुनै पनि फेसनदेखि विचार हुँदै घटनासम्म क्षणभरमा विश्वभर फैलन्छन् चाहे त्यो जुनसुकै कुनामा भएको किन नहोस् । यस्तो परिवेशमा नेपालको भूमि अधिकार आन्दोलनमात्र अपवाद हुन सक्दैन र हुन पनि हुँदैन । यही आवश्यकता महसुस गरेर भूमि अधिकार बुलेटिनले आफ्नो अभियानलाई विश्वभर फैलाउन तथा उनीहरूसँग हातेमालो गरेर अघि बढ्न अन्तर्राष्ट्रिय सम्बन्धलाई एउटा मुख्य सवालकै रूपमा उठाउँदै आएको छ ।

यस क्रममा आफ्नो अभियानमा साथ दिने वा सहयोग र समर्थन दिनेखालका विश्वव्यापी वा क्षेत्रीय स्तरका संस्था/मञ्च आदिसँग सम्बन्ध अभिवृद्धि गर्ने, सहयोगका क्षेत्र आदान-प्रदान गर्ने, द्विपक्षीय भ्रमणहरू गर्ने तथा सिकाइ र पाठ बाँडचुँड गर्ने काम भएका छन् । यस्ता विविधि क्रियाकलापले उस्तै पीडा भोगिरहेकाबीच आपसी भाइचारा बढेको त छ नै, साथै त्यस्ता समस्या सम्बोधनमा भरपुर सघाउने वातावरण पनि सिर्जना भएको छ । यस्ता विषयलाई बुलेटिनले आफ्नो जन्मकालदेखि नै बुझेर महत्वका साथ स्थानसमेत उपलब्ध गराउँदै आएको छ ।

भूमि सुधार र यससँग सम्बन्धित अन्तर्राष्ट्रिय अभ्यासहरूबारे लेखन, विख्यात विज्ञहरूको यससम्बन्धी धारणा, उनीहरूका अन्तर्वार्ता, विभिन्न देशमा विभिन्न




कालखण्डमा गरिएका भूमि सुधार र त्यसका सकारात्मक/नकारात्मक पक्ष केलाउने जस्ता काम यस सवालअन्तर्गत भएका छन् । यस क्रममा भूमि अधिकार बुलेटिनका ५० अङ्कमा छापिएका ३६७ लेखमध्ये अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित २६ वटा छन् । जसले यस बुलेटिनका सर्वसाधारण पाठकमात्र नभई नीति निर्माताहरूलाई समेत अन्य देशका भूमि समस्या र समाधानका उपाय थाहा पाउन मद्दत गरेको छ ।

## सवाल उठान

नेपालमा भूमि सुधारको प्रश्न पुरानै भए पनि त्यो परम्परागत सोचबाट प्रेरित रहँदै आएको छ । खासगरी भूमिलाई दिने र लिने विषयमा सीमित गरिएको छ । उत्पादन तथा आर्थिक वृद्धिसँग यसलाई जोड्न सकिएको छैन । सोझो अर्थमा भन्दा भूमि सुधारको विषय पुरानो भए पनि वैज्ञानिक अर्थात जनमुखी भूमि सुधारको विषयमा भने हामी अनविज्ञ नै भएका अहिलेसम्मका काम/कुराले प्रष्ट्याउँछन् । यस्तो अवस्थामा वैज्ञानिक भूमि सुधार र यसको आवश्यकता तथा औचित्यका बारेमा प्रष्ट पार्न विभिन्न देशका उदाहरण पस्किनु यो बुलेटिनको नियमित चर्याको विषय रह्यो ।

भूमि सुधारको बाटो सही समातियो भने ती देश कसरी केही वर्षमै काँचुली फेर्न सक्षम हुन्छन् वा हरितन्नमबाट विकसितमा परिणत हुन्छन् भन्ने देखाउन भियतनाम जस्ता देशको उदाहरण दिँदै खासगरी नीति निर्माण तहमा बसेकालाई झकझक्याउने काम बुलेटिनले धेरै पटक गरेको छ । त्यसैगरी अन्य देशका भूमि सुधार प्रक्रिया, त्यहाँ यसलाई लागु गर्ने क्रममा देखिएका अड्चन अनि

**वैज्ञानिक भूमि सुधार र यसको आवश्यकता तथा औचित्यका बारेमा प्रष्ट पार्न विभिन्न देशका उदाहरण पस्किनु यो बुलेटिनको नियमित चर्याको विषय रह्यो ।**


तिनलाई पन्छाउन प्रयोग गरिएका रणनीति र त्यसपछिको सकारात्मक अवस्थालाई पनि बुलेटिनले प्राथमिकतासाथ छाप्दै आएको छ । जसले यो नेपालको मात्र समस्या हो कि भन्ठान्नेलाई वास्तविकता अवगत गराउन पनि सघाएको छ ।

राजगोपाल पिभी जस्ता वरिष्ठ अभियानकर्ताले भारतमा कसरी भूमिसँग जोडिएका समस्या समाधानमा सघाइरहेका छन्, अरू आन्दोलन र यसमा के फरक छ, कसरी शान्तिपूर्ण आन्दोलनद्वारा पनि भूमिको समस्या समाधान गर्न सकिन्छ, जनसङ्गठनले कसरी यो समस्यासँग जुध्न सक्छन् र उपलब्धि हात पार्न सकिन्छ जस्ता विषयमा स्वयं यसका अगुवाबाटै तयार पारिएका सामग्रीलाई स्थान दिइएको छ । ताकि उनीहरूको व्यावहारिक अनुभव हाम्रा लागि पनि प्रेरणाको स्रोत बन्न सकोस् । त्यतिमात्रै हैन, जग्गा कब्जालगायत भूमिसँग जोडिएका समस्या बेवास्ता गरी एकोहोरो विकासको मात्र मन्त्र जप्दा कसरी किसानहरूको बिजोग भइरहेको छ भन्ने सवाललाई पनि बुलेटिनले लगातार उठाइरहेको छ ।

त्यतिमात्र पनि हैन, संविधान निर्माणका क्रममा भूमिका मुद्दा समावेश गराउन सहयोग पुगोस् भन्ने उद्देश्यले अन्य देशका संविधानमा यो विषयलाई कसरी समावेश गरिएको छ भन्ने जानकारी पनि मनग्गेरूपमा प्रस्तुत गरिएको थियो । अनि महाशक्ति बन्ने होडमा किसान र भूमिपीडितको आवाज शक्ति राष्ट्रहरूले कसरी दबाइरहेका छन् भन्ने विषयलाई समेत प्राथमिकतासाथ प्रस्तुत गरिएको थियो । जसले नेपालका उस्तै समस्या भोगिरहेकालाई सचेत तुल्याउने काम गरेको छ ।

## नतिजा

- अन्तर्राष्ट्रिय भूमि सञ्जाल (आइएलसी) सँग दरिलो सम्बन्ध बिस्तार भएको छ । एसियाली कृषक सङ्घ (आफा) सँग जोडदार नाता गाँसिएको छ । फोरम एसिया र विश्व ग्रामीण मञ्चसँग दोस्ती कसिलो भएको छ ।
- विश्वव्यापीस्तरमा भूमिसम्बन्धी काम गर्ने कुनै पनि संस्थाले यहाँको समस्या नभुल्ने परिस्थिति सिर्जना भएको छ ।
- सयौं जनाले अन्तर्राष्ट्रिय तालिम/सेमिनार/कार्यक्षेत्र भ्रमण आदिबाट ज्ञान हासिल गरेका छन् ।
- विश्वव्यापीरूपमा दरिलो हातेमालो प्राप्त हुने अवस्था सिर्जना भएको छ ।
- नेपालको भूमि समस्या अन्तर्राष्ट्रियकरण भएको छ ।



राजगोपाल पिभी

# महाशक्ति बन्ने नाममा दबाइएको आवाज



यो क्षेत्रका दुई ठूला देश भारत र चीनबीच अहिले प्रतिस्पर्धा छ। दुवै महाशक्ति बन्ने होडमा छन्। महाशक्ति बन्ने तरिका यी दुवैले तीव्र औद्योगिकीकरणलाई मानेका छन्। विश्वव्यापीकरणका कारण अहिले संसारका ठूला कम्पनीहरू लगानी गर्न उपयुक्त स्थानको खोजीमा छन्। औद्योगिकीकरणलाई बढावा दिइरहेका भारतजस्ता देशले ती कम्पनीलाई स्वागत गरिरहेका छन्। ठूलो लगानी गर्नेहरूले दुई-तीनवटा सर्त राख्छन्। जस्तै- उनीहरूले मागेजति जमिन दिनुपर्ने, उनीहरूले मागेजति बिजुली दिनुपर्ने र मजदूर सङ्गठन बनाउन नपाइने। यसरी हेर्दा यो पूरा लगानीको प्रक्रियाले नवअधिकारलाई निषेध गरेको देखिन्छ। किनभने कम्पनीले चाहेको ठाउँमा बसेका बस्ती हटाएर सरकारले जमिन दिने गरेको छ। त्यही ठाउँमा गरिबको घर हुँदा कहिल्यै नपुग्ने बिजुली र सडक यी कम्पनी आउनासाथ पुग्छन्।

यसरी हेर्दा के देखिन्छ भने ठूला कम्पनी र सरकारका मान्छेहरूको उद्देश्य प्राकृतिक स्रोतसाधनको सकेसम्म बढी दोहन गरेर मुनाफा कमाउने भन्ने छ। भारतमा कोकाकोला, पेप्सीजस्ता कम्पनी, गाडी कम्पनी र थुप्रै 'माइनिङ' कम्पनीहरू यस्ता सर्तसहित आएका छन्। राज्य सरकारहरूले यिनका सबै माग पूरा गरेका छन्। तर यसको मार गरिबहरूमा परेको छ। गरिब र आदिवासीहरू जो जल, जमिन र जङ्गलको सहारामा जीवन चलाइरहेका छन्, उनीहरू बिस्थापित हुन थालेका छन्। तपाईँलाई थाहा छ, सन् २००० देखि २०१० सम्मको १० वर्षमा भारतमा दुई लाख किसानले आत्महत्या गरेका छन्। किनभने उनीहरूले आफ्नो जमिनको रक्षा गर्न सकेनन्। भारतमा जमिन अधिग्रहण कानुन छ। यो कानुनअन्तर्गत सरकारले मन लागेको ठाउँमा मन लागेका बेला जमिन अधिग्रहण गर्न सक्छ। यो कानुनअन्तर्गत धेरै ठाउँमा जमिन अधिग्रहण गरेर किसानलाई लखेटिएको छ। त्यही भएर उनीहरू पीडित छन्।

माछा मारेर बाँच्ने मछवाराहरू भएको धेरैजसो ठाउँमा अहिले 'न्युक्लियर प्लान्ट' लगाइएको छ। दक्षिणको कुडनकुलममा प्लान्ट लगाइयो। अहिले महाराष्ट्रमा पनि लगाइएको छ। आदिवासी क्षेत्रमा

माइनिङ कम्पनीहरू आएका छन् । हजारौँ आदिवासीलाई लखेटिएको छ । एकातिर यस्ता माइनिङ कम्पनी, अर्कातिर राष्टिय निकुञ्ज र संरक्षण क्षेत्र । यी दुईको चपेटामा भारतका आठ प्रतिशत आदिवासी अहिले परेका छन् । २० प्रतिशत दलितहरूसँग कहिल्यै पनि जमिन छैन । जुन जमिन दलितहरूले पाउनुपर्ने हो, त्यो पनि अहिले कम्पनीहरूलाई दिइएको छ । दलित, आदिवासी, घुमन्ते र किसान गरेर भारतका लगभग ४० प्रतिशत मानिसको जीवन अहिले विश्वव्यापीकरण र औद्योगिकीकरणले गर्दा सङ्कटमा छन् । यसको विरोधमा अहिले भारतभरि आन्दोलन भइरहेका छन् ।

यो आन्दोलनमा एकातिर बन्दूक उठाएर आन्दोलन गरिरहेका माओवादीहरू छन् । उनीहरू भन्छन्- हामी तिरूपतिदेखि पशुपतिसम्म छौँ । अर्कोतर्फ अहिंसात्मक तरिकाले आन्दोलन गर्ने मानिस छन्, जो जङ्गल बचाऊ, जमिन बचाऊ, जल र प्राकृतिक स्रोतसाधनहरूको अति दोहन हुनबाट बचाऊ ताकि भोलि यसले मानवलाई बचाउन सकोस् भनेर आन्दोलन गरिरहेका छन् । तर दुःखको कुरा के छ भने यी विविध किसिमका मानिस र आन्दोलन मिलेर पनि यसलाई रोक्न सकिएको छैन । भारत सरकार र बहुराष्ट्रिय कम्पनीहरू प्राकृतिक स्रोत र सम्पदा बेच्न कम्मर कसेर लागेका छन् । सामाजिक सङ्गठनहरूले यसलाई रोक्न सक्दैनन् ।

यो परिप्रेक्ष्यमा सवाल के छ भने के गरिब किसानको अधिकार सुरक्षित राखेर, प्राकृतिक स्रोतको पनि संरक्षण गरेर महाशक्ति बन्न सकिन्न ? वा महाशक्ति नै किन बन्नुपर्‍यो ? मलाई लाग्छ, यो 'सुपरपावर' भन्ने कुरा नै बेकार हो । के हो, सुपरपावर भनेको ? आफ्ना जनतालाई भोकै राखेर कोही सुपरपावर बन्छ ? आफ्ना मानिसलाई भोकै राखेर, घरबारबाट लखेटेर, झुपडीमा पठाएर कस्तो सुपरपावर बन्ने हो ? कसलाई देखाउन सुपरपावर बन्ने हो ? चाहे नेपाल होस् वा भारत, जबसम्म जनताको रगतमा देशप्रेमको भावना हुँदैन, तबसम्म देश जत्रोसुकै महाशक्ति बने पनि त्यसको कुनै अर्थ हुँदैन । त्यसैले हामी बारम्बार सरकारलाई महात्मा गान्धीका कुरा सम्झाउने प्रयास गर्छौं । गान्धीले के भनेका छन् भने देशले कति उत्पादन गर्‍यो भन्ने कुराभन्दा उत्पादनमा जनता कति सहभागी भए भन्ने कुरा बढी महत्वपूर्ण हो । मलाई लाग्छ, महाशक्ति बन्ने चक्करमा हामीले गान्धीलाई पनि छोडिदियौँ ।

'न्युक्लियर' बाट अब भारत सरकारले अन्तरिक्ष, चन्द्रामातिर ध्यान दिन थालेको छ । अर्बौं रुपियाँ यसमा लगानी हुन थालेको छ । खास कुरा के हो भने देशको सम्पत्तिमा १० प्रतिशत मानिसको कब्जा भएपछि यस्तो हुन्छ । चाहे भारत होस् वा ब्राजिल, जो-जो महाशक्ति बन्ने धूनमा लागेका छन्, ती देशको सम्पत्ति र स्रोत १० प्रतिशत मानिसको कब्जामा छ । गजब कुरा त के छ भने जुन १० प्रतिशतले सबै कब्जा गरेका हुन्छन्, उनीहरू बाँकी ९० प्रतिशतलाई 'देश त सबैको बराबर हो' भनेर सम्झाइरहन्छन् । यो केवल नाटक हो । कब्जा मैले गरेको छु तर म तपाईँबाट बकाउँछु कि यो देश मेरो पनि उत्तिकै हो । तपाईँलाई पनि मेरो झण्डामुनि ल्याएर गीत गाउन लगाउँछु । यो पूरा नौटङ्की हो । अमेरिकामा भनिन्छ, एक प्रतिशत मानिसले देश कब्जा गरेका छन् । त्यहाँ पनि यसका विरूद्ध आन्दोलन छ । तर मानिस सङ्गठित भएर केही गर्न सकिरहेका छैनन् ।

**'न्युक्लियर' बाट अब भारत सरकारले अन्तरिक्ष, चन्द्रामातिर ध्यान दिन थालेको छ । अर्बौं रूपियाँ यसमा लगानी हुन थालेको छ । खास कुरा के हो भने देशको सम्पत्तिमा १० प्रतिशत मानिसको कब्जा भएपछि यस्तो हुन्छ । चाहे भारत होस् वा ब्राजिल, जो-जो महाशक्ति बन्ने धूनमा लागेका छन्, ती देशको सम्पत्ति र स्रोत १० प्रतिशत मानिसको कब्जामा छ । गजब कुरा त के छ भने जुन १० प्रतिशतले सबै कब्जा गरेका हुन्छन्, उनीहरू बाँकी ९० प्रतिशतलाई 'देश त सबैको बराबर हो' भनेर सम्झाइरहन्छन् ।**

भारतमा मध्यम वर्ग बढिरहेको छ । यसको असर गरिबलाई परिरहेको छ । जुन बढ्दो मध्यम वर्ग छ, यो कहिल्यै अघाउँदैन । यसले राम्रो-राम्रो नोकरी गरिरहेको छ, चिल्लो गाडी चढिरहेको छ, घरजग्गा जोडिरहेको छ, रेस्टुरेन्टमा खाइरहेको छ । यसले के सोच्छ भने अरू कोइला निकालौँ, अरू ग्यास निकालौँ, अरू खनिज निकालौँ र उपभोग गरौँ । उनीहरूका बच्चा राम्राभन्दा राम्रा स्कुलमा पढ्न पाउन्, उनीहरूले भोगचलन गरिरहेका सुविधा सबै उस्तै रहून्, बाँकी दुनियाँ बडा सुन्दर छ । देशमा के समस्या छ र ? खालि अमेरिका र चीन भारतभन्दा ठूला शक्तिका रूपमा देखिइरहेका छन् । भारत पनि त्यस्तै महाशक्ति बन्नुपर्छ । तब त नारा छ नि- 'इन्क्रेडिबल इन्डिया' । मध्यम वर्गको सोचाइ के छ भने लोकतन्त्र हामीसम्म आइपुग्यो भने ठीक छ, अर्थतन्त्र हामीसम्म आइपुग्यो भने ठीक छ । जो पछाडि परेर छुटे, तिनका लागि रुनु बेकार छ र आखिर कोही अगाडि बढ्नलाई कसै न कसैको काँधमा त चढ्नैपर्छ । तिनका लागि दुःखी भएर कसरी अगाडि बढ्न सकिन्छ ? बढ्दो मध्यम वर्ग यसरी सोच्छ ।

मध्यम वर्गको अर्को एउटा तप्का छ, जो अमेरिकामा जागिर गर्छ, भारतमा जमिन किन्छ, लगानी गर्छ । यिनलाई अहिले अमेरिका रमाइलो लाग्न थालेको छ, किनभने अब भारत महाशक्ति बन्दैछ । यसैले यी पहिलेजस्तो गरिब देशका मानिस कहलिने छैनन् र यिनलाई गरिबको जस्तो व्यवहार हुने छैन । 'अब त हामी महाशक्तिबाट आएका हौँ,

हामीलाई इज्जत गर'- यिनले संसारलाई भन्न थालेका छन् । यो स्वाभिमानको सवाल हो । यता देशभित्र कतिको जीवन-मरणको सवाल हो भन्ने कुरासँग यिनलाई मतलब छैन । यिनलाई चाहिएको छ, भारतले गोराहरूलाई टक्कर देओस्, बस् ।

मैले आजभोलि भाषणहरूमा भन्ने गरेको छु, हाम्रो अहिलेको आधुनिक शिक्षा व्यवस्थामा एउटा ठूलो खराबी छ- यसले दिल र दिमागको सम्बन्ध टुटाउने काम गरेको छ । यो शिक्षा पाएको मानिस खालि दिमागमात्र प्रयोग गर्छ । दिलका लागि कुनै ठाउँ छैन । जसरी 'मोर्डन एग्रिकल्चर' ले मानिसको स्वास्थ्य खराब गरिरहेको छ, त्यसरी 'मोर्डन एजुकेसन' ले मानिसको दिमाग खराब गरिरहेको छ । सडकको बीचमा लडिरहेको मानिस देखेर मान्छेलाई दया जाग्दैन । अरूका लागि सोच्ने समय मानिससँग छैन । अरूको जेसुकै होस्, मतलब नगर, तिमी अघि बढ । अहिलेको शिक्षाले यही सिकाइरहेको छ ।

सन् ९० को दशकमा जब भारतमा आर्थिक सुधार गरियो, उदारवादी अर्थतन्त्र अपनाइयो, आर्थिक वृद्धि हुन थाल्यो । भारतको अर्थतन्त्र ठूलो हुन थाल्यो । यसले नयाँ-नयाँ आयाम र आशाहरू जन्माउन थाल्यो । यसले सबभन्दा बढी मानिसका अपेक्षा बढाइदियो । यी अपेक्षा पूरा गर्नेतिर लाग्दा बाँकी सामान्य मानिस पछाडि छुटे । यसमा सरकारी नीति र सिद्धान्तको पनि समस्या देखियो । जब जनता र बजार आपसमा लड्छन् भने सरकारको काम हो, रेफ्रीको । कसैले नियम तोडेको छ कि कसैलाई बढी मर्का परेको छ कि भनेर हेर्ने काम सरकारको हो । तर रेफ्री नै खेल मैदानमा प्रवेश गरेर खेल्न थाल्यो भने के हुन्छ ? यहाँ त सरकार नै बजारको पक्षबाट खेलेर गरिबको गोलपोस्टमा गोल हानिरहेको छ । सरकारको काम बजारको नियमन गर्ने हो ताकि यो मानिसमाथि नचढोस् । आखिर सरकारका लागि त जनता ठूलो हो नि, तर यहाँ त्यस्तो भइरहेको छैन ।

यसैमा फेरि अर्को कोणबाट कुरा आउँछ । के त्यसो भए उन्नति-प्रगति नगर्ने त ? विकास नगर्ने ? आर्थिक वृद्धि चाहिँदैन ? सधैँ सबै गरिब भएरै बस्ने ? होइन । त्यस्तो होइन । हामीजस्तो सामाजिक आन्दोलन चलाउने मानिसले खोजेको पनि उन्नति र प्रगति नै हो । तर त्यसको परिभाषालाई थोरै व्यापक बनाउँ भन्ने हाम्रो भनाइ हो । भौतिक विकासमात्र विकासको सम्पूर्ण होइन । मानिसलाई भौतिक सुखले मात्र पुग्दैन । त्यसभन्दा अलि माथि उठेर अध्यात्मको सुख पनि चाहिन्छ । हामीले ठूला घर, हवाईजहाज र चिल्ला सडकलाई त विकास मान्यौँ तर मनुष्यलाई मनुष्य बनाउने भित्री विकासचाहिँ बिर्सियौँ । मनुष्यको विकासको बाटो भनेको 'रिलिजन'बाट विकसित हुँदै 'स्प्रिचुआलिज्म' तिर जाने हो । तर हामी त बाहिरी आडम्बरमै रमाउने भयौँ । हामी त 'रिलिजन' बाट भित्र जाने बाटोतिरै लागेनौँ, बाहिरै रमाउन थाल्यौँ । मानिसको आन्तरिक विकास भएन भने जतिसुकै आर्थिक विकास गरे पनि त्यो नाटकमात्र हुनेछ ।

**जसरी 'मोर्डन एग्रिकल्चर' ले मानिसको स्वास्थ्य खराब गरिरहेको छ, त्यसरी 'मोर्डन एजुकेसन' ले मानिसको दिमाग खराब गरिरहेको छ । सडकको बीचमा लडिरहेको मानिस देखेर मान्छेलाई दया जाग्दैन । अरूका लागि सोच्ने समय मानिससँग छैन । अरूको जेसुकै होस्, मतलब नगर, तिमी अघि बढ ।**

भर्खरै मैले एउटा किताब पढेँ । त्यसमा एउटा गुरिल्लाले वैज्ञानिकलाई भन्छ- यो संसार १.२ बिलियन वर्ष पुरानो हो । यहाँ धेरै जीव-जनावर आए । स-साना जीवहरूले आफूभन्दा ठूला जीवलाई पनि आउने अनुमति दिए । त्यसैले गोहीपछि बाँदर आए, बाँदरपछि तिमी मान्छे आयौ । तर भाइ तिमी मान्छे त यसरी व्यवहार गरिरहेका छौ कि तिमीपछि कोही आउँदैन । तिमी त पृथ्वीको अन्तिम प्राणीजसरी व्यवहार गरिरहेका छौ ।

आखिर यो पृथ्वी हामी मानिसको मात्र त होइन नि । हेर्नुस्, मुसाको जब दिन सकिन्छ, उनीहरू सामूहिकरूपमा समुद्रतिर हाम्फाल्न जान्छन् । यस्तै 'सुसाइडल टेन्डेन्सी' अहिले मान्छेमा विकसित भइरहेको छ । हामी आफ्नो वंश सिध्याउँछौँ, धर्ती सिध्याउँछौँ, पानी समाप्त पार्छौँ । यो दौड सुरु भएको छ । हामी सबैले यो दौडलाई विकास हो भनेर मान्यौँ । जो यसको विरुद्धमा बोल्छ, त्यो विकास विरोधी हुन्छ । यसैले मानिस पहिले विकास विरोधीलाई लखेट्न लागिपरेका छन् । गान्धीले भनेका छन्- 'सबैका आवश्यकता पूरा गर्न यहाँ प्रशस्त चिज छन् तर कसैको पनि लोभ पूरा गर्नसक्ने चिज कहिल्यै कसैसँग हुँदैन ।' यो 'निड' र 'ग्रिड' को लडाइँ हो । यसैले गान्धीले पहिले नै विकासको यस्तो मोडलको आलोचना गरेका थिए ।

मानिस मलाई सोध्छन्, त्यसो भए के गर्ने त ? कुनै अर्को मोडल छ ? संसारमा कुन देशले तैँले भनेजसरी विकास गरेको छ ? म यस्ता केही देश देख्छु, जसले विकास र मानवीयतालाई साथै लिएर जाने प्रयास गरिरहेका छन् । म नर्वेको उदाहरण दिन्छु । हालै नर्वेले एउटा रोचक काम गरेको छ, म यसलाई प्रगतिशील सोच मान्छु । नर्वेका पत्रकारहरूले निर्णय गरे- अब हामी 'क्राइम रिपोर्टिङ' गर्दैनौँ । अपराधका विषयमा समाचार लेख्दैनौँ । त्यहाँको सरकारले भन्यो- अब हामी जेल राख्दैनौँ, जेललाई सुधारगृह बनाउँछौँ । यसको असर के भयो भने नर्वेमा ५० प्रतिशत अपराध कम भयो ।

केही दिनपहिले म बेल्जियममा भुटानका पूर्वप्रधानमन्त्री जिग्मे थिन्लेसँग थिएँ । उनीसँग भुटानको 'ह्याप्पिनेस इन्डेक्स' बारे कुरा भयो । भुटानमा मानिस सबभन्दा बढी खुसी छन् भन्ने सर्वेक्षणहरू आएका छन् । मलाई लाग्यो, कसैले त खालि विकास र खर्चको मात्र कुरा नगरेर खुसीको कुरा गरेको छ ।

खुसी भनेको भौतिक चिज होइन, यो त आत्मिक चिज हो। अमेरिका र बेलायतजस्ता देशका अगाडि भौतिक विकासको मापनभन्दा खुसीको मापन ठूलो कुरा हो भन्ने हिम्मत भुटानले देखायो।

निकारागुवामा मैले देखेँ- आदिवासीहरूको कुरा मानेर त्यहाँको सरकारले ५३ प्रतिशत देश आदिवासीलाई स्वायत्त क्षेत्रका रूपमा दिएको छ। त्यहाँको जल, जङ्गल, जमिनको उपयोग कसरी गर्ने, उनीहरू आफैँ निर्णय गर्छन्। गाउँका मानिस बस्छन् र कति क्षेत्रमा सिकार गर्ने, कतिमा खेती गर्ने, कतिमा जङ्गल राख्ने भन्ने निर्णय गर्छन्। यो देख्दा मलाई लाग्यो, सारा गाउँहरू मासेर दिल्ली वा काठमान्डु जस्ता सहर बसाउनुको सट्टा गाउँ नै बसाउने पनि त उपाय हुँदोरहेछ। फरक सोच हुँदोरहेछ।

जसरी हामी दुर्गन्ध भएको कोठामा बस्न मन पराउँदैनौँ, फोहोर उठाएर फाल्छौँ त्यसैगरी अन्याय भएको समाजमा पनि बस्दैनौँ भनेर भन्न किन सक्दैनौँ ? त्यो फोहोर जसरी अन्यायलाई पनि किन नदेखिने वा 'नसुँघिने ठाउँ' मा पुऱ्याएर आउन सक्दैनौँ ? यदि हरेक मानिसको मनमा यो भावना पैदा भयो भने समाज न्यायपूर्ण बन्न सक्छ। तर यहाँ त मानिस मेरो सम्पत्ति यति छ, यसलाई जोगाउन म पर्खाल लगाउँछु भन्नेमै लागिरहेका छन्। तपाईं सोच्नूस्, जति जमिन यो संसारमा पर्खाल बनाउनका लागि खर्च भएको छ, त्यति जमिन बाँडिदिने हो भने संसारबाट गरिबी समाप्त हुन्छ। यसैले पर्खाल लगाएर खुसी खोजेर कहिल्यै पाइँदैन। यसका लागि त न्याय र समतापूर्ण समाजको निर्माण आवश्यक छ।

म अमेरिका-क्यानडा गएका बेला त्यहाँ बस्ने भारतीयहरूलाई भन्छु कि तिमीहरू गलत कुरामा गर्व गर्न छोड। त्यो दिनबारे सोच, जब तिमी भन्न सक्छौ कि मेरो देशमा अन्याय छैन, मेरो देशमा छुवाछूत छैन, मेरो देशमा महिला हिंसा छैन, सब बराबर छ, त्यसैले म मेरो देशमाथि गर्व गर्छु। तर तिमी त मेरो देश अन्तरिक्षमा गइरहेको छ भनेर गर्व गर्छौ। आकाशमा पुगेर के हुन्छ, यदि धर्तीमा यति धेरै असमानता र अन्याय छ भने ? यसैले मध्यम वर्गको त्यो सोचाइ बदलियो भने यो वर्गको पागलपन पनि समाप्त हुन्छ, नत्र यो उस्तै रहिरहन्छ।

भारतीय मध्यम वर्ग र गैरआवासीय भारतीयले मन पराएका नेता नरेन्द्र मोदी अहिले भारतको प्रधानमन्त्री बन्ने दौडमा छन्। उनलाई विकासवादी नेता पनि भन्ने गरिएको छ। उनले गुजरातमा विकासको मूल फुटाए भन्ने गरिएको छ। मलाई लाग्छ, उनी प्रधानमन्त्री बने भने विकासका नाममा भारतमा जुन विनाश भइरहेको छ, त्यो दोब्बर हुनेछ। मोदीको शैली व्यापारी, मध्यम वर्ग

**जसरी हामी दुर्गन्ध भएको कोठामा बस्न मन पराउँदैनौँ, फोहोर उठाएर फाल्छौँ त्यसैगरी अन्याय भएको समाजमा पनि बस्दैनौँ भनेर भन्न किन सक्दैनौँ ? त्यो फोहोर जसरी अन्यायलाई पनि किन नदेखिने वा 'नसुँघिने ठाउँ' मा पुऱ्याएर आउन सक्दैनौँ ? यदि हरेक मानिसको मनमा यो भावना पैदा भयो भने समाज न्यायपूर्ण बन्न सक्छ।**

र बहुराष्ट्रिय कम्पनीहरूलाई मनपर्दो छ। गैरआवासीय भारतीय (एनआरआइ) हरू सोच्छन्, मोदी आए भने लगानी गर्न सजिलो हुनेछ। किनभने अन्तर्राष्ट्रिय विमानस्थल कहाँ बन्दैछ, सबभन्दा पहिले एनआरआइलाई थाहा हुन्छ। उनीहरू आएर त्यहाँको जमिन किनिसक्छन्, अनि बल्ल विमानस्थल बन्छ। व्यापार यसरी चल्छ। मोदीको आगमनले अरू धेरै विकास परियोजना आउनेछन्, यसले अरू धेरै बिस्थापन ल्याउनेछ र यसका विरुद्ध अरू धेरै आन्दोलन हुनेछन् र झन् धेरै दमन हुनेछ। यसरी हेर्दा विकासको जुन परिभाषा हो, त्योभन्दा उल्टो विकास भारतमा आउनेछ।

केहीअघि म गुजरातमा एक महिना घुमेर आएँ। बाहिरबाट हेर्दा जस्तो गुजरातको विकास देखिन्छ, त्यहाँ मैले फरक दृश्य देखेँ। आदिवासी इलाकामा विकास पुगेको छैन। पहिला नर्मदा नदीमा बाँध बाँध्दा त्यहाँका किसानलाई पानी दिने भनियो। तर अहिले सरकारले त्यही जमिन अधिग्रहण गरेर बहुराष्ट्रिय कम्पनीहरूलाई दिइरहेको छ। यसबाट किसानलाई के फाइदा भयो ?

कुरा मोदीको मात्र होइन। छत्तीसगढजस्ता क्षेत्र, जहाँ नक्सलवादीहरूले आदिवासीको हक रक्षा गर्छौं भनेर आए, त्यहाँ पनि अहिले स्थिति बदलिएको छ। माइनिङ कम्पनी र नक्सलवादीहरूबीच तालमेल भएको छ। माइनिङ कम्पनीहरूलाई गैरकानुनी माइनिङका लागि सुरक्षा चाहिन्छ। नक्सलीहरूलाई नयाँ हतियार किन्न पैसा चाहिन्छ। यसले तालमेल मिलेको छ- नक्सलीलाई पैसा, माइनिङ कम्पनीलाई सुरक्षा, आदिवासीलाई केही न केही। आदिवासीहरू भनिरहेका छन्- हामी त हिंसाको त्रिकोणमा फसेका छौँ। एकातिर माइनिङ कम्पनीले जमिन हडपिरहेका छन्, नक्सली आएर हामीले भनेको मानेनौ भने मार्दिन्छु भन्छन्, सेना आएर उनीहरूसँग लाग्यौ भने मार्दिन्छु भन्छ।

हिंसाबाट कुनै समस्या समाधान हुँदैन। हुने भए २० वर्षदेखि नक्सलवादीहरू काम गरिरहेका छन्, केही त समस्या समाधान हुनुपर्ने। यो त झन् बढिरहेको छ। जेएनयुजस्ता ठाउँमा भएका केही पढे/लेखेका मान्छेले यस्तो हिंसाको प्रशंसा गरिरहेका छन्। बन्दूकको विकल्प छैन भन्छन्। यो सब 'फेसनेबल' कुरा बनिरहेको छ। क्रान्तिको फेसनले धेरैलाई अपिल गर्छ। जबसम्म बन्दूक बोकेको मानिस तपाईंको घरमा रहन्छ, तबसम्म केही न्याय पाइएला, तर जब ऊ जान्छ, त्यसपछि ? के तपाईं आफैँ सधैँ बन्दूक बोकेर बस्नुहुन्छ ? यसैले यसको शान्तिपूर्ण रूपमा स्थायी समाधान खोज्नुपर्छ।

हिंसाको पनि राजनीति छ । सरकार नै चाहन्छ, हिंसा होस् । ताकि प्रतिहिंसाका लागि थप हतियार किन्न पाइयोस् । यस्तो लाग्छ, सबै शक्तिशालीहरू हिंसा चाहन्छन् । किनभने यसले कमाइको बाटो खोलिदिन्छ । अहिंसाको शक्तिलाई चिनेर अझ तिखो बनाउनुपर्छ । हेर्नुस्, २० वर्षदेखि हिंसा गर्दा केही भएन, अन्ना हजारेले १० दिन अनशन बसेर सरकार हल्लाइदिए । यो के सानो कुरा हो ? सानो शक्ति हो ? यो शक्ति कुनै बन्दूकले ल्याउन सक्दैन । हामी नक्सलवादी प्रभाव क्षेत्रमा जाने प्रयासमा छौँ । केही ठाउँमा गएका पनि छौँ । जहाँ-जहाँ अहिंसावादीहरू पुगेका छन्, त्यहाँ नक्सलीहरूको प्रभाव पनि कम भएको छ । तर समस्या के छ भने सरकारले जान दिँदैन । कोही गयो भने उसलाई पनि नक्सलवादीको बिल्ला भिराइदिन्छ । जेल हालिन्छ । यसबाट पनि देखिन्छ कि सरकार चाहन्छ, नक्सली रहून् । वास्तवमै यसको विरोध गर्नेहरू नरहून् । यस्तो भयो भने माइनिङ पनि चलिरहन्छ । ठेकेदार र कर्मचारीलाई पनि काम नगरी पैसा पाउन नक्सलवादी चाहिन्छ । यस्तो लाग्छ, नक्सलवादी र हिंसा भएर सबैलाई फाइदा छ, सबैले कमाइरहेका छन् ।

मैले आफ्नो पहिलो काम चम्बलको घाँटीका डाँकुहरूबीच सुरु गरेको थिएँ । त्यो बेला जयप्रकाश नारायण चम्बलका डाँकुहरूलाई पट्याउने अभियानमा हुनुहुन्थ्यो । हामी पनि उहाँसँगै थियौँ । हामी त्यहीँ गएर बस्यौँ । डाँकुहरूले हामीलाई यहाँबाट भाग भनेर आक्रमण पनि गरे । तर अन्त्यमा उनीहरूले कुरा बुझे र सबै हतियार बुझाएर आत्मसमर्पण गरे । सन् १९७२ मा ५ सय डाँकुले हाम्रो आश्रममा बन्दूक बुझाएका थिए । त्यसबेलादेखि नै मलाई थाहा थियो, हिंसाबाट कस-कसले कमाउँछन् । तर यति धेरै कमाउँछन् भन्नेचाहिँ म अहिले थाहा पाउँदैछु ।

अन्ना हजारेको पछिल्लो अनशन भारतीय सामाजिक अभियानको एउटा ठूलो घटना थियो । यसले अहिंसाका अगाडि सरकार झुक्छ भन्ने सन्देश दिएको थियो । समाजका इमानदार मान्छे मिल्ने हो भने सामान्य मान्छेले पनि ठूलो परिवर्तन ल्याउन सक्छन् भन्ने देखाएको थियो । तर जब पार्टी बन्यो, समस्या सुरु भयो । जनताको मनमा पनि धारणा बन्यो कि आखिर यिनले पनि सत्ता नै खोजेका रहेछन् । आज ठूलठूला कुरा गर्छन्, भोलि यिनले पनि चुनाव लड्छन् र उही मन्त्री, मुख्यमन्त्री बन्छन् । म यसलाई सही मान्दिन । अन्नाको आन्दोलनमा म पनि थिएँ । तर पार्टी बन्ने कुरा भएपछि म त्यसबाट अलग भएँ । अहिले त धेरै नै टाढा छु । अन्ना आफैँ यसबाट अलग भए ।

ठूलो हात्तीलाई सानो माहुतेले नियन्त्रण गरेजस्तो ठूलो सरकारलाई सानो सामाजिक आन्दोलनले स्वच्छ बनाउन वा नियन्त्रण गर्न सकिन्छ भन्ने जुन विचार हो, त्यसमै हामी छौँ । जयप्रकाश नारायणले पनि यही प्रयास गर्नुभएको थियो, आज अन्नाको पनि यही हो । अरविन्द केजरीवालको पार्टी बनेपछि यो अभियानलाई केही नोक्सान भएको छ । बाहिर आन्दोलन गरेर हुँदैन, बदल्नलाई भित्रै जानुपर्छ भन्ने भएको छ । अरविन्द केजरीवालले गरेको त्यही हो । नेपालका माओवादीले पनि त त्यही सोचेका थिए- सरकारमै गएर चिजहरूलाई ठीक गर्छौँ । तर के ठीक गर्न सके ? केही सकेनन् । अरविन्दको पनि त्यही हो । यसले आन्दोलनलाई धक्का लाग्छ । जयप्रकाशजीको आन्दोलन कम थियो ? इन्दिरा गान्धीलाई फालेको हो, त्यो आन्दोलनले । तर के भयो ? सरकारमा गएपछि त दुई वर्षमा आपसमा लडेर नै सब कमजोर भयो, इन्दिरा फेरि आइन् ।

सन् २०१२ मा १ लाख मान्छे लिएर ग्वालियरबाट दिल्लीका लागि हिँड्दा ममाथि ठूलो दबाब थियो । एक त यति धेरै मानिसलाई साढे ३ सय किलोमिटर पैदल हिँडाउनु थियो । अर्को, केही अघिमात्र अन्ना हजारेको आन्दोलन ठूलो उपलब्धिबिना सकिएको थियो । बाबा रामदेवको अभियानलाई त पुलिसले मारपिट गरेरै खत्तम पारिदिएको थियो । मैले यसअघि पनि ठूलो जनसमुदायको पैदल मार्च गराइसकेको थिएँ र त्यसबाट केही उपलब्धि पनि पाएको थिएँ, यसैले म डराइन । २००७ मा पनि म ग्वालियरबाट २५ हजार मानिस लिएर आगरासम्म पुगेको थिएँ । यसपालि पनि सम्झौता भएपछि मान्छेलाई लाग्यो, सामाजिक आन्दोलनबाट केही पाइने रहेछ । २००७ मा हाम्रो मार्चपछि 'फरेस्ट राइट एक्ट' बन्यो । यसबाट १२ लाख मानिसले जमिन पाए । यो हाम्रै आन्दोलनले मात्रै भएको त होइन, अरूले पनि गरेका थिए तर अन्तिम धक्का हाम्रो थियो । भूमि आयोग पनि बन्यो, प्रधानमन्त्रीको अध्यक्षतामा । म पनि यसमा सदस्य थिएँ । २०१२ मा १० बुँदे सम्झौता भयो । यसमा जमिन, घर दिनेलगायत धेरै कुरा छन् । यसको विशेषता के थियो भने हामीले सरकारसँग यो सम्झौता सडकमा गरेका थियौँ । सामान्यतया सरकारले आन्दोलनकारीलाई कोठामा बोलाएर सही गर्छन् । हामी जान मानेनौँ । उनीहरू नै आए ।

हाम्रा हरेक पैदल यात्राको घोषणा कम्तीमा तीन वर्षपहिले हुन्छ । जसलाई यसमा आउने मन हुन्छ, उसले तीन वर्षसम्म हरेक दिन एक मुठी अनाज र एक रुपियाँ पैसा जम्मा गर्नुपर्छ । तीन वर्षसम्ममा जति अनाज हुन्छ, त्यो आफ्नो परिवारलाई खान छाड्ने र जम्मा भएको पैसा मार्च हुने ठाउँसम्म आउने खर्च । हामी सडकमै सुत्छौँ, एक छाक खान्छौँ । हाम्रा साथीहरू, सहयोगीहरू युरोपतिर पनि छन् । उनीहरूले पनि दिनको एक युरो जम्मा गरिदिन्छन् । यसरी थुप्रै पैसा उठ्छ । यसले हामीलाई आन्दोलन चलाउने खर्च आउँछ ।

सन् २०२० मा संसारभरिबाट १० लाख मानिसलाई उठाउने हाम्रो तयारी छ । यसमा सबैका मुद्दा फरक होलान् तर विश्वव्यापीकरणको भीषण अतिक्रमणविरुद्ध मानिस खडा हुनेछन् । म सयजना मानिस लिएर दिल्लीबाट पाकिस्तान, अफगानिस्तान हुँदै स्विट्जरल्यान्डको जेनेभासम्म पैदल जानेछु । राष्ट्र सङ्घको मुख्यालय पुगेर हाम्रो आवाज सुनाउनेछु । विकासको अहिलेको परिभाषामाथि बहस चलाउन संसारका सबै कुनाबाट आवाज उठाउन अब ढिला गर्नुहुँदैन ।

## जापानमा भूमि सुधार

जापानमा भूमि सुधार विषयक अन्तरक्रिया (१६ मार्च २००६) नेपाल वातावरण पत्रकार समूहको हलमा सम्पन्न भयो । विषय प्रस्तोता जापानी संस्था साप्लानियरका निर्देशक कोमात्सु तोयोकी



थिए । उनी ३ वर्षदेखि नेपालमा संस्थाको निर्देशकका रूपमा छन् । विगत ३५ वर्षदेखि नेपालमा काम गर्दै आएको साप्लानियरले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग जनताको भूमि ऐन बनाउने कामका लागि सहयोग उपलब्ध गराएको छ ।

कृषि सुधारको ऐतिहासिक पृष्ठभूमि हेर्दा नेपालको जस्तै जापानमा पनि भूमि स्रोतमा असमानता छ । मोही र जग्गाधनीबीच तनाव र शोषण पनि छ नै । त्यसैगरी विभिन्न समयमा आन्दोलन पनि भएका रहेछन् । कुत धेरै तिर्नुपरेको तथा कृषि उत्पादनको चर्को व्यापारीकरणलाई लिएर आन्दोलन भएको रहेछ । सरकारका सबै प्रयास सफल छैनन् । अधुरा प्रयास पनि छन् ।


दोस्रो विश्वयुद्धको हारसँगै जापानमा कृषि सुधारको काम अघि बढेको हो । त्यतिबेला युद्ध जित्नेहरूको टोलीले कृषि सुधारका लागि सरकारलाई दबाब दिएका थिए । सन् १९४५ मा ‘फार्म ल्यान्ड रिफर्म योजना’ बनाइयो । युद्ध जित्नेहरूले त्यहाँको भोकमरी र कृषकले विद्रोह गर्न सक्ने दुबै कुराको समाधान खोज्न यसो गरेका थिए । कृषि सहकारी तथा भूमिपतिको जग्गा मोहीलाई दिने कुरा यहीअनुसार ल्याइयो । भूमिपतिले यसको विरोध गरे । मोहीबाट जग्गा खोसेर अरूलाई बेच्ने काम पनि उनीहरूले गरे । तर यही कुरालाई लिएर सन् १९४७ मा किसानहरूले सङ्गठन निर्माण गरे । भूमिपतिहरूका विरोधका कारण सरकारी योजना सफल नभएपछि यसलाई संशोधन गरेर दोस्रो योजना ल्याइयो ।

अनुपस्थित भूमिपतिहरूको जग्गा सरकारले किन्यो तर सस्तो मोलमा र जग्गाको हदबन्दी १ हेक्टर (साँढे एक बिघा) तोकियो । यसबेला जग्गाको कारोबार ठप्प पारियो । अन्यथा जग्गा लुकाउने वा यताउता गर्न सक्ने प्रशस्त अनियमितता हुन सक्थ्यो । कृषि क्षेत्र समिति (फार्म ल्यान्ड कमिटी) मा ५ जना जोताहा कृषक, २ जना भूमिपति र ३ जना साधारण कृषक गरी १० जना रहने व्यवस्था गरिएको थियो । यी सदस्यको चयन चुनावद्वारा हुन्थ्यो । यो समितिले जग्गाको सर्वेक्षण, जग्गा किनबेचको योजना तथा जग्गा दर्ताको काम गर्थ्यो । यो समितिले समुदायको सदस्यको पर्याप्त सहयोग पाए । समितिमा बसेपछि धेरै काम गर्नुपर्ने र आफ्नो काम गर्न नभ्याइने हुन्छ नै । यस अवस्थामा समुदायले दिनभर आफ्नो काम भ्याएर बेलुकी उनीहरूको काम गरिदिन्थे । हामीकहाँ केही परम्परागत नेतृत्व रहेका समुदायले यस्तो सहयोग दिने भए तापनि आमरूपमा परिवर्तनका लागि काम गर्नेहरूलाई यसो गरी सहयोग गरिदिने चलन छैन ।

भूमि सुधारका लागि स्थानीय समुदायबाट सबै वर्गलाई मिलाएर अधिकारसहित बनाइएको र समुदायबाट पनि सहयोग पाएको विषय हाम्रा लागि निकै नै उपयोगी थियो । यो समितिले कहिलेकाहीँ त भूमिपतिबाट जग्गा खोस्ने काम पनि गऱ्यो । तर अधिकांश अवस्थामा भने जग्गा किनियो र भूमिहीनलाई किन्न लगाइयो । यस कामबाट देखिनेगरी केही उपलब्धि भए । २० लाख हेक्टर जग्गा (जुन देशकै ३९ प्रतिशत खेतीयोग्य जग्गा हुन्छ) २५ लाख भूमिपतिबाट किनियो । यसरी किनेको जग्गा ४२ लाख कृषक परिवारलाई किन्न लगाइयो । बिक्री मूल्य कम बनाइएको थियो । यसो गर्दा ४५.९ प्रतिशत मोही घटेर ८.३ प्रतिशतमा झरे । अनुपस्थित जमिनदारी प्रथा घट्यो । यति धेरै घर परिवारबाट जग्गा लिई यतिका धेरै परिवारसम्म पुऱ्याउने काम ठूलो हो तर स्थानीय निकायको परिचालनबाट यो काम सम्भव हुन सकेको भन्ने लाग्छ ।

जापानमा पनि जैविक खेतीपातीको अभ्यास छ । सामूहिक खेतीमा भने त्यति अभ्यास छैन । यहाँ पनि दलितहरू छन् तर उनीहरू आफ्नै पेशा गर्छन्, खेतीपाती गर्दैनन् । यस्तो सुधार वन, चरन तथा अन्य क्षेत्रमा भने गरिएको छैन । यो सबै परिवर्तन जापानीहरूको युद्धभन्दा अगाडि थालिएको नियमित प्रक्रियाको उपज हो या युद्धको हारसँगै जित्ने देशहरूले दिएको दबाबले हो भन्ने कुरा पक्का छैन् । वर्तमान औद्योगिक युगमा जापानका स-साना कृषि क्षेत्र ओगटेर बसेका कृषकहरूले प्रतिस्पर्धा गर्न सकेका छैनन् । उद्योग र कृषिबीच ठूलो खाडल देखा परेको छ । थोरै कृषि क्षेत्रले बाँच्न गाह्रो परिरहेको छ ।

हामीले नेपालमा पनि जमिनको पुनर्वितरणको साथमा जमिनदारको सङ्ख्या कसरी घटाउने, कुत कसरी कम गर्न सकिन्छ, ज्याला कसरी उचित कायम गराउने जस्ता काम पनि साथसाथै गर्नुपर्छ । हामीले न्यूनतम र अधिकतम हदबन्दी कायम गर्नुपर्छ । र, यस्तो हदबन्दी तोक्दा यसको उद्देश्य प्रष्ट हुनुपर्छ । हामीले किसान समाजलाई स्थापित गराउँदै न्यायमुखी उत्पादन प्रक्रियालाई अगाडि बढाउन खोजेको हो भने हदबन्दी निकै कम गर्नुपर्छ । जापनमा ३० कठ्ठाको हदबन्दी छ । जापानको फार्म ल्यान्ड कमिटीले जग्गाको सबै व्यवस्थापन र निर्णय लिने कुरा निकै नै उपयोगी छ ।



जगत बस्नेत

# नयाँ संविधानमा भूमि सुधार र केही अन्तर्राष्ट्रिय अभ्यास



नयाँ संविधानमा भूमिका मुद्दा कसरी सम्बोधन होला ? यसले भूमि अधिकारबाट वञ्चित किसानको जीवनमा कस्तो खुसी, उन्नति र रूपान्तरण ल्याउला ? संविधानमा राखिने विषय वर्गीय हिसावले सम्बोधन हुन्छन् वा गरिबका लागि हात्ती आयो, हात्ती आयो फुस्सा मात्रै ? यो भने माघ २०७१ पछि थाहा हुनेछ। मूल प्रश्न फेरि पनि वर्गीय मुद्दा वा सवाल संविधानमा अट्छ कि अट्दैनन् भन्ने नै हो। सबभन्दा गरिब वा वर्गीय हिसावले तल्लो तहमा रहेका भूमिहीन, मोही, हलिया, हरूवा/चरुवा, कमैया, कृषि मजदूर, भरिया, बँधुवा मजदूर आदि नै हुन्। संविधानमा भूमि अधिकारका मुद्दा सम्बोधन नभई उनीहरूको जीवनमा खुसी, उन्नति र रूपान्तरण आउँदैन। भूमिमा आधारित सामन्ती आर्थिक तथा उत्पादन सम्बन्ध अन्त्य नहुँदासम्म नेपालबाट वास्तविक राजतन्त्र अन्त्य भएको मानिने छैन।

त्यसैले अब लेखिने संविधानमा 'घरबास सबैलाई, खेतीयोग्य जमिन जोत्नलाई' भन्ने मूल भावलाई सुनिश्चित गर्न संविधानमा भूमिहीन, मोही, हलिया, हरूवा/चरुवा, कमैया, कृषि मजदूर, भरिया, बँधुवा मजदूर आदिको भूमिमाथिको अधिकारलाई संवैधानिक अधिकारका रूपमा स्वीकार गर्नुपर्छ। विश्वका जहाँजहाँ वास्तविकरूपमा भूमि सुधार भएका छन् ती सबै देशमा संवैधानिक व्यवस्था गरिएको पाइन्छ। राजनीतिक परिवर्तनपछि ल्याटिन अमेरिकन देश ब्राजिल, बोलिभिया, भेनेजुयला, मेक्सिको, अफ्रिकन देश दक्षिण अफ्रिका, केन्या, मालवी, युगान्डा, एसियन देश फिलिपिन्स, भियतनाम, इन्डोनेसिया सबैले संविधानमा नै भूमि सुधारको व्यवस्था गरेका छन्। तीमध्ये केही देशको व्यवस्था यस्तो छ :

### दक्षिण अफ्रिका

- दफा २५ (५) ले राज्यले देशका सबै नागरिकका लागि समताका आधारमा जमिन पाउने कानुन र नियम बनाइ लागु गर्नेछ र भूमिको पुनः वितरण गर्नेछ।
- दफा २५ (६) ले कुनै व्यक्ति वा समुदाय विगतमा भएका (सन् १९१३ पछि) का विभेदकारी कानुनका कारणले जमिनको असुरक्षा भएको र वा जमिनको अधिकार नपाएको रहेछन् भने संसद्बाट कानुन बनाइ सबै समुदायको जमिनमाथिको हक सुरक्षित गरिनेछ। मोहीले वा कसैले लामो समयदेखि जमिन जोतिआएको छ भने निकालेमा अदालतमा मुद्दा हाल्न पाउने र जमिन पाउने व्यवस्था गरिनेछ।
- दफा २५ (७) ले कुनै व्यक्ति वा समुदायको सन् १९१३ पछिको विभेदकारी कानुन र व्यवहारबाट जमिन गुमाएका वा खोसिएका रहेछन् भने त्यस्तो जमिन पुनर्स्थापित गरिनेछ।

### केन्या

भाग ५, भूमि र वातावरण, धारा ६० (१) : सामाजिक न्याय, प्रभावकारी र दिगो व्यस्थापनका लागि राज्यले तल उल्लिखित सिद्धान्त अवलम्बन गर्नेछ :

- न्यायोचित वितरण
- भूमि अधिकारको सुरक्षा
- दिगो र उत्पादनयोग्य व्यवस्थापन
- पारदर्शी र मितव्ययी प्रशासन
- वातावरण संरक्षण
- लैङ्गिक विभेदको अन्त्य
- स्थानीय प्रथाजनित हकको संरक्षण र सामूहिक अधिकार
- स्थानीय तहमा नै जमिनसँग सम्बन्धित द्वन्द्व मिलाउने अधिकार

दफा ६० (२) यी सिद्धान्तलाई राष्ट्रिय भूमि नीति र त्यससँग सम्बन्धित नीति नियम बनाइ लागु गराउने भनेको छ।




## ब्राजिल

भाग ३, भूमि तथा कृषि सुधार, धारा १८४ : सार्वजनिक हितका लागि राज्यले जमिन लिन सक्ने र त्यसको न्यायोचित क्षतिपूर्ति दिने ।

धारा १९१ : कुनै पनि व्यक्ति सहर वा गाउँमा भूमिको स्वामित्व र स्रोतबाट वञ्चित छ र उसले आफू र आफ्नो परिवारको श्रमले खेती गर्छ भने ५० हेक्टरसम्मको जमिन दिइनेछ ।

## भेनेजुयला

सन् १९९९ को संविधानको दफा ३०७ मा भूमि सुधारको व्यवस्था छ । जसमा ठूला जमिनदारले एकलौटी राखेका जमिन भेनेजुयलाका किसान र नागरिकको हितमा प्रयोग गरिने उल्लेख छ ।

## फिलिपिन्स

धारा १३ : समग्र भूमि सुधार र प्राकृतिक स्रोतको सुधार, दफा ४ : राष्ट्रले कानुनीरूपमा भूमिहीन नियमित कृषि मजदूर वा मोहीले जोतिरहेको जमिन सिधै अथवा सामूहिकरूपमा पाउने व्यवस्था कृषक अधिकारअन्तर्गत समग्र भूमि सुधार कार्यक्रमले बनाउनेछ ।

## नेपालको सन्दर्भमा

यसरी अन्तर्राष्ट्रिय अनुभव हेर्दा र नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक अवस्थाबीच तुलना गर्दा गरिब समुदाय र वर्गको रूपान्तरणका लागि नेपालको बन्दै गरेको संविधानमा निम्नबमोजिम संवैधानिक व्यवस्था गरिनु उपयुक्त देखिन्छ । जसले देशको आर्थिक क्रान्ति, गरिबहरूलाई सामाजिक न्याय, जीविका सुरक्षा र राज्यका हरेक अङ्गमा सहभागिता सुनिश्चितता गर्नेछ ।

### शोषणविरूद्धको हक

१) कसैलाई पनि हलिया, हरूवा/चरुवा, कमलरी वा नोकर वा बँधुवा मजदूर बनाउन पाइने छैन । आफैँ किसान भएर काम गर्नेबाहेक अरूलाई ठेक्का वा अँधिया वा हुन्डामा दिएर श्रम शोषण गरिने छैन ।

### सामाजिक न्यायको हक

१) वर्गीय आधारमा राज्यका हरेक निकायमा भूमिमा श्रम गर्ने किसानको समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।

### सम्पत्तिमाथिको हक

क) कानुनबमोजिम हदबन्दीभित्र भएको जग्गाको क्षतिपूर्ति दिने ।

ख) हदबन्दीभित्र वा बाहिर जे भए पनि प्रशासन वा राजनीतिक निर्णयमा प्रभाव पारी आफ्नो बनाएका जमिन वा गैरकानुनीरूपमा कानुनी बनाएका जमिनको क्षतिपूर्ति नदिने ।

### राज्यको दायित्व

१. सबै नेपाली नागरिकलाई सुरक्षित घरबास उपलब्ध गराउने ।

२. जमिनमा श्रम गर्ने किसानको कृषि जमिनको स्वामित्व, नियन्त्रण र व्यवस्थापन गर्ने नीति र कार्यक्रम ल्याउने ।

३. घरबास तथा कृषि जमिनको स्वामित्व र नियन्त्रणमा महिला-पुरुष दुवैलाई समान हक दिने ।

४. सामन्ती भू-स्वामित्व अन्त्य गर्दै एकीकृत भूमि सुधार जोताहा तथा भूमिहीन किसानका पक्षमा लागु गर्ने नीति छिटै कार्यान्वयन गर्ने

५. मोही, सुकुमबासी, हलिया, हरूवा/चरुवा, कमैया, कमलरी, कृषि मजदूरलगायतका आर्थिक/सामाजिकरूपले पछाडि पारिएको वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक सुरक्षासहितको पुनर्स्थापना गर्ने नीति लिने ।

### निर्देशक सिद्धान्त

१) देशमा उपलब्ध प्राकृतिक स्रोत साधनलाई सीमित व्यक्ति वा वर्गमा केन्द्रित हुन नदिई त्यसको उपयोग र लाभलाई सामाजिक न्यायका आधारमा वितरण गरी सामन्ती आर्थिक तथा उत्पादन सम्बन्ध अन्त्य गर्दै एकीकृत भूमि सुधारका माध्यमबाट गरिब मानिसको जीवनस्तरमा आमूल परिवर्तन गर्नु राज्यको उद्देश्य हुनेछ ।

२) एकीकृत भूमि सुधारका आधारमा प्राकृतिक स्रोतहरूको अधिकतम प्रयोग गरी ग्रामीण औद्योगिकीकरण, रोजगार सिर्जना र आर्थिक उन्नति गर्ने राज्यको उद्देश्य हुनेछ ।

### नीतिहरू

१. राज्यले कानुनीरूपमा भूमिहीन, जोताहा मोही र नियमित कृषि मजदूरले जोतिरहेको जमिन व्यक्तिगत वा सामूहिकरूपमा पाउने व्यवस्था गर्नेछ । यसका लागि संसद्ले प्रभावकारी हदबन्दी, कृषि सहयोग, ग्रामीण विकासलाई ध्यानमा राखेर नीतिहरू अनुमोदन गर्नेछ ।

२. राज्यले मोही, सुकुमबासी, हलिया, हरूवा/चरुवा, कमैया, कमलरी,



कृषि मजदूरलगायतका आर्थिक सामाजिकरूपले पछाडि पारिएका वर्ग र अन्य स्वतन्त्ररूपमा रहेका किसानका संस्थाहरूको सहभागितामा कार्यक्रमहरूको योजना र व्यवस्थापन सुनिश्चित गर्नेछ। कृषिका निम्ति उचित प्रविधि, अनुसन्धान, आर्थिक सहयोग, उत्पादन, बजार र अन्य सहयोगी सेवाहरू उपलब्ध गराउने नीति लिनेछ।

३. वातावरण संरक्षण, सामाजिक न्यायसहितको विकास र कृषि सुधारका आवश्यकतालाई ध्यानमा राखेर संसद्ले सरकारी अधिनको जमिनको क्षेत्रफल, कति उपार्जन गर्न पाउने, कति लिन पाउने अथवा भाडामा पाउने र त्यससम्बन्धी सर्तहरूको निर्णय र व्यवस्था गर्नेछ।

४. राज्यले ग्रामीण औद्योगिकीकरण, रोजगार र उत्पादनका लागि जमिन मालिकहरूलाई कृषि सुधार कार्यक्रममा लगानी गर्न प्रोत्साहन गर्नेछ।

५. राज्यले विस्तृत ग्रामीण विकास र एकीकृत भूमि सुधारलाई सँगै लैजान प्रोत्साहन गर्नेछ।

६. राज्यले गैरसरकारी संस्था, समुदायमा आधारित संस्था र नागरिक समुदायलाई एकीकृत भूमि सुधार र राज्यको आर्थिक विकासमा सहयोग पुऱ्याउन प्रोत्साहन गर्नेछ।

७. जतिसक्दो चाँडो समयमा सरकारले बाँझो वा प्रयोगबिहीन कृषियोग्य जमिनलाई एकीकृत भूमि सुधार कार्यक्रमका लाभदायी समूहहरूलाई वितरणका निम्ति कानुनले तोकेबमोजिम आफ्नो अधिनमा बनाउनेछ र वितरण गर्नेछ।

८. नेपालमा कुनै पनि बहुराष्ट्रिय वा विदेशी कम्पनीको निजी स्वामित्वमा जमिन हुने नीति लिने छैन।

### सङ्घीय संरचना

१. पुनर्संरचित राज्य संरचनाका विभिन्न प्रतिनिधिमूलक र निर्णायक तहहरूमा समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ। राज्यका हरेका संरचनामा किसानको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व गरिनेछ।

२. कृषियोग्य भूमि सङ्घीय राज्यको मातहत हुनेछ र संविधानभित्र रही भूमि सुधारका नीति र कार्यक्रम ल्याउन स्वतन्त्र हुनेछ।

### भूमि तथा कृषि विकास आयोग

१) नेपालमा एक भूमि तथा कृषि विकास आयोग स्थापना हुनेछ। यसको सात सदस्यीय केन्द्रीय र प्रत्येक जिल्लामा जिल्ला भूमि तथा कृषि विकास आयोगहरू गठन हुनेछ। यसको अवधि ४ वर्षको हुनेछ। आयोगमा स्वतन्त्र र भूमि तथा कृषि विज्ञहरू यसका अध्यक्ष वा सदस्य हुन सक्नेछन्।


### अन्त्यमा

कृषि अर्थतन्त्रमा आधारित नेपालको आर्थिक क्रान्तिको मूल आधार एकीकृत भूमि सुधार नै हो। जसअन्तर्गत भूमिको पुनर्वितरण, कृषि सहयोग, कृषि न्याय र भूमि प्रशासनको रूपान्तरण पर्छन्। यी चारै कुरा एकअर्कामा सम्बन्धित छन्। त्यसैले यी चारै कुरा संविधानमा व्यवस्था हुनु आवश्यक छ। संवैधानिक आधारमा नै अहिले बोलिभिया, फिलिपिन्स, भेनेजुयला, दक्षिण अफ्रिका आदि देशमा भूमि सुधार कार्यक्रम तीव्ररूपमा अगाडि बढेका छन्। यसैगरी जापान, ताइवान, दक्षिण कोरिया र पश्चिम बङ्गालमा पनि संवैधानिक व्यवस्थाका आधारमा नै गरिबहरूको पक्षमा भूमि सुधार भएको हो। संवैधानिक व्यवस्था नहुँदा जमिनदार, विदेशी कम्पनी र सम्पन्न वर्गले राजनीतिक पार्टी र सरकारको भूमि सुधार गर्ने तीव्र इच्छा भए पनि गर्न नदिएका ल्याटिन अमेरिकन देशहरूको अनुभवले देखाएको छ। त्यसैले नयाँ नेपालको नयाँ आर्थिक व्यवस्था, सामाजिक न्याय, जीविका, सुरक्षा र मानव अधिकारको संरक्षणका लागि माथि उल्लिखित संवैधानिक व्यवस्थाले अवश्य योगदान गर्नेछ। यसका लागि संविधान सभाका सम्पूर्ण सदस्य वर्गीय सवालमा अडिग रही भूमि सुधारका पक्षमा संविधानमै व्यवस्था गर्न सफल हुनुहुनेछ भन्ने आशा गरिबले राखेका छन्।



जुलिया चित्रकार

# बोधगया किसान आन्दोलन




भारतको बिहार अत्यधिक गरिबहरू भएको राज्यका रूपमा चिनिन्छ। यो राज्यमा धेरै जमिन हिन्दु मठको नियन्त्रणमा थियो। १३८ गाउँमा गरेर मठको जग्गा ९ हजार ५ सय ७५ एकड थियो। त्यसमा मठको महन्तको निजी जग्गा मात्रै ७ हजार ४८० एकड थियो। जुन कानुनबाट दिएको हदभन्दा धेरै माथि थियो। मठको जग्गाहरू केही अधियामा र केहीचाहिँ भूमिहीन किसानले जोतिरहेका थिए। त्यो समयमा किसानमाथि अत्याचार र विशेषगरी श्रमिक महिलाहरूलाई मठका पदाधिकारीहरूबाट यौन शोषणसमेत हुने गर्थ्यो।

## आन्दोलनको सुरूवात

तिनै भूमिहीन किसानहरू तथा अधियामा काम गर्ने कृषकहरूको सहभागितामा वर्षौंदेखि आफूहरूले जोतिरहेको जमिनमा अधिकार प्राप्त गर्नका लागि बोधगया किसान आन्दोलन हुन पुग्यो। यो सङ्घर्षलाई तत्कालीन क्षत्र युवा सङ्घर्ष बाहिनीले नेतृत्व दिएको थियो। जुन गान्धीवादी युवा सङ्गठन हो। यो संस्थालाई जयप्रकाश नारायणले सन् १९७५ मा उत्पीडित वर्गको उत्थानका लागि भनेर सुरु गरेका थिए। यो सङ्गठनको सदस्य हुनलाई उमेरमा ३० वर्षभन्दा माथि हुनुपर्ने र सङ्गठनको हरेक तहमा महिलालाई संलग्न गराइएको थियो। यो सङ्गठनले स्थानीय तहमा श्रमिक किसानहरू राखेर मजदूर किसान समिति गठन गरेको थियो। यही समितिका किसानहरू नै बोधगया किसान आन्दोलनका सहभागी थिए। यस आन्दोलनका दुई प्रमुख पक्षहरू मठको विरुद्धमा सङ्घर्ष र सङ्घर्षभित्र पनि महिलासम्बन्धी समस्याहरू, सामाजिक लिङ्गभेदका सवालहरू रहेको पाइन्छ।

## आन्दोलनको विकासक्रम

- सन् १९७८ को अप्रिलमा बिहारको गया जिल्लामा बाहिनीले स्थानीय श्रमिक तथा किसानहरूको सहभागितामा मठको विरुद्ध सङ्घर्ष सुरु गर्‍यो। त्यसबेलाको नारा 'जो जमिनका जोए जोते, वह जमिनका मालिक है' भन्ने थियो। त्यो सङ्घर्षमा महिला-पुरुष दुवैको सहभागिता थियो।
- सन् १९७८ को नोभेम्बरमा त्यहाँका श्रमिक कार्यकर्ता (महिलाहरू) ले मठको प्रतिबन्धित जमिनभित्र पसेर रोपाइँ गरे। यो क्रममा उनीहरू मठले भाडामा ल्याएका व्यक्तिहरूको कुटपिट र अत्याचारको सामना गरे।
- सन् १९७९ अगस्टमा सङ्घर्षका सहभागीले मठको जमिनमा बाहिरका अन्य कसैलाई पनि जोत्न, रोप्न नदिने गरी हड्ताल गरे। यो हड्तालका क्रममा पनि महिलाको भूमिका अत्यन्तै महत्वपूर्ण थियो किनभने धेरैजसो पुरुषहरू कामको सिलसिलामा बाहिर गएका थिए। यो सङ्घर्षमा पनि मठले भाडामा ल्याएका गुण्डाहरूले धम्काउने, पिट्ने र बलात्कारका घटनाहरूसमेत भएका थिए। यो क्रममा २ जना सङ्घर्षशील, आन्दोलनकारी पुरुषको मृत्यु पनि भएको थियो। यसका बाबजुद पनि उनीहरूले आफ्नो अहिंसात्मक आन्दोलनलाई निरन्तरता दिँदै विभिन्न जुलुस गरिरहे जसमा महिला, केटाकेटी, लोग्ने मान्छे सबैको सहभागिता थियो। यो क्रममा पनि उनीहरूको नारा 'जसको जोत, उसको पोत' नै कायम रह्यो।
- सन् १९७९ को नोभेम्बरमा आन्दोलनरत महिलाहरूले आफ्ना जल्दाबल्दा समस्या अगाडि ल्याउन शिविरहरू सञ्चालन गरे जसमा विशेष गरेर महिलामाथि हुने अत्याचार, अत्यधिक कामको बोझ, छोरीमाथि गरिने भेदभाव, महिलाहरूलाई पुरुषद्वारा प्रयोग गर्ने भाषा, महिलामाथि हुने हिंसा यो आन्दोलनभित्रै पनि उनीहरूलाई छलफलमा भाग लिन वञ्चित गरिएका कुरा र महिला एकताका लागि

भएका अवरोध तथा भूमिमाथि महिलाको स्वतन्त्र स्वामित्वका विषय महत्वपूर्णरूपमा उठाएका थिए । शिविरबाटै धेरैवटा विषय उनीहरूले अनुमोदनसमेत गरे । त्यसमा विशेषगरी श्रीमतीलाई पिट्न नपाउने र महिलाकै नाममा जग्गा वितरण हुनुपर्ने माग गर्ने कुरा अनुमोदन भए । यस्ता शिविर उनीहरूले निरन्तररूपमा चलाइरहे ।

✿ सन् १९८० जुन तथा नोभेम्बर : स्थानीयरूपमा गठन भएका मजदुर किसान समितिहरूले मठको जग्गा कब्जा गर्ने निर्णय गरे र ३ हजार एकड जग्गा कब्जा गरेर श्रमिकहरूले रोपाइँ गरे । यो क्रममा पनि पुलिसहरूबाट आक्रमण र दमन भयो । त्यसको सिकार महिलाहरूले नै बढी हुनुपर्‍यो किनकि रोपाइँमा संलग्न हुनेहरूमा धेरै महिला नै थिए । आन्दोलन चर्किँदै गयो र यस क्रममा थुप्रै महिला-पुरुष र केटाकेटी समातिएका थिए ।

**स्थानीयरूपमा गठन भएका मजदुर किसान समितिहरूले मठको जग्गा कब्जा गर्ने निर्णय गरे र ३ हजार एकड जग्गा कब्जा गरेर श्रमिकहरूले रोपाइँ गरे । यो क्रममा पनि पुलिसहरूबाट आक्रमण र दमन भयो । त्यसको सिकार महिलाहरूले नै बढी हुनुपर्‍यो किनकि रोपाइँमा संलग्न हुनेहरूमा धेरै महिला नै थिए ।**

✿ १९८१ अक्टोबर : सरकारले १ हजार एकड जमिन मठले अनैतिकरूपमा राखेको कुरा सार्वजनिक गर्‍यो र त्यो भूमिहीन किसानहरूलाई बाँड्ने निर्णय भयो । सरकारले आन्दोलनको अगुवा संस्था बाहिनीसँग कसलाई दिने भन्ने विषयमा परामर्श नगरेकाले त्यसको प्रतिवाद गर्दै बाहिनीले जग्गा पाउनेहरूको सूची तयार पार्‍यो । जसमा भूमिहीन श्रमिकहरू, अपाङ्गता भएकाहरू, एकल महिला र गरिब किसान थिए । यही क्रममा जग्गा पाउनेहरूको सूचीमा विधवाबाहेक अन्य महिला उल्लेख नगरिएकाले महिलाले फेरि आफ्नै नाममा जग्गा पाउनुपर्छ भन्नेबारे लामा विवाद ठाउँठाउँमा उठाए ।

✿ १९८२ फेब्रुअरी : बाहिनीले बिहार राज्यमा एउटा कन्फ्रेन्स आयोजना गर्‍यो जसमा बोधगयाको महिला कार्यकर्ता र बाहिनीका सदस्यहरू पनि सहभागी थिए । त्यो सभामा अब वितरण हुने जग्गा महिलाको नाममा पनि दिनुपर्ने निर्णय गरियो । त्यसपछि २ वटा गाउँमा महिला र विधवाको नाममा मात्र जग्गा वितरण गर्ने भनेर सर्वसम्मतबाट पारित पनि गरियो । तर स्थानीय जिल्ला अधिकारीले महिलाको नाममा जग्गा दर्ताको विरोध गरे । किनभने त्यो बेलामा घरको मूलीमात्र जग्गाधनी हुनुपर्ने नियम थियो जबकि घरमूलीचाहिँ पुरुष नै थिए । त्यसपछि महिलाको नाममा जग्गा दर्ता नभएसम्म कसैले त्यो जग्गा नलिने भनेर गाउँलेले विरोध गरे । जसमा महिलाले नै दबाब सिर्जना गरेका थिए ।

✿ १९८२ पछि केही समयको सङ्घर्षसँगै ती दुई गाउँमा महिलाको नाममा जग्गा वितरण गरियो र बाँडिएका जग्गा प्राप्त गर्नका लागि सङ्घर्ष जारी नै रह्यो । यही समयमा अनैतिकरूपमा मठको कब्जामा रहेका र वितरण हुन बाँकी अन्य जग्गा गाउँलेको नाममा वितरण भए । यो वितरणको क्रममा निम्न महत्वपूर्ण कामहरू भए :

क) महिलाले आफ्नै नाममा जग्गा पाए ।
ख) विधवाले आफ्नै नाममा जग्गा पाए ।
ग) अपाङ्गता भएकाले आफ्नै नाममा जग्गा पाए ।
घ) अविवाहित बालिग छोरीहरूले आफ्नै नाममा जग्गा पाए ।

## आन्दोलनका क्रममा महिलाले सामना गरेका तीन पक्ष

परिवारमा पनि सुरुमा विशेष गरेर श्रीमान्‌बाट सहयोग पाउन गाह्रो भयो । पछि निरन्तर प्रयासबाट उनीहरू सहयोग पाउन सफल भए ।

बाहिनीका कार्यकर्ताले महिलाका लागि १९८० मा महिला साक्षरता कक्षा चलाउँदा त्यसमा सहभागी हुन पनि उनीहरूले पुरुषहरूबाट विरोधको सामना गर्नुपर्‍यो । र, त्यो कक्षा नै बन्द गर्नुपर्ने स्थितिसमेत आयो । संस्थाबाट पनि उनीहरूलाई निर्णय प्रक्रियामा लाने प्रयासहरू भएको थियो तर सङ्घर्षका क्रममा कुन जुलुसमा जाने, कहाँ नजाने भन्ने कुराहरू पुरुषद्वारा निर्धारित थियो । संस्थाको निर्णय प्रक्रियामा पनि महिलाहरूको कम सहभागिता हुन्थ्यो तर उनीहरूले निरन्तर प्रयास गरेपछि यसमा पनि उनीहरूको सहभागिता बढ्दै गयो । यो क्रममा पनि सामाजिक लिङ्गभेदका सवाल, जाँड/रक्सी खाएर महिला कार्यकर्ता पिट्ने जस्ता विषयलाई मुख्य सवालका रूपमा उठाएर संस्थाले लान सकेन ।

सरकारी निकायको कुरा गर्दा महिलाको नाममा जग्गा दर्ता गर्न सर्वसम्मतबाट पारित भएपछि पनि प्रशासनको विरोधको सामना गर्नुपर्‍यो । तर सङ्घर्ष जारी राखेर यो काममा पनि उनीहरू सफल भएरै छाडे ।

## आन्दोलनका असर

- निर्णय प्रक्रियामा महिला सहभागिता व्यापकरूपमा बढ्यो ।
- छोरीहरूलाई स्कुल पठाउनुपर्छ भन्ने कुरा व्यापकरूपमा स्वीकारियो ।
- स्वास्नी पिट्ने र गालीगलौज गर्ने कुरालाई लाजका रूपमा लिइयो ।
- गाउँका पुरुष कार्यकर्ताले महिला शिविरका बेला खाना पकाइदिने, केटाकेटी हेरिदिने व्यवस्था मिलाइदिए जसले गर्दा महिलाले छलफलमा भाग लिन सके । ✿

(बिना अग्रवालको 'अ फिल्ड अफ वन्स ओन, जेन्डर एन्ड ल्यान्ड राइट्स इन साउथ एसिया' बाट अनुदित)

# अभियान : आवश्यकताले उब्जाएको अवसर




## परिचय

अभियान त्यस्तो कर्म हो जुन कुनै विशिष्ट कार्य, निश्चित उद्देश्य वा लक्ष्य प्राप्त गर्न प्रायः सामूहिकरूपमा गरिन्छ। भूमि अधिकार प्राप्तिको आन्दोलन पनि यस अर्थमा अभियान हो जुन भूमि अधिकारबाट वञ्चितहरूलाई उनीहरूको हक दिलाउने उद्देश्य प्राप्तिमा केन्द्रित छ। यो एकजनाको समस्या पूर्ति गर्ने वा केही व्यक्तिलाई अधिकार दिलाएर सकिने अभियान हैन। न त कुनै निश्चित अवधि र तिथिमितिमै सम्पन्न हुने अड्कलबाजी गर्ने विषय नै हो। भनाइको मतलव अभियानहरूलाई आफ्नो उद्देश्य पूर्तिका लागि लाखौं मानिसको सहयोग आवश्यक हुन सक्छ। अनि धेरै लामो समय आवश्यक पर्न सक्छ।

यही कारण मुलुकमा लामो समयदेखि भूमि अधिकार प्राप्तिको आन्दोलन अभियानकै रूपमा जारी छ। जसमा लाखौं मानिस संलग्न छन्। खासगरी पीडितहरू स्वयं सक्रिय छन्। अनि समर्थक र शुभचिन्तकहरूको ठूलो समर्थन र सहकार्य छ। यही कारण नेपालको भूमि अधिकार आन्दोलनले एकाध दशककै बीचमा ठूलै फड्को मारेको पनि छ चाहे त्यो यथेष्ठ नै किन नहोस्। लामो समय, ठूलो सङ्ख्यामा संलग्नता, विषयवस्तुको प्रष्टता, सही र स्पष्ट कार्ययोजना अनि कार्यक्रमहरूका कारण पनि यो आन्दोलनले अभियानको रूप धारण गर्ने हैसियत राख्छ।

कुनै पनि आन्दोलन/अभियान सम्पन्न हुनका लागि त्यसमा विषयवस्तु उठान, अडान, कार्ययोजना, गन्तव्य, सङ्गठन, आचारविचार, कार्यशैली, अनुशासन अपरिहार्य मानिन्छ। यी विषय जति बलिया भए अभियान चाँडै र लक्ष्यमा पुग्ने सम्भावना त्यत्तिकै बलियो हुन्छ। त्यसैले धेरै विषय समेटिएका कारण भूमि अधिकार बुलेटिनले आफ्नो ५० अङ्के यात्रामा छापेका ३६७ वटा विचारमूलक लेखमध्ये अभियानसँग सम्बन्धित सबैभन्दा धेरै अर्थात २०७ वटा छन्। यो किन पनि स्वाभाविक हो भने धेरै विषयवस्तु अभियानसँग टाँस्सिएका हुन्छन्। र, सबैभन्दा मूल कुरो अर्थात समग्र बुलेटिनको उद्देश्य पनि अभियानलाई नै सशक्त तुल्याउनु हो।

सवाल उठान

यो ५० औं अङ्कको यात्रासम्ममा बुलेटिनले अभियानका धेरै विषय उजागर गरेको छ। तिनलाई सार्वजनिक गरेको छ र कार्यान्वयनका लागि उत्प्रेरित गराउने गरेको छ। अनि दबाब सिर्जनाका लागि हौस्याउने पनि गरेको छ। यस क्रममा बुलेटिनको पहिलो अङ्कमै 'भूमि अधिकारका लागि नागरिक अभियान' शीर्षकको लेखमार्फत नागरिकलाई सचेत तुल्याउने कार्य हुँदै आएकामा ५० अङ्कसम्म पनि यसरी झक्झक्याउने क्रम जारी नै छ। विभिन्न विज्ञ, कार्यपत्र, भाषण/मन्तव्य, समाचार, कार्यक्रम आदिका आधारमा अभियानलाई सघाउ पुऱ्याउने यति धेरै विचारमूलक सामग्री बुटेलिनले प्रकाशन गर्दै आएको हो।

यस क्रममा दलित, जनजाति, महिला, अल्पसङ्ख्यक र सीमान्तकृतहरूको भूमि अधिकारबारे वकालत गर्ने, तिनका कार्यक्रममा सक्दो सघाउने, कार्यक्रमहरूको प्रचार गर्ने, पाठ्यसामग्रीहरू उपलब्ध गराउने जस्ता काम भएका छन्। राजी, वादी, चेपाङ, मुसहर जस्ता अत्यन्त पिछडिएको समुदायका भूमि अधिकारबारे अध्ययन/अनुसन्धान गर्ने र तिनलाई सार्वजनिक गर्ने, अनि नीति निर्माण तहमा बसेका तथा विधायकहरूलाई

यो वास्तविकता अवगत गराउने र विभिन्न प्रतिनिधिमण्डलमार्फत भेटघाट गराउने अनि प्रतिबद्धता लिने काम पनि भएका छन् जसलाई प्रत्येक कदममा बुलेटिनले पछ्याउने काम गरेको छ।

भूमि अधिकार अभियानमा लाग्ने कार्यकर्ता तथा अगुवा कसरी तयार गर्ने, उनीहरूले अपनाउनुपर्ने शैली कस्तो हुने, उनीहरूको आचार/व्यवहार कस्तो हुनुपर्छ, सफल आन्दोलन हाँक्ने सूत्र के के हुन् ? अधिकार प्राप्तिका शैली कस्तो भए गन्तव्य चाँडो चुमिन्छ जस्ता यावत् विषयमा बुलेटिनहरूले ज्ञान प्रवाह गरिरहे। यस क्रममा आत्मनिर्भर केन्द्र र अन्य सरोकारवालाले गरेका कार्यक्रम, दिएका तालिम, प्रशिक्षण, गोष्ठी, वैदेशिक भ्रमण आदिका खबर, सिकाइ र पाठहरूसमेत निरन्तर सबैमाझ पुऱ्याउने काम भएका थिए। अन्य प्रकाशनको जानकारी दिने माध्यमसमेत बनेकाले पनि भूमि अधिकार बुलेटिनले सरोकारवालासमक्ष दोहोरो/तेहेरोतवरबाट फाइदा पुऱ्याउने काम गरेको थियो।

पछिल्लो समयमा आएर मुलुक सङ्घीय संरचनामा गइसकेपछि अब भूमि अधिकार आन्दोलनले तय गरेका विषयमा स्थानीय तहसँग कसरी समन्वय गर्न सकिन्छ ?, उनीहरूका अधिकार क्षेत्र के के हुन् र यी सीमाभित्र रहेर गर्न सकिने काम के के हुन् ?, स्थानीय तहले कसरी भूमिसम्बन्धी कानुन बनाउन सक्छ र यसको प्रारूप कस्तो हुन सक्छ ? भन्ने जस्ता विषयमा पनि बुलेटिनले सहजीकरण गरिरहेको छ। यसरी अभियानलाई चुस्त, उत्प्रेरक तथा प्रभावी बनाउने क्रममा गीत, कविता, गजल तथा अन्य सामग्रीलाई समेत साथ लिइएको छ। जसले पाठकलाई फरक स्वादको अनुभूतिसमेत दिलाएको महसुस भएको त।

### नतिजा

- ५५ जिल्ला मञ्च र ३,०६७ गाउँ मञ्च गठन भएका छन्।
- जिल्ला र गाउँ मञ्च गरी राष्ट्रिय भूमि अधिकार मञ्चमा ५९,९२२ जना सङ्गठित भएका छन्।
- ३००० भन्दा बढी अगुवा कार्यकर्ता तयार भएका छन्।



लयप्रसाद उप्रेती

# भूमि अधिकार आन्दोलन, ज्ञानसहितको परिचालन




(गएको असोजमा प्रा. डा. लयप्रसाद उप्रेतीको नेतृत्वमा भूमि अधिकार आन्दोलनको १ महिने अवधिको मूल्याङ्कन भएको थियो। प्रतिवेदनमा उल्लेख भएका केही सिकाइ र सुझाव यहाँ प्रस्तुत गरिएको छ।)

### आन्दोलनमा धेरै राम्रा अभ्यास गरिएका छन्

राष्ट्रिय भूमि अधिकार मञ्च र भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सहकार्यमा कार्यक्रम हुन थालेको छ। त्यसमा पनि मन्त्रालयको स्रोतमा दुवैले संयुक्तरूपमा कार्यक्रम आयोजना गर्नु राम्रो सुरुवात हो। यस्ता अभ्यासलाई जिल्ला तहमा पनि बढाएर लैजानुपर्छ। दलहरूलाई प्रभाव पार्न सक्ने संस्था र सङ्गठनहरूसित सहकार्य गरी काम गर्नु अर्को राम्रो अभ्यास भएको छ।

जिल्लाले व्यावहारिक योजना बनाएको छ। नियमित आलोचनात्मक समीक्षा गरेको छ। अनुगमन र पृष्ठपोषण परिपाटी राम्रो बनाएको छ। जहाँ सक्षम जनशक्ति परिचालन गरिएको छ, त्यहाँ नतिजा पनि आएको छ। सङ्गठन पनि सक्षम बन्दै गएको छ। त्यसैले प्रत्येक जिल्ला मञ्च स्वयंको अनुगमन गर्ने प्रणाली व्यवस्थित योजना हुनुपर्छ।

जहाँ स्रोतको विविधीकरण छ, आत्मनिर्भर केन्द्रको मात्र भर नपरी अरू संस्थासित पनि सहकार्य गरि स्रोत ल्याएका छन्, त्यहाँ सङ्गठन चलायमान छ र संस्थागत विकास पनि हुँदै गइरहेको छ। किटानीसाथ कामको बाडफाँट भएको र सिपअनुसार जिम्मेवारी विभाजन भएको ठाउँमा पनि राम्रो भएको छ। सरकारी निकाय, राजनीतिक दलसित सहकार्य भएकाले सङ्गठन फैलिँदै गएको छ। आफ्नो टिमभित्र सिमित रहेको सङ्गठन स्थापित हुन सकेको छैन। सक्षम र

युवा विचार भएका अगुवा परिचालन भएको सङ्गठनले नतिजा ल्याउन सकेको छ।

रूपान्तरणमुखी जनकेन्द्रित अभियान सञ्चालन गरेर देशको मूल कानून संविधानमा आफ्ना मुद्दा धेरै हदसम्म सम्बोधन गराउन सफल हुनु महत्वपूर्ण उपलब्धि हो। यो आन्दोलनमा सुधारेर लानुपर्ने पक्ष पनि छन्। कृषि सहकारी बनाउन आवश्यक छ। तर अहिले बनाइएका सहकारी बुझेर बनाएका देखिएनन्। अरू सहकारीभन्दा भिन्नता पाइएन। यसलाई पुनर्विचार गर्नुपर्छ।

भूमि अधिकार मञ्चहरूलाई अझै विचारको सङ्गठन बनाउन सकिएन। अधिकार दाबी गर्नेभन्दा बढी पुर्जाकेन्द्रित भयो। दूरगामी लक्ष्य र सोचको विकास भएन। विचार गर्ने, नेतृत्व गर्ने क्षमताका लागि ज्ञानको पक्ष बढाएर लैजानुपर्छ। सिक्नका लागि, चिन्तनका लागि पक्षपातमुक्त चित्त हुनुपर्छ। हरेक मान्छेले सिक्न खोज्नुपर्छ। हामीले कमजोर देखेका व्यक्तिसित महत्वपूर्ण ज्ञान हुन सक्छ।

विचार आन्दोलनको जीवन्त शक्ति हो। १० हजार जनाको जुलुस निकाल्यौँ तर माग स्पष्ट भएन भने त्यो सहभागिताको अर्थ हुँदैन। जुलुसलाई मागले खल्लो बनाइदिन्छ। त्यसैले विचार बलियो बनाउने कुरा पनि सँगै लैजानुपर्छ। ज्ञानका लागि अर्गानिक योजना चाहिन्छ। आफ्नै तरिकाले ज्ञान लिने, किताब पढ्ने, रेडियोमा समाचार सुन्ने, विचार विमर्श गर्ने योजना बनायौँ भने ज्ञान बढ्दै जान्छ।

सङ्गठन बन्नु आफैँमा पनि उपलब्धि हो भन्ने कुरामा जागरण ल्याउनुपर्छ। छरिएका समुदाय एक ठाउँमा आउनु, आफ्नो पहिचान बनाउनु, स्थानीय तहमा अधिकार दाबी गर्नु, सङ्गठनको नियमित काम हो। त्यसैले यो आफैँमा उपलब्धि हो। प्रत्येक सङ्गठनलाई आर्थिक वृद्धिका काममा लगाउनुपर्छ। आफैँ काम गर्न उत्प्रेरित गर्नुपर्छ। राजनीतिक माग पनि उठाउँदै जानुपर्छ। जिल्ला मञ्च, गाउँ मञ्चलाई सिक्ने थलो बनाउनुपर्छ। त्यसको अभिलेखन र प्रचार पनि हुनुपर्छ।

वकालतलाई प्रमाणमा आधारित बनाउन सक्नुपर्छ। जब वकालतका क्रममा तथ्य, कथा र प्रमाण पनि पेश गरिन्छ त्यसबेला सरोकारवाला निकाय कुरा सुन्न बाध्य हुन्छन्। ✿



जगत देउजा

# संवैधानिक बहसमा भूमि सुधार




नेपालका ठूला राजनीतिक आन्दोलन, सामाजिक विद्रोह अनि विभिन्न राजनीतिक दलहरूका उद्भव कुनै न कुनैरूपमा भूमि सुधारका मुद्दासँग जोडिएका छन्। २००४ सालमा स्थापना भएको नेपाली कङ्ग्रेस र २००६ सालमा स्थापना भएको कम्युनिस्ट पार्टीको मुख्य मुद्दा भूमि सुधार थियो भन्ने तिनका दस्तावेज हेर्दा थाहा हुन्छ। राजा महेन्द्रले पनि पञ्चायती व्यवस्था टिकाउन भूमि सुधारलाई नै हतियार बनाएका थिए। त्यसैगरी माओवादीद्वारा सञ्चालित जनयुद्धको मूल एजेन्डामध्ये क्रान्तिकारी भूमि सुधार पनि एक थियो।

राजनीतिक दलहरूले भूमि सुधारको मुद्दालाई आफ्ना दस्तावेजमा उठाए तापनि मूल चरित्र भने सत्ता बाहिर रहँदा क्रान्तिकारी र सत्तामा पुगेपछि यथास्थितिवादी बन्ने देखिएको छ। पटक-पटकका राजनीतिक परिवर्तनपछि पनि नेपालमा विद्यमान सामन्तवादी भूमि सम्बन्धमा परिवर्तन हुन सकेन। यसमा माओवादी अपवाद बन्छ कि भन्ने थियो तर त्यसो हुन सकेन्।

आर्थिक, राजनीतिक एवम् सामाजिक दृष्टिले नेपालमा भूमि सुधारको मुद्दा हल नगरी नहुने सवाल हो। विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा वैज्ञानिक भूमि सुधार गर्ने उल्लेख भएपछि जनतामा यसबारे मरिसकेको आश पलाएको थियो। नयाँ संविधानमा भूमिसम्बन्धी अझ स्पष्ट र न्यायिक व्यवस्था गर्न माग भइरहेको थियो। नयाँ संविधान निर्माण क्रममा भूमि सुधारसम्बन्धी मूलतः तीनवटा प्रश्न बहसमा थियो। संविधानमा भूमि सुधारको विषय उल्लेख गर्ने कि नगर्ने ? जग्गामा हदबन्दी लगाउने कि नलगाउने ? र, हदबन्दीभन्दा माथिको जग्गामा क्षतिपूर्ति दिने कि नदिने ?

अघिल्ला २ वटा प्रश्नमा भूमि सुधार गर्ने र हदबन्दी लगाउने विषयमा सहमति जुटिसकेको सुन्नमा आएको थियो । भूमि सुधार गर्दा लगाइने हदबन्दीमाथिको जग्गा राज्यले लिँदा क्षतिपूर्ति दिने कि नदिने भन्ने विषयमा मात्र छलफल हुन बाँकी थियो । तर विवाद समाधान उपसमितिमा भूमि सुधारका सबै काम कानुन बनाएर गर्ने र संविधानमा उल्लेख नगर्ने भन्ने सहमति भएको खबर सार्वजनिक भएका छन् ।

यतिखेर नेताहरूले सशस्त्र द्वन्द्वको एउटा मूल कारण भूमिलगायत् प्राकृतिक स्रोतको अन्यायोचित वितरण थियो भन्ने वास्तविकता बेवास्ता गर्न खोजेका छन् । अहिले गर्ने भनिएको व्यवस्था अन्तरिम संविधानभन्दा पनि पच्छगामी छ । नेताहरूले गरेको सहमतिमा जनताका पक्षधर सभासद् एक ढिक्का हुन सकेनन् भने भूमि सम्बन्धमा २०४७ सालको संविधानभन्दा नयाँ व्यवस्था केही नहुने भएको छ । र, यसले जमिनको अन्यायपूर्ण वितरणलाई नै जस्ताको तस्तै राख्ने स्थिति देखा परेको छ ।

संविधानमा भूमि सुधार क्षणिक हार-जीतको विषय हैन । यसले दीर्घकालीनरूपमा कस्तो असर पर्छ ? समाजमा द्वन्द्व किन भइरहेको छ भन्नेमा विचार गर्नुपर्छ । भूमि सुधार गर्नका लागि संविधान बाधक नहुने प्रावधान संविधानमा राख्नैपर्छ । संविधानमा व्यवस्था नगरी कानुन बनाएर भूमि सुधार गर्छु भन्नु भूमि सुधार हुँदैन भन्नु बराबर हो । भोलि कुनै पनि नागरिक संविधानको सम्पत्तिको मौलिक हकमा टेकेर जग्गामा हदबन्दी लगाउन पाइँदैन भनेर अदालत गयो भने कसैले रोक्न सक्ने स्थिति बन्दैन । यसबेला के गर्ने ? विगतमा जग्गामा हदबन्दी लगाउँदा जमिनदारहरू अदालत गएका उदाहरण छ ।

अहिले जे सहमति भएको भन्ने बाहिर आएको छ, यसले व्यक्तिगत सम्पत्तिसम्बन्धी अवधारणालाई अझै बलियो बनाउने निर्णय भएको छ । पहिलेको भन्दा जग्गालाई सम्पत्तिको रूपमा राख्ने ठाउँ अझै फराकिलो भएको छ । किसान र आदिवासी समुदायको परम्परागत हकलाई त अझै पूरै निस्तेज गर्ने स्थिति बन्यो । अब पैसा हुनेले जति पनि जमिन राख्न पाइने वातावरण बनाइयो । यसो हुनु भनेको जमिनलाई अन्य वस्तुसरह व्यक्तिगत सम्पत्तिका रूपमा उल्लेख गर्नु हो । अन्य सम्पत्तिमाथिको अधिकार र जमिनमाथिको अधिकारलाई एउटै ढङ्गले हेर्नु पनि हो । ऐतिहासिक कालखण्डमा सत्ता र शक्तिको प्रयोग वा दुरूपयोगबाट प्राप्त भएको जमिनमाथिको अधिकारलाई व्यक्तिगत अधिकारका रूपमा मान्यता दिनु हो । बजारले नै क्रमिकरूपमा जमिनको पुनर्वितरणको प्रक्रिया ठीक हुन्छ भन्ने मान्यता राख्नु हो ।

अन्तरिम संविधानमा वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्दा वा सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति, सोको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ भन्ने छ । अर्थात् यसमा वैज्ञानिक भूमि सुधार गर्नैपर्ने र यसका लागि सम्पत्तिमा राज्यले अधिकार सिर्जना गर्न सक्ने प्रष्ट बाटो खोलेको छ । संविधान सभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले वैज्ञानिक भूमि सुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुमबासीलाई वितरण गर्न जमिन अधिग्रहण गर्दा वा सम्पत्तिउपर कुनै अधिकार सिर्जना हुँदा जति राखेका छन्, त्यति नै पाउने र खेती गरे राख्न पाउने, नगरे क्षतिपूर्ति लिएर छाड्नुपर्ने, त्यस्तो जग्गा राज्यले अन्य किसानलाई निश्चित सर्त राखी दिने व्यवस्था हुनुपर्छ । कृषियोग्य जग्गा विदेशी व्यक्ति एवम् कम्पनीले किन्न नपाउने भन्ने प्रष्ट लेखिनुपर्छ ।

**संविधानमा भूमि सुधार क्षणिक हार-जीतको विषय हैन । यसले दीर्घकालीनरूपमा कस्तो असर पर्छ ? समाजमा द्वन्द्व किन भइरहेको छ भन्नेमा विचार गर्नुपर्छ । भूमि सुधार गर्नका लागि संविधान बाधक नहुने प्रावधान संविधानमा राख्नैपर्छ । संविधानमा व्यवस्था नगरी कानुन बनाएर भूमि सुधार गर्छु भन्नु भूमि सुधार हुँदैन भन्नु बराबर हो ।**

भूमि सुधार गर्ने वा हदबन्दी लगाउने भनेको अहिलेका जमिन्दार वा जग्गाधनीलाई तन्नम बनाउने हैन । खेती नगर्नेले जग्गा राख्दा राज्य, जग्गाधनी, मोही कसैलाई पनि फाइदा छैन । खेती नगर्नेले जग्गामा हैन, अन्य क्षेत्रमा लगानी गर्नुपर्छ । भूमि सुधार भनेको समग्र कृषि व्यवस्थाकै एउटा अभिन्न पाटो हो । भूमि सुधार नगरी कृषि व्यवस्थामा रूपान्तरण हुन सक्दैन । कृषिमा रूपान्तरण नगरी नेपाली समाजको रूपान्तरण गर्न सकिँदैन । जमिन प्राकृतिक स्रोत एवम् एउटा महत्वपूर्ण उत्पादनका साधन भएकाले यस्तो स्रोत सीमित व्यक्तिमा केन्द्रित हुन हुँदैन । जमिनको स्वामित्वका हकमा व्यक्तिगत सम्पत्तिसम्बन्धी अवधारणा पूर्णरूपमा लागु हुनुहुँदैन । देशमा उपलब्ध जमिनलगायतका प्राकृतिक स्रोतमाथिको अन्तिम स्वामित्व राज्यमा रहन्छ । अर्थात् राज्यले कानुन बनाई कुनै पनि व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्न सक्छ तर यसका लागि संविधानमै किटिनुपर्छ ।

भूमि सुधारको संवैधानिक निश्चितताका लागि मौलिक हकअन्तर्गत सम्पत्तिको हकसम्बन्धी प्रावधानमा प्रतिबन्धात्मक वाक्यांश थपी राज्यले भूमि सुधार कार्यक्रम लागु गर्नेछ । जग्गामा हदबन्दी लगाउनुपर्दा कानुनबमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था राख्नैपर्छ । समय बाँकी छ । जनताका सभासद्हरूले यो विषयलाई गम्भीरपूर्वक लिउन् । जमिनलगायत् स्रोतको वितरण अन्यायपूर्ण राखेर नयाँ नेपाल बन्दैन ।



विमल फुयाँल


# भूमि अधिकारका लागि नागरिक अभियान

साधारण शब्दमा भन्नुपर्दा प्रकृतिको स्वतन्त्र उपहारका रूपमा प्राप्त भूमिलाई जब मान्छेले खनजोत, मलजल तथा स्याहारसुसार गरेर उत्पादनयोग्य बनाउँछ, त्यसपछि उक्त जमिनको सामाजिक स्वामित्वका निम्ति दाबी गर्न पाइने हकलाई नै भूमि अधिकार भन्न सकिन्छ।

भूमि मान्छेले आविष्कार गरेको वा बनाएको वस्तु होइन। प्राकृतिक स्रोतका रूपमा रहेको भूमिलाई मान्छेले आफ्नो श्रम तथा बुद्धि लगाएर खेतीयोग्य तुल्याएको हो। त्यसैले भूमि अधिकार भनेको भूमिको व्यवस्थापन गर्ने अधिकार, भूमिबाट उत्पादन गर्ने अधिकार, आफूले जोतेको जमिन वा आफ्नो स्वामित्वमा रहेको जमिन अरूलाई बिक्री गर्न पाउने अधिकारसमेत पर्न जान्छ।

ऐतिहासिकरूपमा, सामाजिक न्यायको हिसावले विचार गर्दा जुन जमिन जसले जोत्दै आएको छ, त्यसको सामाजिक स्वामित्व स्वभाविकरूपमा उसैको हुन्छ, जमिनको जोताहा हुनु नै भूमि अधिकार दावी गर्ने मौलिक अधिकार हो। त्यसैले होला 'जसको जोत उसको पोत' जस्ता भनाइ समाजमा स्थापित हुँदै आएका छन्। भूमि अधिकारको व्यवस्था मिलाउने सामाजिक परिपाटी तथा ऐन, कानुनसमेत 'जमिन जोत्नेको' भन्ने प्रस्तावनाअनुसार नै बन्दै आएको देखिन्छ। तथापि सामाजिक शक्ति संरचना एवम् शासन प्रणालीमा आएका विभिन्न परिवर्तनले भूमि अधिकारको व्यवस्थालाई पनि अदलबदल पार्दै ल्याएको छ। जोताहाको अधिकारलाई कुण्ठित पार्दै भूमि अधिकारको हालीमुहाली जमिन्दार, साहू, बिर्तावाल जागिरवाल र मुखिया तथा प्रशासकहरूमा पुगेको सामाजिक आर्थिक इतिहासले देखाएको छ। यस्तो प्रकारको राजनीतिक विकासक्रमले एकातिर जोताहा किसानको भूमि अधिकार हनन् हुने अवस्था सिर्जना भई सामजिक उत्पीडनको जालो तयार भयो भने अर्कोतिर कृषि उत्पादनलगायत समग्र आर्थिक विकासक्रम पछौटे अवस्थामा खुम्चन पुग्यो। यसैको कारण समाजमा सम्पन्न र विपन्नबीचको खाडल गहिरिएर निरपेक्ष गरिबीको अवस्था बढ्न थाल्यो।


त्यसकारण अहिलेको सन्दर्भमा भूमि अधिकार भन्नाले जोताहा किसानको भूमि अधिकार भन्न खोजिएको हो। हाम्रो सन्दर्भमा भूमि अधिकार हनन् हुने समूहमा मोही, हली, मुक्त कमैया सुकुमबासी, कृषि मजदूर, साना किसानलगायत गुठीको जग्गा कमाउने किसानसमेत पर्छन्। सामाजिक न्याय स्थापना एवं गरिवी निवारण दुवै हिसाबले भूमि अधिकारको सवालको महत्व बढेको छ। यसका निम्ति राज्यको प्रगतिशील नीति र नागरिक अभियान दुवै चाहिएको छ। ✿



# भूमि अधिकार बुलेटिनको अङ्क १ देखि ५० सम्म छापिएका
# मुख्य मुख्य विचारप्रधान सामग्री


### अङ्क १ (फेब्रुअरी, २००३)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि अधिकारका लागि नागरिक अभियान | विमल फुयाँल | १ |
| २ | गरिबीसँग जोडिएको भूमि व्यवस्था | जगत देउजा | २ |
| ३ | जुर्मुराउँदै गुठीपीडित र मोहीहरू | सरेश नेपाल | ६ |
| ४ | अभियानको बाटोमा | सोमप्रसाद भण्डारी | ७ |
| ५ | हकका लागि लड्दाको चुनौती | गीता पण्डित | ८ |
| ६ | मङ्गाइ तामाङको अठोट | चेली गुरुङ | ८ |
| ७ | सुकुमबासी दुखा सिंह मोही हुँदै जग्गा धनी बने | शिवजीप्रसाद साह | ९ |
| ८ | जिरायत जोत्नुपर्ने बाध्यता | एकराज चौधरी | ९ |
| ९ | भूमाफियाबाट जमिन बेचिन नदिन महोत्तरीका दर्जनौँ बासिन्दा राजधानीमा | रघुनाथ लामिछाने | १० |





### अङ्क २ (जुन २००३)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | द्वन्द्व व्यवस्थापनमा भूमिको सवाल | रघुनाथ लामिछाने | ३ |
| २ | कनिकामा जमिन गुम्यो | ग्रा.वि.स., बाह्रबीसे | ४ |
| ३ | सिन्धुपाल्चोकको भूमि समस्या | जगत देउजा | ५ |
| ४ | भूमि अधिकार अभियानमा महिला सहभागिता | जुलिया चित्रकार | ६ |
| ५ | प्रमाण नभएपछि... | - | ७ |
| ६ | भूमिमा महिला स्वामित्व किन ? | चेली गुरुङ/गीता पण्डित | ८ |
| ७ | रातोदिन जमिन जोत्ने दलितहरू : भूमि अधिकारको खोजीमा | जगत देउजा/ल्यामबहादुर दर्जी | १४ |




## अङ्क ३ (डिसेम्बर, २००३)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | सरकारी नीति : जमिन जोत्नेलाई अन्याय | जगत देउजा | ३ |
| २ | कथा व्यथा : भूमि सुधारको | अशोककुमार पाठक | ५ |
| ३ | चौरसियाको हत्यारा (कविता) | तिलक राई | ६ |
| ४ | भूमि अधिकारसँग जोडिएको हलिया प्रथा | जगत देउजा | ७ |
| ५ | मकरलालको सङ्घर्ष : समुदायदेखि सर्वोच्चसम्म | दुर्गा दाहाल | १२ |
| ६ | मुक्त कमैयाद्वारा जग्गा कब्जा : आधारभूत अधिकारको खोजी | पशुपति चौधरी | १२ |
| ७ | जसको घर छैन, उसको देश छैन | गणेश बिके | ९ |
| ८ | गातीका जोताहा : मोही हकका लागि जुर्मुराउँदै | जयबहादुर श्रेष्ठ | १४ |
| ९ | तर हाम्रो जमिन छैन | ल्यामबहादुर दर्जी | १४ |
| १० | नखोजी हक पाइँदैन | हरि तिम्सिना | १४ |





## अङ्क ४ (मार्च, २००४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | पूरा होला गुठी किसानमा पलाएको आशा ? | जगत देउजा | ३ |
| २ | भूमि ब्याङ्क : भूमिपतिका लागि | जगत बस्नेत | ५ |
| ३ | मोहियानी हकले ल्याएको खुसी | - | ९ |
| ४ | बर्दिबासका भूमिहीनका पीडा : राज्यले सुनेन, कसले सुन्ने ? | गुञ्ज खड्का | १२ |
| ५ | बैतडीको हलिया प्रथा : विकल्प के ? | बुद्धिबल्लभ धनिक | १३ |
| ६ | जमिनको कुरा त कसैले गरेन | - | १३ |
| ७ | रामझुपडीभित्रको रामकहानी | माधव ढुङ्गेल (साभार) | १४ |




## अङ्क ५ (जुलाइ, २००४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | श्रद्धासुमन : भूमि नेता जगन्नाथप्रति | - | ३ |
| २ | उदासीन भूमि अड्डाहरू | जगत देउजा | ४ |
| ३ | भूमि अधिकार : सबैका लागि | केशव दाहाल | ६ |
| ४ | भारतको केरला र पश्चिम बङ्गालमा भूमि सुधार | अनुवाद | ७ |
| ५ | बोधगयामा किसान आन्दोलन | जुलिया चित्रकार | ८ |
| ६ | ३३ वर्षपछि जग्गा फिर्ता | गणेशप्रसाद राम | ९ |
| ७ | जोताहा मोही किसानसँगको एक घण्टा | कृष्ण पाठक | १२ |
| ८ | हलियाको पीडा र मुक्तिको खोजी | गणेश लुहार | १४ |



## अङ्क ६ (सेप्टेम्बर, २००४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | बल्ल बुझे दलितले वास्तविकता | रघुनाथ | ३ |
| २ | भूमिसँग नजोडिएको दलित आन्दोलन | हिरा विश्वकर्मा | ५ |
| ३ | न्यायको पर्खाइमा बेदर्तावाल मोहीहरू | जयबहादुर श्रेष्ठ | ७ |




## अङ्क ७ (जनवरी, २००५)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि अधिकारका निम्ति जनसङ्गठनको खाँचो | विमल फुयाँल | ३ |
| २ | जुटे भूमि अधिकारका लागि | - | ५ |
| ३ | फैलँदो भूमि आन्दोलन | कृष्ण पाठक | ७ |
| ४ | नबसौँ अन्याय सहेर (गीत) | दियालो परिवार, बाँके | ९ |
| ५ | अब हामी अधिकार लिएरमात्र मर्छौं : बलदेव राम | दामोदर तिमल्सिना | ११ |
| ६ | भूमि अधिकारसम्बन्धी काठमाडौँ घोषणापत्र | रा.भू.अ.म. | १६ |





## अङ्क ८ (मे, २००५)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | चुरे क्षेत्रका समस्या र 'विकल्प' कार्यक्रम | देवेन्द्र अधिकारी | २ |
| २ | अब म ढुक्क छु | रामअवतार पासी | ९ |




## अङ्क ९ (साउन, २०६२)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि अधिकार अभियानमा सङ्गठन | जगत देउजा | ३ |
| २ | भूमि सुधारलाई कुल्चिएर भूमि ब्याङ्क | माधव ढुङ्गेल | ८ |
| ३ | किसान आन्दोलन, विगत र वर्तमान : केही अनुभव | जगत बस्नेत | १२ |
| ४ | भूमि सुधार : एउटा नसकिएको कार्य | उल्फ लेडेजेस्की | १६ |
| ५ | बाँकेमा भूमि अभियान | लालमणि भण्डारी | २० |
| ६ | आदिबासी, जनजाति र जमिन | सन्तबहादुर चेपाङ | २३ |




## अङ्क १० (अक्टोबर, २००५)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | सङ्गठन नै महत्वपूर्ण बल हो | - | १५ |



## अङ्क ११ (मङ्सिर-माघ, २०६२)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | अन्यायविरुद्ध आँट | - | ११ |
| २ | भूमिमा चेपाङ समुदायको अधिकारसम्बन्धी चितवन घोषणापत्र | - | १५ |
| ३ | भूमिमा महिला अधिकारसम्बन्धी काठमाडौँ घोषणापत्र | - | १६ |





## अङ्क १२ (भदौ, २०६३)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | नेपालमा जनमुखी भूमि ऐन निर्माणको अभ्यास | - | ३ |
| २ | आन्दोलन कोष र उपयोगिता | पुष्कर आचार्य | ९ |
| ३ | जापानमा भूमि सुधार | - | १४ |





## अङ्क १३ (फागुन, २०६३)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | सुदृढ लोकतन्त्रका लागि रूपान्तरणमुखी भूमि सुधार | जगत बस्नेत | ३ |
| २ | किसान कार्यकर्ता कस्तो हुनुपर्छ ? | केशव बडाल (साभार) | ७ |
| ३ | आसन्न संविधान सभा, भूमि अधिकार र राजनीतिक दल | सरेश नेपाल | १२ |
| ४ | भूमि अधिकारका लैङ्गिक पक्ष | यमुना घले | १६ |
| ५ | भूमि सुधार गरौँ | बलदेव राम | १८ |
| ६ | दलित र भूमि | पूर्णबहादुर नेपाली | १९ |
| ७ | भूमि अधिकार आन्दोलन, बदलिँदो परिवेश, बदलिएको भूमिका | - | २३ |
| ८ | जल, जमिन र जङ्गल : जनताको अग्राधिकार | प्रकाश ज्वाला | २६ |
| ९ | खोसिएको पैतालामुनिको जमिन (कविता) | वीरबहादुर बिक | २९ |
| १० | भूमिमाथिको अधिकार नै हाम्रो पहिलो मुद्दा हो | मोतीदेवी थारू | ३० |
| ११ | लोकतन्त्रमा हलिया मुक्ति | अर्जुन थपलिया | ३२ |




## अङ्क १४ (असोज, २०६४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | नेपालमा वर्गीय मुद्दा र भूमि सुधारको प्रश्न | आहुति | ३ |
| २ | भूमि आयोग चाँडै बन्छ | जगतबहादुर बोगटी (मन्त्री) | ७ |
| ३ | जनादेश २००७ : अहिंसात्मक आन्दोलनको यात्रा | जगत देउजा | ८ |
| ४ | ताइवानमा भूमि सुधार | जगत बस्नेत | १० |
| ५ | आँगनमा नदी, सुत्न पालो | साइती चौधरी | ११ |
| ६ | गरिबले लालपुर्जालाई किन मान्यता दिने ? | दुःखी राम | १२ |



| | | | |
|---|---|---|---|
| ७ | पेटमा लागेको ताल्चा कसले खोल्ने ? | प्रभु चौधरी | १४ |
| ८ | जमिनदारले ओगटेको कसैले देखेन | शान्ता चौधरी | १५ |
| ९ | जनअधिकारका लागि जनयात्रा | केशव दाहाल/जगत देउजा | १६ |
| १० | मुलुक फेरियो तर हरूवा-चरुवा उस्तै | मणिलाल विश्वकर्मा | २१ |
| ११ | राष्ट्रिय भूमि अधिकार सरोकार समूह, नेपालको घोषणापत्र | दोस्रो राष्ट्रिय सम्मेलन | २५ |
| १२ | भूमि अधिकार गीत | | २६ |


## अङ्क १५ (वैशाख, २०६५)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | उत्पादन बढाउन जोत्नेलाई जमिन | डा. मिनेन्द्र रिजाल | ३ |
| २ | समुन्नत जीविकाका लागि भूमि सुधार | माधव नेपाल | ५ |
| ३ | सामन्तवाद अन्त्यका लागि क्रान्तिकारी भूमि सुधार | कृष्णबहादुर महरा | ७ |
| ४ | भूमि सुधार : बोलीलाई व्यवहारमा उतारौँ | ब्रुस एच मुरे | १२ |
| ५ | घोराही घोषणापत्र | रा.भू.अ.म. | १६ |
| ६ | गरिबसँग काम गरौँ | दण्डप्रसाद शर्मा | १७ |
| ७ | जाने बाँझो जग्गामा सुन फल्छ | जगत देउजा | १८ |
| ८ | मधेसमा भूमि सुधार : किन र कसरी ? | गणेशप्रसाद राम | २० |
| ९ | फिलिपिन्सको भूमि अधिकार आन्दोलन | जगत बस्नेत | २२ |





## अङ्क १६ (असोज, २०६५)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | रूपान्तरणमुखी भूमि सुधारको औचित्य | जगत बस्नेत | ३ |
| २ | वैज्ञानिक भूमि सुधारका आधार | जगन्नाथ अधिकारी | ५ |
| ३ | भूमि सुधारको वर्ग चरित्र | सरेश नेपाल | १२ |
| ४ | भूमि सुधार : परिवर्तनको कार्यभार | केशव दाहाल | १४ |
| ५ | खोसियो खेत, खोसियो खाना | जगत देउजा | १८ |
| ६ | कृषि मजदूरको ज्याला वृद्धि आन्दोलन | कल्पना कार्की | १८ |





## अङ्क १७ (वैशाख, २०६६)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | उच्चस्तरीय भूमि सुधार आयोग : सुल्झाउला समस्या ? | रघुनाथ लामिछाने | ३ |
| २ | यो कार्यान्वयन हुने आयोग हो | हरिबोल गजुरेल | ११ |
| ३ | भियतनामको भूमि सुधार यात्रा | जगत देउजा | १५ |
| ४ | जीवनदेखि हारेर भाग्छु नभन | दर्शन मण्डल | १८ |




## अङ्क १८ (साउन, २०६६)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | कसरी आउला भूमिपीडितका आवाज संविधानमा | - | ३ |
| २ | नछेकोस् भूमि सुधारलाई नयाँ संविधानले | सोमत घिमिरे | १० |
| ३ | विदेशका संविधानमा भूमि सुधार | जगत बस्नेत | १२ |
| ४ | उठौँ, जागौँ र सङ्गठित बनौँ | बच्छाराम रैदास | १६ |
| ५ | हाकु यात्राका केही संस्मरण | कल्पना कार्की | १७ |
| ६ | वैद्यको प्रेस्क्रिप्सन : धनभन्दा जन ठूलो | कृष्णमुरारि भण्डारी (साभार) | १८ |





## अङ्क १९ (मङ्सिर, २०६६)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि सुधार र क्षतिपूर्ति विवाद | - | ६ |
| २ | भूमि सुधार : नगरी नहुने केही काम | जगत देउजा | ७ |
| ३ | नयाँ संविधान र भूमि सुधारको सवाल | कल्पना सुवेदी पण्डित | ९ |
| ४ | वन र भूमिहीनको बढ्दो द्वन्द्व | - | १० |
| ५ | माटोले खाएको जिन्दगीलाई थोरै माटो दिए पुग्छ | किसन सदा | १४ |
| ६ | भूमि अधिकार यात्रा | शुभराज चौधरी | १५ |





## अङ्क २० (चैत, २०६६)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | यस्तो रह्यो भूमि अधिकार अभियानकर्ता भेला | - | ३ |
| २ | किसान डुबाउने मकै काण्ड | रघुनाथ लामिछाने | १२ |
| ३ | भूमिमा महिला अधिकार | - | १५ |
| ४ | भूमि विधेयक : असफलताको निरन्तरता | जगत देउजा | १९ |
| ५ | आफैँ लड्नुपर्छ आफ्ना लागि | चन्देश्वरी सदाय | २० |
| ६ | यात्री हुन यात्रामा | कुमार थापा | २१ |
| ७ | अधिकारका लागि सङ्घर्षशील महिला | शुभराज चौधरी | २५ |




## अङ्क २१ (असार, २०६७)


| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | के छ भूमि अधिकार आयोगको प्रतिवेदनमा ? | - | ३ |
| २ | भूमि सुधार र दलहरू | अमित विश्वकर्मा | ७ |
| ३ | राजनीतिक सङ्कटको पासोमा भूमि सुधार | शम्भु सापकोटा | ९ |
| ४ | माओवादीको भूमि नीति | रघुनाथ लामिछाने | ११ |
| ५ | दिगो शान्ति र भूमि सुधार | एल.बि. प्रसाई | १३ |
| ६ | संविधान निर्माण प्रक्रिया र महिला सवाल | मञ्चको छलफल | १५ |
| ७ | भूमिमा महिला अधिकार : केही मुद्दा | कल्पना कार्की | २० |



| | | | |
|---|---|---|---|
| ८ | वन संरक्षणका नाममा गरिबमाथि सङ्कटकाल | नरिराम लोहार | २२ |
| ९ | जिन्दगी काम गरेमात्र बदलिँदो रहेछ | पृथ्वीबहादुर चौधरी | २४ |
| १० | आन्दोलनको यात्रा | विष्णु पोखरेल | २६ |
| ११ | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको प्रस्ताव, निर्णय एवं घोषणा | प्रथम राष्ट्रिय परिषद् | ३१ |


## अङ्क २२ (मङ्सिर, २०६७)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | दलहरूमा भूमि सुधारको एजेन्डा | - | ३ |
| २ | हदबन्दीभन्दा बढी जमिनको क्षतिपूर्ति : दिने कि नदिने ? | रघुनाथ लामिछाने | १० |
| ३ | भित्ताको किसान | राजेन्द्र महर्जन (साभार) | ११ |
| ४ | खाद्य, भूमि र कृषि | कृष्ण पौड्याल | १६ |
| ५ | आमा बाबु भन्नु नै भूमि अधिकार आन्दोलन | पार्वती डगौरा | २० |
| ६ | आन्दोलन यात्रा | सरस्वती नेपाली | २३ |





## अङ्क २३ (माघ, २०६७)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | नेपालमा गरिबी, जीवनस्तर र भूमि सुधार | श्याम श्रेष्ठ | ३ |
| २ | हामी किन गरिब ? | जगत बस्नेत | ७ |
| ३ | सहस्राब्दी विकास लक्ष्यको नजरमा गरिबी | रघुनाथ लामिछाने | ९ |
| ४ | भूमि अधिकार हनन : मानव अधिकार हनन | जगत देउजा | ११ |
| ५ | भूमि अधिकार र कृषि क्रान्ति | बालकृष्ण देउजा | १३ |
| ६ | बाँझो जमिनको उपयोग | शिवकुमार पासवान | १५ |
| ७ | किन आत्महत्या गर्दैछन् गरिब किसान ? | - | १७ |
| ८ | तुलसीलाल अमात्य नेतृत्वको किसान आन्दोलन | - | १९ |
| ९ | निरन्तर लगावले मात्र मीठो फल | माधव ढकाल | २३ |
| १० | मोहीको अर्थ खोज्दै जाँदा | धना खड्का | २५ |
| ११ | खोसिएको जमिन दिलायो सङ्गठनले | शुभराज चौधरी | ३० |




## अङ्क २४ (वैशाख, २०६८)


| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | जागे भूमिहीन किसान महिला | - | ३ |
| २ | भूमि आन्दोलनको अप्ठेरो | शम्भु सापकोटा | १२ |
| ३ | आन्दोलनमा गाउँ र जिल्ला सङ्गठनको भूमिका | शुभराज चौधरी | १३ |
| ४ | जसको जगमा राष्ट्रिय आन्दोलन भयो | लालमणि भण्डारी | १४ |
| ५ | भूमिहीन किसान महिला आन्दोलनको सन्देश | ममता शर्मा नेपाल | १६ |



| | | | |
|---|---|---|---|
| ६ | भारतमा गरिब किसानका लागि सरकारले गरेको व्यवस्था | - | १७ |
| ७ | को थिए किसान नेता भीमदत्त ? | - | १८ |


## अङ्क २५ (असार, २०६८)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | नेपालमा भूमि सुधारका प्रयास र आयोगका सुझाव | - | ३ |
| २ | हेकुली गाविसले देखाएको बाटो | - | १० |
| ३ | छिमेकको भूमि आन्दोलन | - | ११ |
| ४ | अन्ततः बिर्ता रैकर भयो | विश्वास नेपाली | १२ |
| ५ | किसान नेता राधाकृष्ण थारू | दिनेशप्रसाद श्रेष्ठ | १४ |
| ६ | राष्ट्रिय भूमि अधिकार मञ्च, दोस्रो राष्ट्रिय परिषद्को घोषणापत्र | - | २५ |
| ७ | चुरे संरक्षण र भू-अधिनत्व | - | ३१ |





## अङ्क २६ (असोज, २०६८)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | के छन् भर्खरै सरकारले सार्वजनिक गरेका भूमि आयोगका प्रतिवेदनमा ? | - | ३ |
| २ | सङ्गठनभित्रको आचार व्यवहार | - | ११ |
| ३ | गरिब र किसानका नेता राजीव दीक्षित | - | १२ |
| ४ | भूमिको उचित उपयोग नगरेसम्म प्रगति हुन्न | बाबुराम भट्टराई (प्रम) | १४ |
| ५ | राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको घोषणापत्र | तेस्रो राष्ट्रिय सम्मेलन | २१ |
| ६ | साउनका आधा महिना | पुष्कर आचार्य | २६ |
| ७ | एसिया ल्यान्ड फोरम २०११ | - | २७ |
| ८ | भोकमरीको जालो | रघुनाथ लामिछाने | २८ |
| ९ | भूमि सुधारको खाका बनाऔं | विमल फुयाँल | ३० |





## अङ्क २७ (पुस, २०६८)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | संवैधानिक बहसमा भूमि सुधार | जगत देउजा | ३ |
| २ | परिवेश आधारित अभियान | - | ५ |
| ३ | चेपुवामा हरूवा-चरुवा | भोला पासवान | १४ |
| ४ | जग्गा फिर्तासँगै उठेको भूमिहीन र मोही अधिकारको सवाल | ल्यामबहादुर दर्जी | १६ |
| ५ | महिला हिंसाविरुद्धको १६ दिने अभियान र संयुक्त पुर्जा | गीता पण्डित | १७ |
| ६ | समुदायमुखी समीक्षा | - | १९ |
| ७ | बेहाल : लोपोन्मुखी राजी समुदायको | रघुनाथ लामिछाने | २६ |
| ८ | पहिलो विदेश यात्राका तीता मीठा कुरा | सोमप्रसाद भण्डारी | ३१ |



## अङ्क २८ (चैत, २०६८)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | संविधानमा भूमि सुधार समावेश गराउन गरिबहरूको देशव्यापी अभियान | - | ३ |
| २ | पछाडि हट्दैछन् दलहरू | पूर्णबहादुर सुनार | १३ |
| ३ | भूमि सिकाइ केन्द्र र हिंसापीडित गाउँले महिला | सुमित्रा सुवेदी | १४ |
| ४ | नयाँ संविधानमा भूमि सुधार नीतिमाथि बहस | - | १६ |
| ५ | खाद्य सङ्कट र सुधारवादी हस्तक्षेपको प्रश्न | सोमत घिमिरे | १६ |
| ६ | भूमिलाई अधिकारसँग जोडेर हेर्दा | भेषराज पोखरेल | २२ |
| ७ | कसरी सिर्जना भयो सोमालियमा भोकमरी ? | रघुनाथ लामिछाने | २६ |





## अङ्क २९ (जेठ, २०६९)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | न संविधान न भूमि सुधार | - | ३ |
| २ | बस्ने सहरमा, जग्गा गाउँमा | बलदेव राम | ७ |
| ३ | संयुक्त पुर्जाका आगामी रणनीति | कल्पना कार्की | ८ |
| ४ | सयमा संयुक्त पुर्जा : अवसर र चुनौती | हरिप्रसाद तिमल्सिना | ११ |
| ५ | माग्ने हैन, सङ्घर्ष गर्ने | जगत देउजा | १३ |
| ६ | भूमिमा स्वामित्वले महिलाको सच्चा सशक्तीकरण हुन सक्छ | मोहना अन्सारी | १६ |
| ७ | सुकुमवासी आयोगले सुल्झाउला समस्या ? | शुभाकान्त भुसाल | १८ |
| ८ | छताछुल्ल भयो हाकुबासीको पीडा | - | २० |
| ९ | सङ्घर्षले नै दिलायो जग्गा | रामप्रसाद सदा | २४ |
| १० | भोगाइ आन्दोलनका | नन्दा जोशी | ३१ |





## अङ्क ३० (असोज, २०६९)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | यसरी हुँदैछ राम्चेमा भूमि सुधार अभ्यास | शम्भु सापकोटा | १ |
| २ | कार्डले हट्दैन गरिबी | जगत देउजा | ९ |
| ३ | काम यसरी गर्नुपर्दोरहेछ | माधवप्रसाद ढकाल | ११ |
| ४ | कसले बुझ्ने किसानको मर्का ? | नवराज गुरागाईं | १३ |
| ५ | गरिबी निवारण, शक्ति र स्रोत | जगत बस्नेत | १६ |
| ६ | हामी जुट्यौं भने सबैथोक हाम्रो हुनेछ | कोकिला सार्की | १८ |




## अङ्क ३१ (पुस, २०६९)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | बनाइँदैछ देशभर भूमि घर | - | १ |
| २ | भूमि नीतिले ध्यान दिनुपर्ने पक्षहरू | युवराज खतिवडा | ९ |
| ३ | लैङ्गिक समानताको अभियान | ज्योति वैद्य | १२ |
| ४ | ठूलो परिमाणको जग्गामा लगानी र जग्गा अतिक्रमण | आफा बुलेटिनबाट | १५ |





## अङ्क ३२ (चैत, २०६९)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि सभाका सन्देशहरू | सोमप्रसाद भण्डारी | १ |
| २ | सुकुमवासीले के पाए ? | नरिराम लोहार | ४ |
| ३ | उपलब्धिको कसीमा धर्ना | शुभराज चौधरी | ५ |
| ४ | सुकुमवासी बस्ती पुनर्स्थापना | बनिलाल थारू | ६ |
| ५ | मोही सम्मेलनका सिकाइ | शैलेन्द्र राई | ७ |
| ६ | मोही घोषणापत्र | क्षेत्रीय मोही सम्मेलन | ९ |
| ७ | आफैँ जाग्नुपर्छ | रमेश सापकोटा | १० |
| ८ | कमलरी दुर्गति | रघुनाथ लामिछाने | ११ |
| ९ | महिला सम्मेलन | - | १४ |
| १० | सेनेगलबाट सिक्न सकिने पक्ष | जगत बस्नेत | १६ |
| ११ | सङ्घर्ष नै जीवन हो | मानबहादुर नेपाली | १९ |
| १२ | फोहोरमा कबाडी सङ्कलन गर्ने कामदारको अभियान | - | ३० |




## अङ्क ३३ (असार, २०७०)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | ठूला खेतीको विपक्षमा | जगत देउजा | ५ |
| २ | कमलरी मुक्ति आन्दोलन, सङ्घर्ष र उपलब्धि | मानबहादुर क्षत्री | ७ |
| ३ | दलीय स्याउला हुँदैछन् भूमि मुद्दा | रघुनाथ लामिछाने | १० |
| ४ | नेपालमा भूमि कब्जा र यसले पार्ने असर | उपासना रेग्मी | १२ |
| ५ | भूमि आन्दोलन र अन्तर्राष्ट्रिय सम्बन्ध | पुष्कर आचार्य | १४ |
| ६ | अभ्यास : सामुदायिक भूमि सुधारको | शम्भु सापकोटा | १५ |
| ७ | आन्दोलन पुगेको छैन | पहलसिंह पहराई मगराई | १६ |
| ८ | बाँभै जग्गा, गाईवस्तुले के खालान् ? | रामजी ढकाल | २१ |



## अङ्क ३४ (कात्तिक, २०७०)



| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | दलहरूका घोषणापत्रमा भूमि तथा कृषि अधिकार | - | ३ |
| २ | रा.भू.अ.म. ले दलका घोषणापत्रमा उल्लेख गर्न गरेको प्रस्ताव | - | १४ |
| ३ | भूमि सुधार र कृषि क्रान्ति | श्याम श्रेष्ठ (साभार) | १६ |
| ४ | असल शक्ति निर्माणको खाँचो | विमल फुयाँल | १७ |
| ५ | मलेसियन भूमि अभ्यास : अध्ययन र सिकाइ | शान्तिराम भण्डारी | १९ |
| ६ | सामुदायिक स्रोतको उपयोग | जगत देउजा | २० |
| ७ | कृषि बजेटमा किसानको चासो | सीता भुजेल | २२ |
| ८ | मुक्ति ख्वै ? | दर्शन मण्डल | २३ |






## अङ्क ३५ (पुस, २०७०)


| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | मधेसमा भूमि सुधार र आर्थिक रूपान्तरण | जगत बस्नेत | ३ |
| २ | नयाँ संविधानमा भूमि सुधारका मुद्दा | - | ५ |
| ३ | घट्दैछ कृषियोग्य जमिन | - | ७ |
| ४ | जमिनको अतिक्रमण र असर | अध्ययन | ८ |
| ५ | भूमि अभियानमा आन्दोलन कोष | रेमन्त चौधरी | १० |
| ६ | खोसिएको २९ वर्षपछि किसानले पाए हक | सुष्मा न्यौपाने | १२ |
| ७ | अनुभूति : कम्बोडिया भ्रमणको | सोमप्रसाद भण्डारी | १३ |
| ८ | कार्यमुखी बैठक र सिकाइहरू | ल्यामबहादुर दर्जी | १४ |
| ९ | सामुदायिक भूमि सुधार र खेतीपाती | भोला बस्नेत | १६ |
| १० | सहकारी अभियान | रामजी ढकाल | १७ |
| ११ | जारी छ सङ्घर्ष | वीरबहादुर बिक | १९ |
| १२ | जमिनमा श्रीमान्‌को जति नै हक हुन्छ भन्ने कल्पनै थिएन | रुक्मिनी दनुवार | २१ |


## अङ्क ३६ (चैत, २०७०)


| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | जीवनसँग जोडिएको सङ्गठन | जगत देउजा | ३ |
| २ | महाशक्ति बन्ने नाममा दबाइएको आवाज | राजगोपाल पिभी | ६ |
| ३ | भू-उपयोग नीतिको व्यावहारिक अभ्यास | जया तामाङ | १० |
| ४ | सङ्कटमा राजी समुदाय | जीवन राजी | ११ |
| ५ | भूमि अधिकारका लागि आन्दोलन गर्नैपर्छ | भीमा चौधरी | १४ |
| ६ | व्यावसायिक उत्पादनमा जोड दिनुपर्छ | रिगोवर्ती रिभेरा | १५ |
| ७ | स्वतन्त्रताका नायक मण्डेला | विश्वास नेपाली | १६ |

| | | | |
|---|---|---|---|
| ८ | सुल्झेन मोही समस्या | विश्वास नेपाली | १८ |
| ९ | भूमि र कृषिसम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला | - | २१ |

## अङ्क ३७ (असार, २०७१)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | सङ्कटमा चुरे, चिन्तित चुरेबासी | कुमार थापा | ३ |
| २ | जे देखियो, जे भोगियो | कल्पना कार्की | ७ |
| ३ | बिर्ता : गणतन्त्रको कालो दाग | जसमान तामाङ | १२ |
| ४ | अभ्यास : सामुदायिक भूमि सुधारको | - | १६ |
| ५ | मोही किसानद्वारा धर्ना | - | २३ |





## अङ्क ३८ (असोज, २०७१)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भावी संविधानमा भूमि सुधार | दीनमणि पोखरेल | ५ |
| २ | भूमि सुधार : मौका नचुकाइयोस् | जगत देउजा | ८ |
| ३ | संविधानमा भूमि सुधार : केही अन्तर्राष्ट्रिय अभ्यास | जगत बस्नेत | १० |
| ४ | नयाँ संविधानमा भूमि सुधारका सवाल र विकल्प | डा. पूर्ण नेपाली | १३ |
| ५ | नयाँ संविधानमा सम्पत्तिको हकसम्बन्धी बहस | डा. विपिन अधिकारी (साभार) | १६ |
| ६ | संविधानमा भूमि अधिकार : रा.भू.अ.म. नेपालको प्रस्ताव | - | २१ |
| ७ | संविधानले भूमि सुधारको आधार दिनुपर्छ | केपी ओली (मन्तव्य) | २३ |
| ८ | केही नहुनेसँग पनि ५ कठ्ठा जमिन हुनुपर्छ | रामचन्द्र पौडेल " | २४ |
| ९ | भूमि सुधारको विकल्प छैन | हरिबोल गजुरेल " | २५ |
| १० | भूमि सुधार गर्न सबै शक्ति एकजुट हुनुपर्छ | जीतेन्द्र देव " | २६ |





## अङ्क ३९ (पुस, २०७१)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | क्रान्तिकारी भूमि सुधार र सम्पत्तिमाथिको अधिकार | नहेन्द्र खड्का | ५ |
| २ | सरकारी उदण्डता | मिलन बगाले | ७ |
| ३ | चक्लाबन्दी : आत्मनिर्भर हुने बाटो | नारायणप्रसाद पौडेल | ८ |
| ४ | चुरेबासीको हित सोचौँ | कुमार थापा | ९ |
| ५ | जमिनदार र सरकार दुवै भूमिहीन विरोधी | भोला पासवान | १० |
| ६ | वन र पारिवारिक खेती : अनुभव र सिकाइ | मानबहादुर क्षत्री | ११ |
| ७ | भूमिहीनलाई आधारपत्र अभियान | रेमन्त चौधरी | १३ |
| ८ | आन्दोलन कसरी दिगो बनाउने भन्ने चुनौती छ | पुष्पा सिंह | १७ |
| ९ | पत्रकारको आँखामा महिला किसान | - | २३ |




## अङ्क ४० (चैत, २०७१)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि आन्दोलनको दुई दशक | सोमप्रसाद भण्डारी | ५ |
| २ | भारतीय सामाजिक आन्दोलनका केही अनुभव | जगत बस्नेत | ८ |
| ३ | महिला किसान सम्मेलन र बहसका विषय | कल्पना कार्की | १० |
| ४ | फ्याक्ट विधि : एक जानकारी | रीता बरामु | १५ |
| ५ | भूमिसम्बन्धी कञ्चनपुर घोषणा एवम् सङ्गठनको अठोटपत्र | - | २६ |





## अङ्क ४१ (असार, २०७२)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | सुरक्षित आवास र भू-उपयोग | जगत देउजा | ५ |
| २ | कस्तो बस्ती ? | मिलन बगाले | ९ |
| ३ | बेलैमा सोचौँ, सम्भावित बाढी र डुवान | भागिराम चौधरी | १० |
| ४ | सिकाइ भ्रमण र दुःखद घटना | सरस्वती कटवाल | १४ |
| ५ | अबको पुनर्निर्माण भू-उपयोग नीतिअनुरूप हुनुपर्छ | गणेशप्रसाद भट्ट | १६ |
| ६ | नेपालको संविधान २०७२, प्रारम्भिक मस्यौदामा भूमि, कृषि र आवाससम्बन्धी गरिएको व्यवस्था | - | २३ |





## अङ्क ४२ (फागुन, २०७२)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि अधिकार अभियानको अनुभूति र अबको बाटो | सोमप्रसाद भण्डारी | ५ |
| २ | भूमि अधिकार आन्दोलन, ज्ञानसहितको परिचालन | लयप्रसाद उप्रेती | ६ |
| ३ | भूमिबारे नयाँ संविधान के भन्छ ? | - | ९ |
| ४ | नेपालमा भूमि सुधार : केका लागि र कसरी ? | महेशचन्द्र रेग्मी (साभार) | ११ |
| ५ | पुनर्निर्माण प्रक्रियामा भूमि सुधारको सवाल | - | १४ |
| ६ | सहयोग र उत्प्रेरणाले सफल भइँदोरहेछ | - | २६ |





## अङ्क ४३ (वैशाख, २०७३)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | लालपुर्जा नहुनेले घर कहाँ बनाउने ? | जगत देउजा | ५ |
| २ | हिमालपारिको पुनर्निर्माण | राजेन्द्र फुयाँल (साभार) | ७ |
| ३ | जग्गा दर्तासम्बन्धी मस्यौदा कार्यविधिका सुझाव | - | १४ |
| ४ | भू-उपयोग ऐनको मस्यौदा : एक समीक्षा | झलक सुवेदी | १८ |
| ५ | हलिया समस्या र पुनर्स्थापनाका सम्भावना | नरिराम लोहार | २४ |
| ६ | समुदायको अगुवाइमा पुनर्निर्माण | कुमार थापा | २६ |




## अङ्क ४४ (असोज, २०७३)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | अहिंसात्मक सामाजिक आन्दोलन | राजगोपाल पिभी | ५ |
| २ | दिगो कृषि विकासमा भूमि व्यवस्थापन | जगत देउजा | १० |
| ३ | अभियानका लागि अगुवा र कोष | सोमप्रसाद भण्डारी | १४ |
| ४ | गाउँब्लक जग्गा दर्ता अभियान | भोला पासवान | १५ |
| ५ | पुनर्निर्माण : अवसर र चुनौती | नरिराम लोहार | १८ |
| ६ | मानव अधिकार र भूमि | - | २६ |





## अङ्क ४५ (जेठ, २०७४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | व्यवस्थित बसोबास | जगत देउजा | ५ |
| २ | अहिंसात्मक सामाजिक आन्दोलन | नरिराम लोहार | ७ |
| ३ | सामाजिक आन्दोलनमा अगुवा | विमल फुयाँल | १० |
| ४ | मुसहर समुदाय : गरिबीका मसिना पक्ष | प्राप्ति अधिकारी | ११ |
| ५ | पुनर्निर्माण : मूल मुद्दामा बेवास्ता | - | १३ |
| ६ | बिस्थापितको पुनर्बास अभियान | विश्वास नेपाली | १६ |




## अङ्क ४६ (भदौ, २०७४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि सुधारको बुझाइ | जगत बस्नेत | ५ |
| २ | बलदेवको आक्रोश | यज्ञश (साभार) | ७ |
| ३ | रामझुपडीका धनी बलदेव | माधव ढुङ्गेल (साभार) | ८ |
| ४ | अहिंसात्मक अभियन्ताको सम्झना | विश्वास नेपाली | १० |
| ५ | सङ्घर्षमा अविराम, बलदेव राम | नरिराम लोहार (साभार) | ११ |
| ६ | सपना पूरा गर्ने अठोट | सुष्मा न्यौपाने (साभार) | १२ |
| ७ | भूमि सुधार : चाहे स्थानीय सरकारले गर्न सक्छ | नरिराम लोहार | १६ |
| ८ | स्थानीय तहमा कृषि | - | १९ |
| ९ | मोही अभियान : सवल पक्ष, सिकाइ र चुनौती | शुभराज चौधरी | २१ |
| १० | मोही बाँडफाँट अभियान : अवसर र चुनौती | आशा घतानी | २२ |
| ११ | आफ्नै कामले उत्साह जाग्दैछ | रामकुमारी चौधरी | २६ |




## अङ्क ४७ (कात्तिक, २०७४)


| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | कमलु सदा, इयान कुर्दी र भुइयाँ | झलक सुवेदी | ५ |
| २ | किसान र भूमिको सम्बन्ध | रमेश खड्का | ११ |



| | | | |
|---|---|---|---|
| ३ | किसान को हुन् ? | पि.साइनाथ | १३ |
| ४ | बेवारिसे कृषि र निकम्मा नेतृत्व | कृष्णप्रसाद पौडेल | १६ |
| ५ | यी हुन् गरिबी निवारणका सूत्र | चिन्तन पौडेल | १८ |


### अङ्क ४८ (पुस, २०७४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमिमा महिला अधिकार : अवसर, चुनौती र आगामी कदम | कल्पना कार्की | ५ |
| २ | जग्गा नभई घर कहाँ बनाउने ? | जगत देउजा | ८ |
| ३ | किसानका लागि चुनावको अर्थ | चन्द्रकिशोर (साभार) | १० |
| ४ | महिला किसान र जलवायु अनुकूलन खेती | प्रज्ञा पोखरेल | १३ |
| ५ | सामूहिक स्वामित्वमा निजी जमिन | डा. सुरेश तामाङ | १७ |
| ६ | गाउँ हडप्न खोज्ने मुखिया | रेवतीरमण खनाल | २४ |
| ७ | सङ्कटमा कृषि भूमि | अमृता अनमोल | २५ |





### अङ्क ४९ (चैत, २०७४)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि व्यवस्थापनमा स्थानीय सरकारको जिम्मेवारी | जगत देउजा | ५ |
| २ | स्थानीय तह, भूमिहीन किसान र अपेक्षा | आशा विश्वकर्मा | ११ |
| ३ | गरिबको चमेली बोलिदिने कोही छैन | सुष्मा न्यौपाने | १३ |
| ४ | जनप्रतिनिधिले पाएको अवसर | पूर्ण सुनार | १५ |
| ५ | संयुक्त पुर्जा : महिलाको जीवनमा ऊर्जा | भाषा शर्मा | १७ |
| ६ | मोहीलाई अन्याय | - | २३ |
| ७ | मोही हक पाएपछि बन्यो संयुक्त पुर्जा | बनिलाल चौधरी | २५ |




### अङ्क ५० (असार, २०७५)

| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | भूमि सुधारको सन्दर्भ र आवश्यकता | जगत बस्नेत | ५ |
| २ | बेदर्ता मोहीको पक्षमा | विनोद गौतम | १० |
| ३ | आन्दोलनको दिगोपनाको रणनीति | कल्पना कार्की | १२ |
| ४ | बस्ती स्थानान्तरण | भोला पासवान | १४ |
| ५ | भूमि सम्बन्धलाई पुनः परिभाषित गर्न आवश्यक छ | चक्रपाणी खनाल (मन्तव्य) | २४ |
| ६ | भूमि नीति : सकारात्मक | दीपेन्द्रबहादुर क्षत्री (मन्तव्य) | २६ |
| ७ | नेपालमा जनमुखी भूमि शासनका लागि बहुसरोकारवाला मञ्च | - | २८ |
| ८ | भूमि सुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाइ | - | ३० |



## शब्द तस्बिर




हालसम्म प्रकाशित भएका केही भूमि अधिकार बुलेटिनहरू।